वर्ष ३५ द.नं.जि.का. काठमाडौं १४४।०३९।४० अंक ८२

लेखक एवं पाठकवर्गमा अनुरोध

१. लेखापरीक्षण पत्रिका अर्ध-वार्षिक रूपमा प्रकाशन गरिन्छ ।

२. यस पत्रिकामा लेखापरीक्षण, आर्थिक प्रशासन एवं सार्वजनिक प्रशासनसँग सम्बन्धित लेखहरु प्रकाशित गरिन्छ ।

३. पत्रिकाको लागि लेख रचना पठाउँदा ए-फोर **(A4);** साइजको कागजमा **(Preeti Font Size 14) / Times New Roman (Font size 12)** फन्टमा टाइप गरिएको ५ देखि ८ पृष्ठसम्मको हुनुपर्दछ ।

४. लेखकले लेखसँगै लेखको डिजिटल कपी बुझाउनु पर्नेछ ।

५. अन्यत्र प्रकाशित भैसकेका लेख रचनाहरु प्रकाशित गरिनेछैन ।

६. प्रकाशित लेखका लागि तोकिएको दरमा पारिश्रमिक उपलब्ध गराइनेछ ।

७. अस्वीकृत एवं कुनै कारणवश प्रकाशन नगरिएका लेखहरु फिर्ता गरिने छैन ।

८. पत्रिकामा प्रकाशित लेखहरुमा व्यक्त विचार सम्बन्धमा सम्पूर्ण दायित्व लेखकमा नै निहित हुनेछ । जसले कार्यालयको नीति एवं कामको आधिकारीक प्रतिनिधित्व गर्ने छैन ।

९. लेखापरीक्षण कार्यलाई उपयोगी हुने लेख रचनालाई प्रकाशनमा प्राथमिकता दिइनेछ ।

१०. पत्रिकामा प्रकाशित लेख तथा अन्य विषयमा पाठक प्रतिक्रियाको स्वागत गरिनेछ ।

११. पत्रिकाका लागि लेख निम्न ठेगानामा पठाउन सकिनेछ ।

फोन नं. : ४२६२३८१
४२६२४१५
४२६२६४९
फ्याक्स: ९७७-०१-४२६२७९८
इमेल: info@oag.gov.np
वेभसाईट: www.oagnep.gov.np
नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल :
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ ।

ISSN Number: 2505-0893

लेखापरीक्षण पत्रिका

वर्ष ३५, अंक ८२

वर्ष ३५ अंक ८२ असार, २०७३

लेखापरीक्षण
पत्रिका

A NEPALESE JOURNAL OF GOVERNEMT AUDITING



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ
नेपाल

संरक्षक



कार्यवाहक महालेखापरीक्षक
श्री सुकदेव खत्री

सम्पादक-मण्डल

संयोजक	श्री मोहदत्त तिमिल्सिना
सदस्य	श्री बामदेव शर्मा अधिकारी
कार्यकारी सम्पादक	श्री चन्द्र कान्त भण्डारी
सह–सम्पादक	श्री कुलचन्द्र भण्डारी

कम्प्युटर संयोजन/सेटिङ्ग
श्री मनोज कुमार श्रेष्ठ

ठेगाना :
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल ।

छपाई प्रति : ५००
शूल्क: १ प्रतिको रु ५०/-

Address :
Editorial Board
Nepalese Journal of Government Auditing
Office of the Auditor General
Babarmahal, Kathmandu, Nepal

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight contemporary issues relating to public financial management, public sector auditing and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send in thought-provoking and research oriented articles for the journal.

The opinion expressed in this journal are personal views of the writer. They do not reflect the policies and views of the Office of the Auditor General of Nepal.

The Journal is published twice a year.

Patron
Acting Auditor General Sukudev Khatry

Editorial Board

Mr. Mohadatta Timilsina	Co-ordinator
Mr. Bamdev Sharma Adhikari	Member
Mr. Chandra Kanta Bhandari	Executive Editor
Mr. Kulchandra Bhandrai	Co-editor

Computer Layout & Design
Mr. Manoj Kumar Shrestha

Published by:
Office of the Auditor General,
Babar Mahal, Kathmandu, Nepal.

Subscription Rate
Single Copy Rs.50/-

Printed Copies : 500

ISSN Number: 2505-0893

विषय सूची

सि.नं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१	शेयर विक्रीको लाभ कर	श्री वैकुण्ठ अधिकारी	१
२	सामाजिक उत्तरदायित्वका सैद्धान्तिक पक्ष	श्री घनश्याम पराजुली	१५
३	राजस्व चुहावटको कारण र नियन्त्रणका उपाय	श्री रमेश ढकाल	२२
४	नेपाल सार्वजनिक क्षेत्र लेखामान : एक परिचय	श्री हुमनाथ सुवेदी	३०
५	सार्वजनिक खरिद ऐन र नियमावलीमा रकम उल्लेख भएका प्रावधानहरु	श्री जनकराज गौतम	४३
६	नेपालको सार्वजनिक संस्थानको सुधारको मार्ग चित्र	श्री भुमिराज आचार्य	५१
७	नेपालमा वैदेशिक सहायताको महत्व समस्या तथा सुझाव	श्री गम्भीर बहादुर हाडा	६०
	English Section		
८	Follow-Up Audit	Ram Maya Kunwar	८१
९	SAI and its Role in Building a Robust National Integrity System	Chandrakanta Bhandari	९१
१०	IT Audit Process: Some Techniques	Ram Chandra Poudel	१०३
११	Country Transformation through the e-Governance	Dr. Suman Kumar Regmi	१०८
१२	अध्ययन भ्रमण प्रतिवेदन		१२३
१३	Operational Plan 2016-2020		१३५
	कार्यालय गतिविधिहरु		
१४	कार्यालय गतिविधिहरु		१७५

सम्पादकीय

कुनै पनि लोकतान्त्रिक समाजमा जनताबाट चुनिएका प्रतिनिधिहरुको राज्य सत्ता सञ्चालन गर्ने अधिकार पाएका हुन्छन् । यस अन्तर्गत राज्यले कानून बमोजिम उठाउने कर राजस्व, वैदेशिक सहायता मार्फत श्रोत साधन संकलन गर्दछ भने ती श्रोत साधनहरुलाई राष्ट्रिय प्राथमिकताको आधारमा वस्तु तथा सेवा प्राप्तीमा उपयोग गर्दछ । यसरी राज्यले जनताको तर्फबाट जनताकै लागि काम गर्दा उसलाई प्राप्त भएको कानूनी, राजनैतिक, आर्थिक अधिकारहरु विवेक समता रुपमा जवाफदेहिढंगले पारदर्शी तवरमा गर्नका लागि उपयुक्त व्यवस्थाहरु गर्नु पर्दछ । त्यसरी गरिएका व्यवस्थाहरुको आधारशिला प्रचलित कानूनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र अभ्यास बमोजिम तयार गरिए नगरिएको र ती व्यवस्थाहरु आधारशिलाको मर्म बमोजिम कार्यान्वयन भए नभएको सम्बन्धमा जाँच गरी राय सहितको प्रतिवेदन राष्ट्रपति मार्फत जन प्रतिनिधिहरुको संस्था व्यवस्थापिका संसदलाई उपलब्ध गराउनु महालेखापरीक्षकको प्रमुख कर्तव्य हो ।

यस्तो महत्वपूर्ण जिम्मेवारीमा रहेको महालेखापरीक्षकको कार्यालयले आफ्ना काम कर्तव्यहरुलाई व्यवस्थित गर्न उच्च गुणस्तरीय आचार संहिता लागू गर्नुपर्दछ भने कर्मचारीहरुलाई सक्षम बनाउन लेखापरीक्षणसँग सम्बन्धित मानदण्डहरु गाईड, म्यानुअल आदिलाई समय सापेक्ष अद्यावधिक गर्दै लैजाने र सो सम्बन्धमा व्यवस्थित रुपमा तालिम कार्यक्रमहरुको आयोजना गर्नु पर्दछ । साथै अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चहरुमा समय समयमा तालिम, गोष्ठी, सेमिनार तथा वैठकहरुमा सहभागी हुने मौका प्रदान गर्नु पर्दछ ।

यस कार्यालयको महत्व र आवश्कता अविछिन्न रुपमा रहन्छ भन्ने कुरा सदैव कायम राख्न आफ्नै कार्यालयले गरेका कार्यहरुलाई अझ बढी जवाफदेहि, पारदर्शी रुपमा गर्ने र उदाहरणीय व्यवहार पदर्शन गर्न अत्यावश्क हुन्छ ।

नयाँ संविधान लागू भएको र त्यसबाट कार्यालयको क्षेत्राधिकारमा वृद्धि भएको सन्दर्भमा र संघियता कार्यान्वयन गर्ने सन्दर्भ कार्यालयले स्पष्ट दृष्टिकोणका साथ अघि बढ्नु पर्ने अवस्था छ ।

यी सबै परिप्रेक्ष्यमा कार्यालयले सुधारका कार्यक्रमहरु तर्जुमा गर्ने र कार्यान्वयन गर्दै आईरहेको छ । लेखापरीक्षणलाई अझै बढी विश्वसनीय बनाउन कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजलाई सहभागि गराउन शुरु गरिएको छ । लेखापरीक्षणमान, गाईड, म्यानुअल जस्ता मार्गदर्शन प्रदान गर्ने दस्तावेजहरुलाई अन्तर्राष्ट्रियमान र अभ्यास अनुरुप अद्यावधीक गर्ने प्रयासहरु भएका छन् । कार्यालयको कामलाई व्यवस्थित गर्न सूचना प्रविधिको बढ्दो प्रयोग आवश्यक हुने कुरालाई मनन गरी नेपाल लेखपारीक्षण व्यवस्थापन प्रणाली र विद्युतिय कार्यपत्र लागू गर्ने क्रममा रहेकाछन् । सरोकारवालाहरु सँग सम्बन्धमा अभिवृद्धि गर्न नयाँ सञ्चार रणनीति लागू गर्ने क्रममा रहेको छ ।

कार्यालयबाट सम्पादन गरिने उल्लेखित यावत विषयहरुमा जानकारी दिने, लेखपारीक्षण र सार्वजनिक वित्तिय व्यवस्थापनका सम्बन्धमा खोजमूलक तथा नविनतम धारणहरुबारे विभिन्न विषयका

लेखहरु मार्फत जानकारी गराउन विगत ३४ वर्ष देखि वर्षको दुई पटक लेखापरीक्षण पत्रिका प्रकाशन गरिदै आएको छ । उक्त पत्रिकालाई अझ विश्वसनीय बनाउन यो अंक देखि International Standard Serial Number प्राप्त गरिएको छ । यसलाई अझ बढी विश्वनीय र उपायोगी बनाउन यहाँहरु सबैको सहयोग प्राप्त हुने विश्वास लिएका छौं ।

धन्यवाद

नेपाली खण्ड

शेयर विक्रीको लाभमा कर



✍ सिए. वैकुण्ठ अधिकारी
निर्देशक

विषय प्रवेश:

युरोप स्थित स्विडेनको टेलियासोनेरा (TeliaSonera) कम्पनीले नेपालको एनसेल (Ncell) प्राइभेट लिमिटेड कम्पनीमा लगानी गरेको ६०.४ प्रतिशत शेयर पूरै बेलायतको एक्सिअटा (Axiata) कम्पनीलाई अमेरिकी डलर १ हजार ३० मिलियनमा विक्री गर्ने र सिंगापुरको सी टेलिकम वा (SEA Telecom वा South East Asia telecom) प्रा.ली. कम्पनीले पनि NVcell मा लगानी गरेको १९.६ प्रतिशत शेयर एक्सिअटालाई नै अमेरिकी डलर ३३५ मिलियनमा बिक्री गर्ने भन्ने विषय टेलिसोनेराले प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गरेर एक्सिअटाको नाममा शेयर हस्तान्तरण गरिसकेको छ । एक्सिअटाले रेनोल्ड्स होल्डिङ्गस लिमिटेड (Reynolds Holdings Ltd.) को १००% शेयर खरिद गरेपछि उक्त होल्डिङ्गस मार्फत टेलियासोनेरा र सी टेलिकमको स्वामित्वमा रहेको एनसेल, एक्सिअटाको स्वामित्वमा हस्तान्तरण हुन जाने र नेपालका निरज श्रेष्ठको स्वामित्वमा रहेको Ncell को २०% शेयर पनि नेपालकै भावना सिंह श्रेष्ठलाई विक्री गरिने व्यहोरा टेलिसोनेराको प्रेस विज्ञप्तीमा उल्लेख गरेको थियो । यस सन्दर्भमा सञ्चार माध्यमहरुमा व्यापक चर्चा भयो । राजश्व प्रशासनको सकृयतामा हाल शेयर हस्तान्तरणको कारोवारमा लाग्ने कर वापत करिव रु १० अर्व अग्रिम करको रुपमा नेपाल सरकारलाई बुझाएको अवस्था छ र करदाताले अन्तिमरुपमा कर निर्धारण गरेर आय विवरण दाखिला गर्ने अवधि बांकी छ । यस बिषयमा आयकर ऐन, २०५८ को दफा २ (द) अनुसार एनसेल प्रा.ली. कम्पनीमा वासिन्दा तथा गैर वासिन्दाबाट लगानी गरेको हित वा सुरक्षण (share/ stock or securities) को विक्री वा निसर्ग भएको साथै दफा ५७ अनुसार ऐनसेलको नियन्त्रणमा परिवर्तन भएको छ । तर यो कारोवार भएपछि कर कसरी लगाउने, शेयरको अप्रत्यक्ष बिक्रीबाट प्राप्त हुने लाभमा कर लगाउन मिल्छ कि मिल्दैन, गैर वासिन्दा व्यक्तिहरु बीचको कारोवारमा नेपालमा लगानी गरेको कारणले प्राप्त गरेको लाभमा नेपालमा कर लगाउन हुन्छ कि हुदैन भन्ने प्रश्नहरु उव्जेको वा उव्जाइएको देखिन्छ । यस सन्दर्भमा सरोकारवालाहरु स्पष्ट हुनुपर्छ कि गैरवासिन्दा वा वासिन्दा जुनसुकै व्यक्तिले नेपालमा गरेको लगानी विक्री गर्दा प्राप्त हुने आय वा लाभमा आयकर ऐन अनुसार नेपालमा कर बुझाउनु पर्दछ ।

कर लगाउने स्पष्ट कानूनी व्यवस्था :

- आयकर ऐन, २०५८ को दफा ३ अनुसार कर योग्य आय हुने व्यक्ति (प्राकृतिक व्यक्ति वा निकाय) ले कर तिर्नुपर्छ ।

३. कर लगाउने : देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा यस ऐन बमोजिम कर लगाइ असूलउपर गरिनेछ :-

(क) कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति,

(ख) दफा ६८ को उपदफा (३) र (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैर-बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र

(ग) कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।

- दफा ५ र दफा ६ अनुसार लगानीबाट भएको आयमा कर लाग्छ ।

५. करयोग्य आय र आयका शीर्षकहरुको वर्गीकरण : कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आय सो वर्षमा देहायका प्रत्येक आयका शीर्षकहरुको निर्धारणयोग्य आयको कूल जम्मा रकमबाट दफा १२, १२ क वा ६३ वा तीनै बमोजिम कुनै दावी गरेको रकम भए सो रकम घटाई गणना गरिएको रकम बराबर हुने छ :- (क) व्यवसाय, (ख) रोजगारी, (ग) लगानी घ) आकस्मिक लाभ ।

६. निर्धारणयोग्य आय : यस ऐनको अधीनमा रही कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको देहायका आयलाई निर्धारण योग्य आय मानिनेछ :-

(क) बासिन्दा व्यक्तिको आयको स्रोत जहाँसुकै भएपनि सो वर्षमा सो व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय, र

(ख) गैर-बासिन्दा व्यक्तिको सो वर्षमा आयको स्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय ।

- वासिन्दा व्यक्तिको हकमा आयको श्रोत जहांसुकै भए पनि र गैर वासिन्दा व्यक्तिको हकमा आयको श्रोत नेपालमा भएको अवस्थामा नेपालमा कर लाग्दछ । ऐनको दफा २ (द) ले कुनै निकायमा रहेको हित वा सुरक्षण (Share /stock or securities) लाई गैर व्यवसायिक करयोग्य सम्पत्ति भनेको छ ।

२ (द) "गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-

(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,

(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन,

(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको र

(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको,

- सुरक्षण (share/ stock) व्यवसायिक नभएर गैर व्यवसायिक सम्पत्ति तथा करयोग्य सम्पत्ति हुन् भनेर स्पष्ट गरिएको छ । यी सम्पत्तिको निसर्गबाट प्राप्त हुने आय करयोग्य आय हुन भनिएको हो । ऐनको अनुसुची १ को दफा १(८) अनुसार गैर वासिन्दा प्राकृतिक व्यक्तिको करयोग्य आयमा २५% र सोही अनुसुचीको दफा २ (१) अनुसार कुनै निकाय (बासिन्दा वा गैर वासिन्दा जे होस्) को कर योग्य आयमा २५५ कर (खास रुपमा सोही दफामा फरक दर उल्लेख गरेका कार्य गर्नेलाई बाहेक) लाग्ने व्यवस्था छ ।

१. प्राकृतिक व्यक्तिको सम्बन्धमा : (८) गैर बासिन्दा प्राकृतिक व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा पच्चिस प्रतिशतका दरले कर लाग्नेछ ।
२. निकायको सम्बन्धमा : (१) यस दफाको उपदफा (२), (३), (४), (५) र (७) को अधीनमा रही कुनै आय वर्षमा कुनै निकायको करयोग्य आयमा पच्चीस प्रतिशतका दरले कर लाग्नेछ ।

नेपाल भित्र कारोवार सञ्चालन गर्ने र नेपालमा स्थापित कम्पनीमा शेयर लगानी गरेको कारणले शेयरको मूल्य बढ्न गएमा सो शेयर विक्रीबाट प्राप्त हुने आय वा लाभको श्रोत नेपाल नै हुन्छ । यस्तो अवस्थामा नेपालमा कर बुझाउनु पर्दछ । दोहोरो कर नलाग्ने अन्तराष्ट्रिय सम्झौता अनुसार गैर वासिन्दा व्यक्तिले नेपालमा तिरेको कर उक्त करदाता बासिन्दा भएको मुलुकमा लाग्ने जम्मा कर रकमबाट मिलान गर्ने सुविधा पाउंछ । लाभ प्राप्त गर्ने टेलीसोनेरा नर्वेको बासिन्दा भएको विभिन्न प्रकाशनवाट सार्वजनिक हुन आएको छ । नेपाल र नर्वे बीच दोहोरो कर नलगाउने सम्झौता (Double Tax Avoidance agreement) भएको छ । यो हिसावले नेपालमा तिरेको कर रकम करदाता वासिन्दा रहेको मुलुकमा मिलान गर्न पाउने सुविधा दोहोरो कर नलगाउने सम्झौताले प्रदान गर्दछ । नेपालको कम्पनीमा लगानी गरेको शेयर बेचेको कारण कसैले आय वा लाभ प्राप्त गर्दछ भने त्यो आय वा लाभको लागि बासिन्दा वा गैर वासिन्दा दुवै थरीलाई नेपालमा कर लाग्छ । नेपालको कम्पनीको शेयरमा लगानी वा सो शेयरको निसर्ग (यस लेखमा निसर्ग भन्नाले विक्री हो) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुनुसंग आयकर ऐनले कुनै विभेद गरेको छैन । मुख्य सरोकार भनेको आय वा लाभको श्रोतको मुलुक नेपाल हो होइन र आय वा लाभ करयोग्य हो होइन भन्ने कुरा मुल रुपमा रहेको छ । यदि आय वा लाभको श्रोतको मुलुक नेपाल हो र उक्त आय वा लाभ लाई स्पष्ट रुपमा कर लाग्नवाट छुट दिएको भनी कानुनले किटानी गरेकोमा बाहेक नेपालमा कर लाग्छ ।

कर छल्नको लागि जुनसुकै किसिमको भ्रम वा प्रबन्ध गर्नेहरुको आयमा कर लगाउनको लागि आन्तरिक राजश्व विभागलाई आयकर ऐन २०५८ को दफा ३५ ले पूर्ण अधिकार दिएको देखिन्छ । यस्तो अधिकार दिने कानूनलाई कर मुक्ति विरुद्धको सामान्य नियम अर्थात *General Anti-Avoidance Rule* (*GAAR*) भनिन्छ ।

३५. कर मुक्ति विरुद्धको सामान्य नियम : विभागले यस ऐन बमोजिम कर दायित्वको यकीन गर्ने प्रयोजनको लागि देहायका कुराहरु गर्न सक्नेछ :-
(क) कर मुक्ति योजनाको भागको रुपमा गरिएको वा गर्न खोजिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्न,
(ख) कुनै सारभूत आर्थिक असर नदेखाउने कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई वेवास्ता गर्न वा
(ग) सारभूततत्व नदेखाउने कुनै प्रबन्ध वा प्रबन्धको भागलाई पुनः चारित्रीकरण गर्न ।
स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "कर मुक्ति योजना" भन्नाले कर दायित्वबाट मुक्ति पाउने वा कर दायित्वमा कमी ल्याउने मुख्य उद्देश्य भएको कुनै प्रवन्ध सम्झनु पर्छ ।

भारतमा सन् २०१२ को मार्च पछि व्यवस्था गरेको यस्तो कानूनी प्रावधान भारतको आयकर ऐन १ ९६१ को परिच्छेद XA मा उल्लेख छ । नेपालको आयकर ऐन २०५८ मा भने सुरु देखि नै *GAAR* को प्रावधान मौजुदा रहेको देखिन्छ ।

द्विविधा सृजना गर्न सक्ने कानूनी प्रावधानहरु:

आयकर ऐन, २०५८ को दफा ६७ अनुसार गैर वासिन्दा व्यक्तिको नेपालको निकायमा रहेको हितलाई "नेपालमा रहेको सम्पत्ति" भित्र उल्लेख नगरेको कारणले सो हित निसर्ग वापत प्राप्त लाभको स्रोत नेपाल होइन, यसैले नेपालमा त्यस्तो लाभमा कर लगाउन मिल्दैन भन्ने कुरा पनि उठान हुन आयो । निश्चय पनि यस दफाले बासिन्दा व्यक्तिको सबैजसो आयलाई समेटेको देखिन्छ, तर गैर बासिन्दा व्यक्तिले नेपालको कुनै कम्पनीमा रहेको हित (Share/stock, securities) निसर्ग गरी प्राप्त गरेको आय वा लाभलाई भने समेटेको देखिदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि, -
(क) "नेपालमा रहेको सम्पत्ति" भन्नाले नेपालमा रहेका जग्गा जमीन वा भवनहरु तथा बासिन्दा व्यक्तिको कुनै विदेशी राष्ट्रमा रहेका जग्गा जमिन वा भवन बाहेकका सम्पत्ति वा सो व्यक्ति दफा ६९ बमोजिम नियन्त्रित विदेशी निकाय संग सम्बद्ध रहेमा सो निकायमा रहेको निजको हित समेत सम्झनु पर्छ ।
(ख) "नेपालमा बहन गर्नु पर्ने दायित्व" भन्नाले बासिन्दा व्यक्तिको दायित्व सम्झनु पर्छ ।

नेपालको कम्पनीमा रहेको गैर वासिन्दा व्यक्तिको हित निसर्ग गर्दा प्राप्त हुने लाभको श्रोतको मुलुक नेपाल होइन भनेर दफा ६७ मा र समग्र ऐनमा भनेको पनि छैन । कर लगाउंदा समग्र ऐनलाई हेर्नु पर्छ, दफा ६७ लाई मात्र हेरेर हुदैन । ऐनले स्पष्ट किटानी गरेर कर नलाग्ने भनेकोमा वाहेक नेपालमा स्रोत भएको सबै आयमा नेपालमा कर तिर्नुपर्ने हुन्छ । ऐनको दफा ५७ को नियन्त्रणमा परिवर्तन सम्वन्धि प्रावधान प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमको नियन्त्रणको सन्दर्भमा लागू हुन्छ । दफा ५७ ले विगत ३ वर्ष अघि सम्मको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएको अवस्थालाई

नियन्त्रणमा परिवर्तन हुने भनेको छ । नियन्त्रण वा स्वामित्व परिवर्तनलाई प्रत्यक्ष र अप्रत्यक्ष भनी छुट्याएर उल्लेख गरेको छैन । यसर्थ अप्रत्यक्ष रुपमा भएको स्वामित्व तथा नियन्त्रणलाई वेवास्ता गर्नुपर्ने र प्रत्यक्ष स्वामित्व वा नियन्त्रणलाई मात्र मान्यता दिनुपर्ने भन्ने खालको सीमितता दफा ५७ र समग्र ऐनले गरेको छैन । लेखाको सर्वव्यापी सिद्धान्त र कम्पनी कानून अनुसार पनि नियन्त्रण गणना गर्दा अप्रत्यक्ष नियन्त्रण समेत गणना गरिन्छ ।

५७. नियन्त्रणमा परिवर्तर्नन : (१) कुनै निकायको बिगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिनेछ ।

दफा ५२(१) अनुसार कर दाखिला गर्ने प्रयोजनको लागि निकाय र त्यसको हिताधिकारी छुट्टा छुट्टै रुपमा जिम्मेवार हुन्छन् । यसैले हित निसर्गको लाभमा लाभ प्राप्त गर्ने लगानीकर्तालाई कर लगाउने हो, हित लगानी रहेको निकायलाई कर लगाउन मिल्दैन ।

५२. निकायहरुका सम्बन्धमा लागू हुने करका सिद्धान्तहरु : (१) कुनै निकाय कर दाखिला गर्ने प्रयोजनको लागि त्यसको हिताधिकारीभन्दा छुट्टै रूपमा जिम्मेवार हुनेछ ।

यस्तो अवस्थामा हित निसर्ग गरेर प्राप्त भएको लाभ (Gain) मा लाभ प्राप्त गर्ने व्यक्ति (वासिन्दा वा गैर वासिन्दा) ले आयकर ऐन, २०५८ अनुसार कर बुझाउनुपर्दछ । अर्थात एनसेलमा लगानी गरेको शेयर विक्रीबाट लाभ पाउनेलाई कर लगाउने हो, यस्तोमा एनसेललाई कर लगाउने चांही होइन । कर दाखिला गर्नुपर्नेले कर नबुझाएमा आयकर ऐन लगायतका नेपाल सरकारका सबै कानूनी प्रावधान लागू गरेर थप शुल्क, व्याज र जरिवाना समेत असुल गर्नुपर्ने हुन्छ । गैर बासिन्दा व्यक्तिले नेपालको निकायमा रहेको आफ्नो हितको विक्री अर्को गैर बासिन्दा व्यक्तिलाई नेपाल बाहिर रहेर गरेको (त्यो पनि प्रत्यक्ष नभै अप्रत्यक्ष रुपमा गरेको) अवस्थामा भुक्तानीमा कर कट्टी गर्न ऐनको परिच्छेद १७ अनुसार मिल्दैन । त्यसैले कर कसरी लाग्छ र भन्ने कुराको पनि टिका टिप्पणी भएका छन् । बासिन्दा व्यक्तिले भुक्तानी गर्दा परिच्छेद १७ अनुसार स्रोतमा कर कट्टी गर्न सकिन्छ, तर गैर बासिन्दा व्यक्ति बीचको कारोवारमा यो परिच्छेद अनुसार नभै दफा २ (द) र अनुसुची १ अनुसार कर बुझाउनुपर्दछ । यसरी परिच्छेद १७ ले र समग्र ऐनले सरकार लाई कर लगाउन रोकावट गरेको छैन । करयोग्य आयमा लाग्ने कर बुझाउन कुनै करदातालाई रोकावट गरेको पनि छैन ।

परिच्छेदेद-१७ : भुक्तानीमा कर कट्टी
८७. रोजगारदाताबाट कर कट्टी : (१) प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्नेछ ।
८८. लगानी प्रतिफल र सेवा शुल्को भुक्तानी गर्दा कर कट्टी : (१) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।
८८ क. आकस्मिक लाभमा करकट्टी : (१) आकस्मिक लाभ बापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ ।
८९. ठेक्का वा करारको भुक्तानी गर्दा कर कट्टी : (१) बासिन्दा व्यक्तिले सामान्य बिमा प्रिमियम भुक्तानी वा ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल र कममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।

दोहोरो कर नलाग्ने अन्तराष्ट्रिय सम्झौता:

विभिन्न १० देशहरुसंग नेपालले दोहोरो कर नलाग्ने सम्झौता गरेको छ । यसै गरी नर्वेसंग पनि गरेको छ । हुन त टेलियासोनेराको website हेर्दा यो स्विडेनको निकाय रहेको देखिन्छ । तर पूंजी विश्लेषण वाट टेलियासोनेरा नर्वेको बासिन्दा हुनसक्ने भन्ने लेख पनि सार्वजनिक भएको छ । यदि नर्वेको बासिन्दा हो भन्ने ठहरिन गएमा आयकर ऐन, २०५८ को दफा ७३ बमोजिमको सुविधा टेलिसोनेराले पाउंदछ । यस्तो सुविधा अनुसार नेपालमा उसले तिरेको कर नर्वेमा तिर्नुपर्ने करमा कटाउन पाउदंछ । नेपालमा कुनै निकायमा रहेको हित निसर्ग गर्दा टेलिसोनेराले नेपालमा कर तिर्नुपर्दैन भन्ने कुराको उठान गर्नु यो दफा र समग्र आयकर ऐन सम्मत देखिदैन ।

७३. अन्तराष्ट्रिय सम्झौताहरु : (१) कुनै व्यक्तिको कुनै आयमा यस ऐन वा प्रचलित कानुन बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही आयमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने यस्तो दोहोरो कर नलाग्ने गर्न नेपाल सरकारले विदेशी सरकारसित अन्तर्राष्ट्रिय सम्झौता गर्न सक्नेछ ।
(२) नेपालसंग सम्पन्न भएका कुनै अन्तर्राष्ट्रिय सम्झौता बमोजिम अर्को देशको सक्षम अधिकारीले सो अर्को देशको कर कानुन अन्तर्गत कुनै बक्यौता राख्ने व्यक्तिले बुझाउनु पर्ने रकम नेपालमा संकलन गरि दिन विभागलाई अनुरोध गरेको अवस्थामा यो उपदफा लागू हुनेछ ।
(३) उपदफा (२) लागू हुने अवस्थामा विभागले सो सक्षम अधिकारीलाई सो रकम पठाउने प्रयोजनको लागि कर बक्यौता राख्ने सो व्यक्तिलाई लिखित रूपमा सूचना गरी सो सूचनामा उल्लेख गरिएको मिति भित्रमा त्यस्तो रकम विभागमा दाखिला गर्न लगाउन सक्नेछ ।
(४) कुनै अन्तर्राष्ट्रिय सम्झौतामा नेपालले आय वा भुक्तानीमा छुट दिनु पर्ने वा आय वा भुक्तानीमा कर को घटाइएको दर लगाउनु पर्ने गरी व्यवस्था गरिएको भएमा यो उपदफा लागू हुनेछ ।

(५) उपदफा (४) लागू भएको अवस्थामा देहाय बमोजिमको कुनै निकायलाई कर छुट वा कर कट्टीको सुविधा उपलब्ध हुने छैन :-
(क) सो सम्झौताको प्रयोजनको लागि सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको बासिन्दा मानिने निकाय, र
(ख) सो निकायको निहित स्वामित्वको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा प्राकृतिक व्यक्तिहरुद्वारा वा कुनै प्राकृतिक व्यक्तिको हित नरहेको निकायहरुद्वारा ग्रहण गरिएको, र सो सम्झौताको प्रयोजनको लागि सो व्यक्तिहरु वा निकायहरु सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको वा नेपालको पनि बासिन्दा नभएको ।
स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय सम्झौता" भन्नाले देहायको व्यवस्था गर्ने कुनै विदेशी सरकारसंग सम्पन्न गरिएको नेपालको हकमा लागू भएको कुनै सन्धि वा सम्झौता सम्झनु पर्छ :-
(क) दोहोरो करबाट मुक्ति दिने र वित्तीय छल निरोध गर्ने, वा
(ख) कर दायित्वको कार्यान्वयनमा पारस्परिक प्रशासनिक सहायता प्रदान गर्ने ।

स्विडेन र सिंगापुरसंग भने नेपालले हालसम्म दोहोरो कर नलाग्ने सम्झौता गरेको छैन । यसैले स्विडेन र सिंगापुरका बासिन्दासंग नेपालको स्रोतबाट प्राप्त हुने आय वा लाभमा कर असुल गर्दा कुनै सम्झौता हेर्नु परेन । नेपाल र नर्वे विच दोहोरो कर नलाग्ने सम्झौता १३ मे १९९६ देखि भएको हो । दोहोरो कर नलगाउन र आय तथा पूंजीको करमा हुने वित्तीय छलकपटलाई रोक्नको लागि यस्तो सम्झौता भएको व्यहोरा सम्झौताको पहिलो पृष्ठमा उल्लेख छ । कुनै व्यक्ति (प्राकृतिक व्यक्ति वा निकाय) लाई कर योग्य आय वा लाभमा तिर्नुपर्ने करबाट मुक्ति दिलाउनको लागि यस्तो सम्झौता भएको होइन भन्ने कुरा स्पष्ट छ । सम्झौताको दफा १३ अनुसार पूंजीगत लाभकरलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा उल्लेख छ । सो अनुसार अचल र चल सम्पत्ति (immovable and movable property) को स्वामित्व हस्तान्तरणमा हुने लाभलाई कुन देशमा कर लाग्ने भन्ने सम्वन्धमा व्यवस्था छ । साथै दफा १३ (५) मा भनिएको छ कि दफा १३ भित्रका अन्य बुंदाहरुमा उल्लेख नभएका सम्पत्तिमा हुने लाभ लाई सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्ने व्यक्ति बासिन्दा भएको देशमा मात्र कर लगाइनेछ ।

Article 13: CAPITAL GAINS

1. Gains derived by a resident of a Contracting State from the alienation of immovable property referred to in Article 6 and situated in the other Contracting State may be taxed in that other State.

2. Gains from the alienation of movable property forming part of the business property of a permanent establishment which an enterprise of a Contracting State has in the other Contracting State or of movable property pertaining to a fixed base available to a resident of a Contracting State in the other Contracting State for the purpose of performing independent personal services, including such gains from the alienation of such a permanent establishment (alone or with the whole enterprise) or of such fixed base, may be taxed in that other State.

3. Gains from the alienation of ships or aircraft operated in international traffic, or movable property pertaining to the operation of such ships or aircraft shall be taxable only in the Contracting State in which the profits of the enterprise are taxable according to Article 8 of this Agreement.

4. Gains derived by an enterprise of a Contracting State from the alienation of containers (including trailers and related equipment for the transport of containers) used for the transport of goods or merchandise shall be taxable only in that Contracting State, except insofar as those containers or trailers and related equipment are used for transport solely between places within the other Contracting State.

5. Gains from the alienation of any property other than those referred to in the preceding paragraphs shall be taxable only in the Contracting State of which the alienator is a resident.

नर्वे संगको सो सम्झौता अनुसार नेपालको कम्पनीमा लगानी गरेको शेयर विक्री गर्ने गैर बासिन्दालाई नेपालमा कर लगाउन नमिल्ने हुंदा टेलिसोनेरालाई नेपालमा कर लगाउन नमिल्ने तर्क पनि सार्वजनिक भएको देखियो । जवकि दफा १३ भित्रका कुनै पनि वुंदामा कस्तो शेयर वा सेक्युरिटिज विक्री गर्दा हुने लाभमा कुन देशमा कर लगाउने भन्ने बारेमा केही उल्लेख छैन । शेयर वा सेक्युरिटिज बाहेकका सम्पत्तिको हस्तान्तरण गर्दा हुने लाभमा लगाउने कर बारेमा मात्र उल्लेख छ । यसरी सम्झौता मा स्पष्ट उल्लेख नभएको तर सम्झौताले किटानी साथ कर लगाउन नरोकेको विषयसंग सम्वन्धित आय वा लाभमा नेपालको कानून अनुसार कर बुझाउनु पर्ने देखिन्छ । किन कि अन्तर्राष्ट्रिय सम्झौताको उद्देश्य दोहोरो कर नलगाउन र कर सम्वन्धी वित्तीय छलकपट रोक्नको लागि हो । कसैलाई करयोग्य आयमा कर नलगाई उन्मुक्ति दिनको लागि होइन । वित्तीय छलकपट रोक्ने विषयमा सम्झौताकर्ता देशहरुले एक आपसमा सहयोग गर्दछन् । किनभने यस्ता सम्झौताको उद्देश्य करदायित्वको कार्यान्वयनमा पारस्परिक सहायता प्रदान गर्नु पनि हो । २ फेब्रुवरी १९९८ देखि नेपाल र थाइलैण्ड बीच भएको दोहोरो कर नलाग्ने सम्झौताको दफा १३ (४) मा शेयर तथा सेक्युरिटीजको विक्री तथा हस्तान्तरणमा कर लगाउन दुवै

देशलाई कुनै बाधा नपर्ने उल्लेख छ ।

Article 13: CAPITAL GAINS

1. Gains derived by a resident of a Contracting State from the alienation of immovable property referred to in Article 6 and situated in the other Contracting State may be taxed in that other State.

2. Gains from the alienation of movable property forming part of the business property of a permanent establishment which an enterprise of a Contracting State has in other Contracting State or of movable property pertaining to a fixed base available to a resident of a Contracting State in the other Contracting State for the purpose of performing independent personal services, including such gains from the alienation of such a permanent establishment (alone or with the whole enterprise) or of such a fixed base, may be taxed in that other State.

3. Gains derived by an enterprise of a Contracting State from the alienation of ships or aircraft operated in international traffic or movable property/pertaining to the operation of such ships or aircraft, shall be taxable only in that State.

4. Gains from the alienation of any property other than that referred to in paragraphs 1,2and 3 of this Article and paragraph 3 of Article 12, shall be taxable only in the Contracting State of which the alienator is a resident. Nothing in this paragraph shall prevent either Contracting State from taxing the gains or income from the sale of transfer of shares or other securities.

पाकिस्तान र नेपाल बीच २५ जनवरी २००१ देखि भएको दोहोरो कर नलाग्ने सम्झौताको दफा १३ को बुंदा ४ र ५ मा कस्तो शेयर विक्री गर्दा कुन देशमा कर लगाउने भन्ने उल्लेख छ । जस अनुसार कुनै कम्पनीको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्ततः अचल सम्पत्ति समावेश रहेको शेयर विक्री गर्दा हुने लाभमा सम्पत्ति भएको देशमा कर लाग्ने उल्लेख छ । साथै २५ प्रतिशत वा सो भन्दा बढी शेयर विक्री गर्दा हुने लाभमा कम्पनी जुन देशको वासिन्दा हुन्छ त्यो देशमा कर लाग्ने उल्लेख छ ।

Article 13: Capital Gains

1. Gains derived by a resident of a Contracting State from the alienation of immovable property referred to in Article 6 and situated in the other Contracting State may be taxed in that other State.

2. Gains from the alienation of movable property forming part of the business property of a permanent establishment which an enterprise of a Contracting State has in the other Contracting State or of movable property pertaining to a fixed base available to a resident of a Contracting State in the other Contracting State for the purpose of performing independent personal services, including such gains from the alienation of such a permanent establishment (alone or with the whole enterprise) or of such fixed base, may be taxed in that other State.

3. Gains derived by a resident of a Contracting State from the alienation of ships or aircraft operated in international traffic or movable property pertaining to the operation of such ships or aircraft, shall be taxable only in that State.

4. Gains from the alienation of shares of the capital stock of a company the property of which consists directly or indirectly principally of immovable property situated in a Contracting State may be taxed in that State.

5. Gains from the alienation of shares other than those mentioned in paragraph 4 representing a participation of 25 per cent or more in a company which is a resident of a Contracting State may be taxed in that State.

6. Gains from the alienation of any property other than that referred to in paragraph 1,2,3,4 and 5 shall be taxable only in the Contracting State of which the alienator is a resident.

नेपाल र चीन बिच १४ मे २००१ देखि भएको दोहोरो कर नलाग्ने सम्झौताको दफा १३ को बुंदा ४ र ५ मा पनि पाकिस्तानसंग भएको सम्झौताकै व्यहोरा उल्लेख छ । ५ अक्टुवर २००१ देखि नेपाल र गणतन्त्र कोरिया बीच भएको दोहोरो कर नलाग्ने सम्झौताको दफा १३ (४) अनुसार कुनै कम्पनीको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्ततः अचल सम्पत्ति समावेश हुने शेयर विक्री गर्दा हुने लाभमा सम्पत्ति भएको देशमा कर लाग्ने प्रावधान उल्लेख छ ।

Article 13: CAPITAL GAINS

1. Gains derived by a resident of a Contracting State from the alienation of immovable property referred to in Article 6 and situated in the other Contracting State may be taxed in that other State.

2. Gains from the alienation of movable property forming part of the business property of a permanent establishment which an enterprise of a Contracting State has in the other Contracting State or of movable property pertaining to a fixed base available to a resident of a Contracting State in the other Contracting State for the purpose of performing independent personal services, including such gains from the alienation of such a permanent establishment (alone or with the whole enterprise) or of such a fixed base, may be taxed in that other State.

3. Gains from the alienation of ships or aircraft operated in international traffic or movable property pertaining to the operation of such ships or aircraft shall be taxable only in the Contracting State in which the place of head office or of effective management of the enterprise is situated.

4. Gains from the alienation of shares of the capital stock of a company the property of which consists directly or indirectly principally of immovable property situated in a Contracting State may be taxed in that Contracting State.

5. Gains from the alienation of shares other than those mentioned in paragraph 4 representing a participation of at least 25 per cent in a company which is a resident of a Contracting State may be taxed in that State.

6. Gains from the alienation of any property other than that referred to in paragraphs 1 to 5, shall be taxable only in the Contracting State of which the alienator is a resident.

कस्तो शेयर विक्रीको लाभमा कुन देशमा कर लगाउने भन्ने सम्वन्धमा सम्झौतामा स्पष्ट रुपमा उल्लेख गरेको अवस्थामा शेयरसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्तत: अचल सम्पत्ति समावेस भएको शेयर विक्री गर्दा हुने लाभमा सम्पत्ति भएको देशमा कर लाग्ने (Gains from the alienation of shares of the capital stock of a company the property of which consists directly or indirectly principally of immovable property situated in a contracting state may be taxed in that state) उल्लेख छ । यहां मूख्य रुपमा भुल्नै नहुने कुरा के छ भने "प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्तत: अचल सम्पत्ति समावेश भएको " अथवा कुनै सम्झौता वा कानूनमा उल्लेख भएको कुराले समेट्न नसकेको भएता पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्तत: अचल सम्पत्ति (directly or indirectly principally of immovable property) समावेस भएको अवस्थामा त्यस्तो खालको शेयर हस्तान्तरणमा भएको लाभ लाई सम्पत्ति भएको देशमा कर लगाउने भनिएको छ । यसरी "प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिद्धान्तत:" भन्ने भनाइलाई मनन गर्दा जुनसुकै किसिमले र नेपालमा कारोवार गर्ने नेपालकै कम्पनीमा गरेको शेयर लगानीलाई "नेपालमा रहेको सम्पत्ति" नमान्नु पर्ने आधार देखिदैन । शेयर लगानीको प्रमाणपत्र जहां जो सुकैसंग जो सुकै मार्फत जुनसुकै नाम धारणको अबस्थामा रहेको भएपनि लगानी नेपालमा भएको हो होइन भन्ने चाहीं महत्वपूर्ण हुन्छ । शेयर विक्रीमा हुने लाभमा कर लगाउने सम्वन्धमा स्पष्ट व्यवस्था भएका सम्झौताले शेयर रहेको कम्पनी बासिन्दा भएको देशमा कर लगाउने कुरालाई विशेष महत्व दिएको छ । शेयर विक्रीमा हुने लाभलाई कर लगाउने सम्वन्धमा मौन रहेको सम्झौताले भने सम्वन्धित देशको कानून अनुसार कर लगाउन बाटो बन्द गरेको छैन । कुनै कानून वा सम्झौताले स्पष्ट किटानी नगरेको विषयवस्तुलाई त्यो कानून वा सम्झौताले वन्देज लगाएको हो भन्न मिल्दैन बरु त्यस्तो विषयवस्तु प्रचलित कानून र सिद्धान्त अनुसार गर्नको लागि बाटो खुल्ला गरेको हो भनेर वुझ्नुपर्ने कुरामा सरोकारवाला सबै सजग रहनु पर्दछ ।

भोडाफोन संगको तुलना:

Hutchison Telecommunications International Limited, Cayman Islands (HTIL) ले CGP Investment (Holdings) Ltd., Ceymen Islands मार्फत भारतको Hutchison Essor Limited (HEL) मा प्रत्यक्ष र अप्रत्यक्ष गरी ५२% शेयर लगानी गरेकोमा HTIL ले CGP को पुरै शेयर लगानी Vodafone International Holdings BV Netherlands (VIH) लाई बिक्री गर्दा प्राप्त लाभमा HEL

को शेयर बिक्रीमा भएको लाभ सरह मानी भारतको आयकर ऐन, १९६१ अनुसार भुक्तानीमा असुल गर्नुपर्ने अग्रिम कर तिराउन भारतीय कर अधिकारी (Indian Tax Authorities) ले Vodafone माथी कारबाही अघि बढाएको थियो । त्यसमा बम्वई उच्च अदालतले भारतीय कर अधिकारीको पक्षमा सन् २०१० मा निर्णय दिएको थियो । पछि भारतीय सर्वोच्च अदालतबाट २०१२ मा त्यो निर्णय उल्ट्यो र फैसला Vodafone को पक्षमा गयो । भारतमा रहेको सम्पत्तिको कारण भारत बाहिरको कुनै कम्पनीको शेयरको मूल्य प्रत्यक्ष वा अप्रत्यक्ष तवरले उल्लेखनीय रुपमा कायम हुन गएमा त्यसलाई भारतको सम्पत्तिबाट भएको सम्झनुपर्ने गरी भारतको आयकार ऐन, १९६१ को दफा ९ मा (Explanation 5 – For the removal of doubt it is hereby clarified that an asset or a capital asset being any share or interest in a company or entity registered or incorporated outside India shall be deemed to be and shall always be deemed to have been situated in India , if the share or interest derives directly or indirectly its value substantially from the assets located in India) हाल स्पष्ट गरिएको छ । यसरी के बुझिन्छ भने कानून अनुसार भारतमा यस्तो कारोवारमा कर लाग्ने नै थियो तर द्विविधा हटाउनको लागी स्पष्टीकरण थपिएको मात्र हो । हामीले ध्यान दिनुपर्ने कुरा के छ भने भारतीय आयकर ऐनको दफा ९ ले जस्तो गैर बासिन्दा व्यक्तिद्वारा नेपालको कुनै कम्पनीमा रहेको हितलाई भने आयकर ऐन, २०५८ को दफा ६७ ले समेटेको देखिदैन । भारतीय आयकर ऐनको दफा ९ मा पछि थपिन आएको जस्तो स्पष्टता पनि नेपालको आयकर ऐन, २०५८ को दफा ६७ मा छैन । तर यस्तो कारोबार को लाभमा कर लगाउन नमिल्ने गरि बन्देज नै भएको चांही होइन । भारतीय आयकर ऐनको दफा ९ मा पहिले देखि रहेको र द्विविधा हटाउनको लागी पछि थप गरिएको तर हामीकहांको संग मिल्दो जुल्दो ऐनको प्रावधान प्रति अव भारतबाट सिकेर पनि हामीले द्विविधा मान्न नपर्ने अवस्था भैसकेको छ । किन कि कुनै देशको कानूनले किटानी साथ बन्देज नलगाएको तर स्पष्ट गर्न नसकेको बिषयमा छिमेकी देशको कानून र प्रचलित सिद्धान्तको आधार लिनुपर्ने विश्वव्यापी मान्यता रहि आएको छ । साथै आयकर ऐन, २०५८ को दफा २ (द) मा स्पष्ट उल्लेख भएको कुरामा ध्यान नदिएर बिषय प्रसंग अन्यत्र लैजाने र टेलियासोनेरा लगाएतलाई कर दायित्वबाट मुक्ति दिने अनि सरकारी राजस्वमा हुनुपर्ने फाइदा गुमाउने अवस्था रोक्न सरोकारवालाहरु सधै सजग हुनुपर्दछ । कर छल्न खोज्नेहरु भारतीय आयकर ऐनको दफा ९ को हालको स्पष्टिकरण उल्लेख गर्नुपूर्वको प्रावधान र नेपालको आयकर ऐनको दफा ६७ को हालको साद्विदक अर्थमा सिमितता तथा भोडाफोनको कुरा एवं भारतीय सर्वोच्च अदालतको फैसलालाई बढि महत्व दिन सक्छन । २०१६ को मध्य सम्ममा शेयर हस्तान्तरणको कार्य सम्पन्न भैसक्ने व्यहोरा टेलिसोनेराले आफ्नो वेभसाइटमा व्यक्त गरेको थियो । नेपालको व्यवस्थापिका संसदबाट आयकर ऐन, २०५८ को दफा ६७ मा संसोधन गरी भारतको आयकर ऐनको दफा ९ मा उल्लेख गरेको जस्तै खालको व्यहोरा राख्न सकेमा बिना बिबाद ठुलो रकम कर असुली हुन गै यस्ता अप्रत्यक्ष शेयर बिक्रीको कारोवारमा कर छल्न खोज्ने प्रवृति सजिलै पराजित हुने देखिन्छ ।

भारतीय कर अधिकारीले लाभ प्राप्त गर्नेसंग नभएर भुक्तानी गर्नेसंग कर असुल गर्न खोजेका थिए ।

नेपालमा अक्सिअटासंग होइन कि टेलियासोनेरा र सी कम्पनीसंग कर असुल गर्नुपर्दछ । गैर बासिन्दाले मध्यस्थ कम्पनी मार्फत भारतको कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ५२% शेयर लगानी गरेको आधार लिएर भारतीय सर्वोच्च अदालतले भारतको कर अधिकारीको विपक्षमा फैसला गरेको देखिन्छ । तर नेपालमा उक्त ५२% को सट्टा ८० % शेयर लगानी गैर बासिन्दाको छ । अझ गैर बासिन्दा कम्पनीको सम्वद्व व्यक्ति निरज श्रेष्ठको समेत जोड्दा यो १०० % नै हुन्छ । भारतीय सर्वोच्च अदालतको फैसला अनुसार भारतीय कम्पनीमा रहेको लगानीको भागको स्पष्ट मूल्य खुल्न नसकेको आधार लिएर पनि कर अधिकारीलाई हराएको देखिन्छ । तर नेपालको एनसेलको सम्वन्धमा एनसेलको शेयरको नाम किटेर मूल्यांकन गरेको व्यहोरा टेलिसोनेराको आधिकारिक प्रेश विज्ञप्तीमा स्पष्ट उल्लेख गरेको छ । भारतीय सर्वोच्च अदालतको २०१२ को फैसलापछि भारतमा पहिले देखि रहि आएको कानूनी व्यवस्था अनुसार पनि यस्तो कारोवारमा कर लगाउनु पर्ने नै थियो र कर लगाउनु पर्ने नै हो तर द्विविधा श्रृजना हुन गएकोले अन्यथा व्याख्या अव नहोस भनेर स्पष्टीकरण थपेको हो भन्ने आसय खुल्ने स्पष्टीकरण थप गरेको देखिन्छ । भारतीय सर्वोच्च अदालतको फैसलाको आधार भन्दा नेपालको एनसेलसंग सम्वन्ध राख्ने शेयर कारोवारको अवस्था र नेपालको आयकर ऐनको दफा २ (द) को प्रावधान दह्रो गरी आन्तरिक राजस्व विभागको अधिकारको पक्षमा रहेको देखिन्छ । भारतमा स्पष्ट कानूनी व्यवस्था गरेको र हाल आएर द्विविधा हटाइसकेको तर उस्तै प्रकारको कारोवारमा नेपालमा चाहीं कर लगाउन द्विविधा मान्नुपर्ने भन्ने सोचाई राख्नु हुदैन । मौजुदा आएकर ऐन, २०५८ को दफा २ (द) को आधारमा हाल सो ऐन अनुसार कर लगाउन सकिन्छ तर थप स्पष्टीकरण दिने वाक्य दफा ६७ मा यथासिघ्र उल्लेख गरेमा यस्तो कारोवारमा कर छल्न खोज्ने प्रवृतिको तुरुन्त र स्थायी रुपमा अन्त्य गर्न सकिन्छ । विश्वका कुनै पनि देशको अध्ययनबाट नेपालले ज्ञान लिने हो तर हुबहु त्यसको नक्कल गर्न कदापी मिल्दैन । नेपालबाट पनि अन्य देशले ज्ञान लिन लायकको निर्णय गर्न नेपालका कर विज्ञहरु सक्षम हुनसक्छन् भन्ने कुरा पनि मनन् गर्नुपर्दछ ।

निचोड:

यसैले कानूनी प्रावधानले किटानी साथ उल्लेख वा बन्देज वा सीमित गरेको अवस्थामा वाहेक कर लगाउन मौजुदा कानूनको समग्र सोच, कानूनी सिद्धान्त र छिमेकी देशको कानून समेतलाई आधार लिन सकिन्छ । शेयर वा सेक्युरीटिजको विक्रीमा हुने लाभमा कर लगाउदा प्रत्यक्ष अप्रत्यक्ष सवै किसिमको र कानूनी आधारका अलावा सिद्धान्तत: त्यो कस्तो खालको सम्पत्तिसंग सम्वन्धित शेयर हो भनेर हेर्नुपर्दछ । यसैले एनसेलको शेयर विक्री कारोवारमा लाभ प्राप्त गर्नेले आयकर ऐन, २०५८ अनुसार नेपालमा कर बुझाउनु पर्दछ र नेपाल सरकारले कर असुल गर्नुपर्दछ । कुनै कम्पनीलाई नियन्त्रण गर्ने गरी वा एक वर्ष भन्दा वढी लगानी गर्ने उद्देश्यले शेयरमा लगानी गरेकोमा त्यो शेयर लेखाको सिद्धान्त अनुसार पनि शेयर लगानीकर्ताको चालु सम्पत्ति (current Asset) अन्तर्गत नपरेर गैर चालु सम्पत्ति (Non current asset) अन्तर्गत पर्दछ, जस अनुसार सो शेयरको सम्वन्ध नेपालमा रहेको र नेपालबाट अलग गरेर हेर्दा अस्तित्वहिन हुने अचल सम्पत्ति (immovable property) संग हुन्छ । अनि नेपालको कम्पनीमा लगानी गरेको कारणले

शेयरको मूल्य बढेर शेयर विक्रीमा ठूलो रकम लाभ हुनु भनेको नेपालमै रहेको उक्त सम्पत्तिको मूल्य बढेर भएको हो, नेपालमा गरेको कारोवारबाट आर्जित ख्याती (Goodwill) र मुनाफाको कारण हो । शेयर बिक्रीमा लाभ पाउनेले नै कुन देशको कस्तो श्रोतको कारण कति पाउन लागेको भन्ने कुरा किटानी गरेर बताइसकेको कुरा टेलिसोनेराको आधिकारिक प्रेश बिज्ञप्तीले पुष्टी गरेको देखिन्छ । यसैले हाम्रो देशका विज्ञहरुको ध्यान यसतर्फ जानु पर्दछ कि उक्त आयको स्रोत देश नेपाल हो । टेलिसोनेराले एनसेलको शेयर विक्री गर्नु भनेको उसले नेपालमा गरेको लगानी बेच्नु हो अर्थात् नेपालमा रहेको सम्पत्ति (Property in Nepal) वेच्नु हो । शेयर प्रमाण पत्रको हस्तान्तरण गर्ने कार्य जुनसुकै मुलुकमा गर्नुले र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा तथा जुनसुकै नाम धारणको अवस्थामा गर्नुले तिनुपर्ने करमा सारभूत असर पर्ने देखिदैन । नेपालमा रहेको, नेपालसंग जोडिएको, नेपालबाट अलग्याएर मूल्याङ्कन गर्दा अर्थहिन हुने र नेपालमा सञ्चालन भएकै कारणले कमाएको ख्याती जोडिएर अति उच्च मूल्यांकन हुन गएको सम्पत्ति विक्री हुंदा प्राप्त हुने लाभमा नेपालमा कर नलाग्ने भन्ने तर्कको उठान हुनुको पछाडी वित्तीय छलकपटको अवस्था रहेको हुन्छ । यस्तो अवस्थालाई कर कानून र करसंग सम्वन्धित सबै अन्तराष्ट्रिय सम्झौताले निरुत्साहित गर्नुपर्छ र गर्ने गरेको पनि पाइन्छ ।

यस सम्वन्धमा राजश्व प्रशासनले लाभकर असुल गर्न पत्राचार गरेपछि केही रकम अग्रिम करको रुपमा दाखिला गरेको विषय सराहनिय छ । बांकी कर रकम समयमै निर्धारण तथा असुली हुनुपर्दछ । साथै कर कानूनलाई समयानुकूल थप स्पष्ट र सरल बनाउदै जानु पर्ने विषयमा भने राज्य लगायतका सरोकार वाला सबैको ध्यान जानै पर्दछ ।

सन्दर्भ सामाग्री:

१. आयकर ऐन, २०५८

२. दोहोरो कर नलाग्ने सम्झौता, आन्तरिक राजश्व विभाग

३. टेलिसोनेराको वेबसाइट

४. भोडाफोन केसको निचोड, मयुर वत्र एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट, दिल्ली

५. आयकर ऐन १९६१ नयाँ प्रावधान सहित, भारत

सामाजिक उत्तरदायित्वका सैद्धान्तिक पक्ष

✍ **घनश्याम पराजुली**
निर्देशक

परिचय

सार्वजनिक प्रशासनमा सामाजिक वातावरणको प्रभाव पार्ने हुँदा यसले समाजका आवश्यकता पुरा गर्नु पर्ने, समाजप्रति जवाफदेही रहनु र समाजको चाहाना अनुरुप कार्य सम्पादन गर्नु पर्दछ। परम्परागत रुपमा आपूर्ति पक्ष अर्थात राजनीतिक प्रणाली, प्रशासनिक कार्यविधि, लेखापरीक्षण एवं कानून कार्यान्वयन गराउने निकाय मार्फत जवाफदेहिता प्रबर्द्धन गर्ने गरिएकोमा पछिल्लो समयमा माग पक्ष अन्तरगत नागरिकका क्षमता र आवाज सुदृढिकरणमा जोड दिइएको पाइन्छ। यस अन्तर्गत सेवा प्रदायकलाई सोझै नागरिक प्रति उत्तरदायि बनाउने प्रयास गरिएको छ। जनतालाई निर्णय प्रकृया, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सहभागी गराउने, जनचाहनालाई सम्बोधन गर्दै चाख वा हितलाई ध्यान दिने, जनताबाट मूल्यांकन गराउने माध्यम सामाजिक उत्तरदायित्व हो। जनचाहनालाई प्रभावकारी रुपमा सम्बोधन गर्ने, सो अनुरुप नीति, रणनीति, कार्यक्रम, कृयाकलाप र साधन स्रोत परिचालन गराउने आधार नै सामाजिक उत्तरदायित्व हो। Keith Davis and Robert L. Blomstrom को भनाईमा Social Responsibility is the obligation of decision makers to take actions which protect and improve the welfare of the society as a whole along with their own interests. त्यसै गरी विश्व बैंकका अनुसार Social accountability refers to the broad range of actions and mechanisms that citizens can use to hold the state to account as well as actions on the part of government, civil society, media and other actors that promote or facilitate these efforts.

उपरोक्त परिभाषा समेत विचार गर्दा सार्वजनिक निकायका पदाधिकारीहरुले सम्पादन गरेका कार्य एवं प्राप्त उपलब्धिका सम्बन्धमा सरोकारवालाले जानकारी माग गर्ने तथा सो को पुष्टी गर्ने प्रकृया नै सामाजिक उत्तरदायित्व हो।

महत्व

सामाजिक उत्तरदायित्वको प्रावधानले शासन व्यवस्थामा सुधार अन्तर्गत सरकारको विश्वसनीयता र बैधता सुदृढ हुने, सरकारको लोकप्रियता बढाई जन सर्मथन बढाउने, सेवा प्रवाहमा सक्षमता ल्याउने नागरिक सहभागिता बढाउने, महिला, गरिब तथा बहिस्करणमा परेकाको अधिकारको सुनिश्चितता गर्ने एवं सशक्तिकरण गराउने, पारदर्शिता र सूचनामा पहुँच बढाउने, गुनाशा सुनुवाई गर्ने तथा सार्वजनिक उत्तरदायित्व र नागरिक निगरानीमा सुदृढिकरण गराउँछ।

पक्ष

सामाजिक उत्तरदायित्वको प्रावधानले सार्वजनिक प्रशासनले सामाजिक अपेक्षा पुरा गराउने, सामाजिक मान्यता पाएमा सार्वजनिक प्रशासनको साख राम्रो हुने, सार्वजनिक प्रशासनको सामाजिक वातावरण राम्रो हुने जस्ले गर्दा यसका कृयाकलापमा समाजले सहयोग गर्ने, प्रशासन र समाजविच शक्ति सन्तुलन कायम गराउने, प्रशासनले पूंजी, मानवीय साधन, सूचना प्रणाली र प्राविधिक क्षमताले सामाजिक समस्या समाधान गरिदिने

अपेक्षा गरिएको छ ।

विपक्ष

सामाजिक उत्तरदायित्वले सार्वजनिक प्रशासनको लक्ष्यलाई विरोधाभाष बनाउने, लागत बढाउने, सबै सामाजिक समस्यालाई समाधान गर्ने क्षमता प्रशासनमा नहुने, यसले समाजलाई नियन्त्रण गर्ने शक्ति प्रशासनमा बढाउने र पर्याप्त सामाजिक सहयोग नमिल्ने जस्ता समस्या देखिन सक्दछन ।

सफलताका आधार

सामाजिक उत्तरदायित्व सफल हुन राजनीतिक प्रणाली लोकतान्त्रिक हुनु पर्ने, राजनीतिक र नागरिक अधिकारको विद्यमानता, राजनीतिक क्षेत्रको पारदर्शिता र इमान्दारिता हुनु पर्दछ । राज्य संयन्त्रमा रहेका सार्वजनिक लिखत एवं तथ्यांकहरुको उपलब्धता र विश्वसनियता हुनु पर्दछ अर्थात सूचनामा सहज पहुँच हुनु पर्दछ । सञ्चार माध्यमले जनचाहनालाई प्रतिविम्वित गराउनु पर्दछ । नागरिक समाजमा क्षमता हुनु पर्दछ । राज्यको क्षमता हुनु पर्दछ । नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन एवं अनुगमन तथा मूल्यांकनका लागि सुदृढ संस्थागत संयन्त्र हुनु पर्दछ ।

सामाजिक जवाफदेहिताका औजारहरु

सामाजिक उत्तरदायित्व प्रवर्द्धनका मुख्य औजारहरु निम्न रहेका छन् :

१. सूचना: यस अन्तर्गत निम्न औजार पर्ने गरेका छन् ।
   - नागरिक बडापत्रले प्रदान गर्ने सेवा सम्बन्धी जानकारी दिने, गुनासो सुन्ने, समयमा कार्यसम्पादन नगरेमा क्षतिपूर्ति दिने व्यवस्था गरिएको हुन्छ ।
   - सूचनाको हक मार्फत सार्वजनिक निकायमा रहेका सूचना माग्न पाउने अधिकार समावेश गरिएको हुन्छ ।
   - वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गरी सरोकारवालाहरुलाई जानकारी दिइन्छ ।
   - जनसरोकार राख्ने कानूनी प्रावधानहरुको जानकारी दिइन्छ ।
   - नागरिकहरुलाई आफ्ना अधिकार र कर्तव्यको जानकारी दिइन्छ ।

२. जवाफदेहिता र इमान्दारिता: यस अन्तरगत निम्न औजारहरु पर्दछन् ।
   - नागरिकलाई शासन व्यवस्थाका विविध पक्षहरुको बारेमा जानकारी दिइन्छ ।
   - सार्वजनिक खर्च अनुगमन सर्वेक्षण मार्फत उपलब्ध बजेटको जानकारी दिलाइन्छ ।
   - सेवा प्रवाह गर्दा अवलम्बन गरिने मापदण्डहरु किटान गरिएको हुन्छ ।
   - सेवाग्राहीले सेवा प्राप्त गरेपछिको नागरिक प्रतिकृया संकलन गरिन्छ ।
   - जनसरोकारका विषयमा प्रत्यक्ष छलफल अर्थात सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ ।
   - सम्पादन गरिएका कार्यको नागरिकबाट मूल्यांकन गर्ने अर्थात सार्वजनिक परीक्षण गरिन्छ ।
   - राष्ट्रसेवकले सम्पादन गरेका काम कारवाहीका सम्बन्धमा नागरिकका गुनासा सुन्ने संयन्त्र स्थापना गरी गुनासाहरुको सुनुवाई गरिन्छ ।

३. सहभागितामूलक विकास: यस अन्तर्गत पर्ने औजारहरु निम्न रहेका छन् ।
   - सार्वजनिक सरोकारका विषयमा सरोकारवालाहरुसँग राय सल्लाह लिइन्छ ।

- कार्यक्रम र बजेट तर्जुमा गर्दा सहभागितामूलक बनाइन्छ ।
- राष्ट्रसेवकलाई स्वार्थ बाझिएको अवस्थामा सो को घोषणा गर्न लगाइन्छ ।
- नागरिक खरिद प्रणाली अन्तर्गत खरिद कार्य गर्दा नागरिकलाई सहभागी गराइन्छ ।
- राष्ट्रसेवकलाई सम्पत्तिको विवरण घोषणा गरी पेश गर्न लगाइन्छ ।
- राष्ट्रसेवकलाई कार्य सम्पादनमा इमान्दारिता प्रबर्द्धन गर्न प्रेरित गरिन्छ ।

अन्तर्राष्ट्रिय व्यवस्था

सामाजिक उत्तरदायित्वका सम्बन्धमा यस सम्बन्धी मामिलालाई संहिताकरण गर्ने कार्य सोसियल एकाउन्टाविलिटी इन्तरनेशनल (Social Accountability International, SAI) ले गरिरहेको छ । यसका लागि संस्थाले सामाजिक उत्तरदायित्व मान (Social Accountability Standards, SA8000) जारी समेत गरेको छ जसमा बाल श्रम, जबरजस्ती लगाउने काम, स्वास्थ्य र सुरक्षा, संगठनको अधिकार, सामुहिक सौदावाजीको अधिकार, विभेदीकरण, अनुशासनात्मक कारवाही, पारिश्रमिक, व्यवस्थापन प्रणालीलाई समेटेको छ।

नेपालमा सामाजिक उत्तरदायित्व

विकासक्रम

क. आफ्नो गाँऊ आफै बनाऔं कार्यक्रम कार्यान्वयन निर्देशिका, २०५१ मा जनलेखापरीक्षणको व्यवस्था गरिएको थियो ।

ख. आर्थिक सुधार कार्यक्रम, २०५९ मा स्थानीयस्तरमा भएको खर्चको सार्वजनिक लेखापरीक्षण गर्ने गराउने तथा आम्दानी खर्चको विवरण जन साधारणको जानकारीको लागि प्रकाशित गर्ने व्यवस्था गरिएको थियो ।

ग. सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन २०५७ मा विकास निर्माणको जनलेखापरीक्षण पद्धति अवलम्बन गर्ने, सरोकारवाला जन समुहलाई विनियोजित रकम र कार्यक्रम बारेमा सुसूचित गरी सशक्तिकरण गर्न जन लेखापरीक्षण पद्धतिको विकास गर्ने सिफारिश गरेको ।

घ. बजेट बक्तव्य अन्तर्गत सर्वप्रथम आर्थिक वर्ष २०५९।६० मा स्थानीय निकाय लगायत जिल्ला स्थित विकास कार्य सञ्चालन गर्ने सबै सरकारी कार्यालयहरुले आफ्नो आम्दानी खर्चको चौमासिक प्रतिवेदन अनिवार्य रुपले सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएकोमा त्यसपछिका बजेट वक्तव्यमा समेत निरन्तरता दिइएको पाइन्छ ।

ङ. सार्वजनिक निर्माण निर्देशिका, २०५९ मा सामाजिक लेखाजोखा सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ ।

कानूनी व्यवस्था

- नेपालको संविधानः प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक प्रत्याभुत गरिएको छ ।
- स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४: स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था गरिएको छ भने स्थानीय निकाय मार्फत सञ्चालन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न

भएपछि फरफारक गर्नु पूर्व सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५: प्रशासन सञ्चालन, प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी, प्रशासनिक कार्य सम्पादन कार्यविधि, पदीय उत्तरदायित्वको निर्वाह, नागरिक बडापत्र, घुम्ती सेवा, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, कार्य सम्पादन करार, सूचना प्रविधिको प्रयोग, अनुगमन तथा मूल्यांकन, वार्षिक प्रतिवेदनका सम्बन्धमा व्यवस्था गरिएको छ ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५: राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिक को हितमा प्रतिकुल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन कानूनी व्यवस्था गरेको छ ।
- शिक्षा नियमावली, २०५९: सामुदायिक विद्यालयको काम कारबाही शिक्षा ऐन तथा शिक्षा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न शिक्षक-अभिभावक संघको अध्यक्षको संयोजकत्वमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूमध्ये एकजना महिला अभिभावक समेत पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुईजना, विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष, शिक्षक-अभिभावक संघले तोकेको बुद्धिजिवी एकजना सदस्य र प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक सदस्य-सचिव रहेको सामाजिक परीक्षण समिति गठन हुने व्यवस्था छ ।
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७, स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७ तथा स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७: सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण सम्बन्धमा विस्तृत कार्यविधि किटान गरिएको छ ।
- राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शनमा नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यविधि किटान गरिएको छ ।

संस्थागत व्यवस्था

संसदीय समितिः सरकारलाई व्यवस्थापिका-संसद प्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका-संसदमा आवश्यकता अनुसार विभिन्न विषयगत समितिहरूको व्यवस्था गरिएको हुन्छ । ती समितिहरूले कार्यपालिका अन्तर्गतका विभिन्न निकायहरूले उपलव्ध गराउने विभिन्न प्रतिवेदनहरूमाथि छलफल गरी उचित राय तथा सुझावहरू दिने गर्दछन् र जुन कार्यान्वयन निकायहरूले मार्गदर्शनका रुपमा लिई अवलम्वन गर्नुपर्छ ।

अनुगमन तथा मूल्याङ्कन समितिः मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले मुख्य सचिवको अध्यक्षतामा केन्द्रीय, क्षेत्रीय प्रशासकको अध्यक्षतामा क्षेत्रीयस्तर र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समिति एवं मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रालय/निकाय/आयोगको सचिवको संयोजकत्वमा

मूल्यांकन तथा अनुगमन एकाईको व्यवस्था गरेको छ ।

राष्ट्रिय सतर्कता केन्द्रः भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगः सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरूपयोग गरेमा अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारबाही गर्दछ ।

महालेखा परीक्षकः सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्दछ ।

सूचना आयोगः सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गराउँदछ ।

नागरिक समाजका निकायः संस्था दर्ता ऐन लगायत अन्य कानून अनुसार दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था आदिले सार्वजनिक निकायका काम कारवाही, राष्ट्रसेवकको कार्यसम्पादन लगायतका विषयमा चेतनामुलक, दबाबमुलक, प्रबर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गरेका छन् ।

सञ्चार माध्यामः विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका माध्यमबाट समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गरी सार्वजनिक निकाय एवं राष्ट्रसेवकले सम्पादन गरेका काम कारवाहीको सम्बन्धमा सूचना प्रवाह गर्न सक्दछन ।

अवलम्बन गरिएका औजार

क. सार्वजनिक परीक्षण : सार्वजनिक निकायले सञ्चालन गरेका कार्यक्रम/आयोजनामा लागेको कुल लागत, सम्पन्न भएका कार्यहरूतथा हासिल भएका उपलब्धिहरूका सम्बन्धमा सरोकारवालाहरू लाई सार्वजनिक रूपले जानकारी गराउन सार्वजनिक परीक्षण गर्ने गरिएको छ ।

ख. सार्वजनिक सुनुवाइः सार्वजनिक निकाय र नागरिकहरूबीचमा दोहोरो संवाद स्थापित गर्न र जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताका माध्यमद्वारा विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाइ गरिन्छ । सम्बन्धित निकायले सहजकर्ताको सेवा लिई सार्वजनिक निकायका पदाधिकारीहरू, सेवाग्राही, सर्वसाधारण, सञ्चारकर्मी तथा अन्य व्यक्तिहरूको उपस्थितिमा सार्वजनिकस्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।

ग. सामाजिक परीक्षणः सामाजिक परीक्षणबाट सार्वजनिक निकायका गतिविधिप्रति सरोकारवालाहरूको अपनत्वको भावना विकास गर्न, उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगमा सहयोग गर्न, पारदर्शिता ल्याउन, उत्तरदायित्वको भावना जागृत गराई सार्वजनिक सेवा प्रदानमा हुने वा भए गरेका कमीकमजोरी तथा जनगुनासोलाई समयमै सम्बोधन गर्न मद्दत पुग्दछ । सार्वजनिक निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्न सम्बन्धित निकायले सामाजिक परीक्षकको सेवा लिई सबै सरोकारवालाहरूको उपस्थितिमा सामाजिक परीक्षण गर्नुपर्दछ ।

घ. नागरिक बडापत्रः सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले राख्नु पर्ने, बडापत्रमा उल्लेख भएका कुराहरु बाध्यात्मक हुने, सेवाग्राहीले सेवा नपाएमा जिम्मेवार पक्षलाई कारवाही हुने तथा निश्चित सेवा प्रदायक सार्वजनिक निकायमा सेवाग्राहीले क्षतिपूर्ति समेत पाउने व्यवस्था रहेको छ ।

ङ. घुम्ती सेवाः सर्वसाधारणको सामुहिक वा व्यक्तिगत सरोकार रहने सेवालाई सम्बन्धित सेवाग्राही रहेको स्थानमा नै सेवा उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।

च. प्राविधिक परीक्षणः निर्माण गरिएका भौतिक संरचनाहरूको पूर्वनिर्धारित डिजाइन, प्रविधि तथा सामग्रीको प्रयोग भएको छ/छैन भनी गरिने परीक्षणलाई प्राविधिक परीक्षण भनिन्छ ।

छ. गुनासो व्यवस्थापनः सम्पादन गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यस्मा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्ने संयन्त्रको व्यवस्था गरिएको छ ।

ज. सूचनाको हकः कानून, कार्यविधि, कार्यसम्पादन प्रतिवेदन, उपलब्धि सार्वजनिक गरिने

झ. कार्य सम्पादन करारः कुनै पदाधिकारीसंग कार्य सम्पादन करार गरी कार्य सम्पादन गराउन सकिने व्यवस्था रहेको छ र केही निकायमा यसको थालनी समेत भई सकेको छ ।

ञ. परामर्श लिनेः सार्वजनिक चासोको विषय कार्यान्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसंग परामर्श लिन सकिन्छ ।

ट. सहभागिता र स्वामित्वः कुनै परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था गर्न सकिन्छ ।

ठ. सार्वजनिक खर्च अनुगमन (PETS): बजेट खर्च गर्ने अख्तियारी, वार्षिक विकास कार्यक्रम स्वीकृती र वजेट निकासा लगायतका कार्यमा कुन कुन निकायमा के-कति समय लाग्यो भन्ने विषयमा जानकारी लिने र समयमै कार्यक्रम/आयोजनामा वजेट नपुगेको पाइएमा सोको कारण विश्लेषण गरी समाधान गर्ने पद्धतिलाई सार्वजनिक खर्च अनुगमन भनिन्छ ।

सुधारका क्षेत्र

- सामाजिक उत्तरदायित्व पालनाको मापन गर्ने औजारहरुमा एकरुपता ल्याउनु पर्दछ र जिम्मेवार निकाय किटान गर्नु पर्दछ ।
- सामाजिक दायित्वप्रति सबैको चासो बढाउनु पर्दछ ।
- आम नागरिकलाई औजारका बारेमा जानकारी गराउने, भाषिक सरलता ल्याउनु पर्दछ अर्थात नागरिक शिक्षा प्रभावकारी बनाउनु पर्दछ ।
- नागरिक बडापत्रलाई अद्यावधिक गर्नु पर्दछ र अशिक्षित नागरिकलाई वैकल्पिक नागरिक बडापत्रको व्यवस्था गर्नु पर्दछ । सेवा प्रदान गर्ने मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ ।
- सरकारले प्रवाह गर्ने सेवा, नागरिकका कर्तव्य एवं अधिकारका बारेमा आम नागरिकलाई जानकारी दिलाउनु पर्दछ । बजेट र कार्यक्रमको बारेमा स्थानीयस्तरमा जानकारी वा पहुँच दिनु पर्दछ ।
- सार्वजनिक निकायका सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनु पर्दछ ।
- गोपनियताको संस्कारमा सुधार गर्दै लानु पर्दछ ।

अन्तमा सामाजिक उत्तरदायित्वले राज्यका संयन्त्रलाई जवाफदेही बनाउन शासन प्रकृयामा नागरिक लाई सहभागी गराइन्छ । सार्वजनिक निकायका पदाधिकारीले प्राप्त गरेका साधन एवं स्रोत, सो को उपयोग का सम्बन्धमा उनीहरुले तयार गरेका कार्ययोजना, साधन स्रोतको उपयोगमा प्रभावकारिता तथा प्रदान गरेको सेवाको स्तर जाँच हुन्छ र यस्मा साधनको दुरुपयोग भएमा सुधार गराउने संयन्त्रको विद्यमानता, निगरानी राख्ने निकाय प्रतिको जवाफदेहिता समेत मूल्यांकन गरिन्छ । नेपालमा सामाजिक उत्तरदायित्वका विषयमा गरिएका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै यस्मा समसामयिक सुधार गर्दै लान सकिएमा सुशासनमा टेवा पुग्ने देखिन्छ ।

सन्दर्भ सामग्री

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५, कानून किताब व्यवस्था समिति
- स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७, स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७, र स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७, नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, नेपाल सरकार राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाण्डौं असार, २०७०
- Sourcebook of 21 Social Accountability Tools: PRAN, Program for Accountability in Nepal.
- 2015 World Public Sector Report, United Nations, New York, 2015
- SOCIAL ACCOUNTABILITY, An Introduction to the Concept and Emerging Practice, The World Bank

राजस्व चुहावटको कारण र नियन्त्रणका उपाय



✍ रमेश ढकाल
निर्देशक

सरकारले भंसार, अन्तशुल्क, आयकर, मूल्य अभिवृद्धिकर, मालपोत, भूमीकर एवं दस्तुर तथा शुल्क जस्ता कर उठाई श्रोतको व्यवस्था गर्दछ र त्यही रकमनै राजस्व हो । कर राजस्वलाई पनि प्रत्यक्ष कर र अप्रत्यक्ष करका रुपमा परिभाषित गर्न सकिन्छ । प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महसुल, अन्तशुल्क, आयकर, मूल्य अभिवृद्धिकर, सवारी कर, वाहलकर, ठेक्का कर, र प्रचलित कानून वमोजिम लाग्ने करको समष्टिगत रुपनै राजस्व हो । जनताबाट विभिन्न माध्यमद्धारा उठाइने राजस्व उनीहरुकै हित र भलाईको लागि राज्यको तर्फबाट खर्च गरिने हुँदा यसलाई सार्वजनिक आय पनि भन्ने गरिन्छ । देशको आर्थिक कृयाकलापहरुको निमित्त आवश्यक राजस्व संकलन गर्दा उपयुक्त राजस्व नीति अपनाउनु आवश्यक हुन आउँछ । राजस्व संकलन विना सार्वजनिक प्रशासन संचालन गर्न नसकिने हुनाले यसलाई सार्वजनिक प्रशासनको उत्तोलकको रुपमा लिएको पाइन्छ ।

करदान योग्यता र कर तिर्न सक्ने क्षमताका आधारमा कर तिर्ने, हितमा आधारित रही कर तिर्ने र सेवाको मूल्यमा आधारित करको सिद्धान्त वमोजिम कर तिर्ने गरिन्छ । तथापी सिद्धान्त र प्रणालीमा रहेर कर नतिरी अनियमित रुपले कर चुहावट हुने गरेको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को प्रमुख उद्देश्य अधिकतम रुपमा राजस्व परिचालन गर्न भंसार, अन्तशुल्क तथा कर प्रशासन क्षेत्रमा हने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्नु रहेको छ । नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कार्य गर्ने, कम राजस्व तिर्ने मनसायले गलत लेखा तयार गर्ने, भंसारमा तिर्नुपर्ने राजस्व छल्ने, अनुचित प्रभावमा पारी राजस्व कम तिर्ने, मिलोमतो गरी वा नगरी सरकारलाई प्रचलित कानून बमोजिम राजस्व कम बुझाउने, सामानको मूल्य घटी बढी हुनेगरी लेखाङ्कन गर्ने आदि जस्ता कार्यलाई राजस्व चुहावटको विषय वस्तुमा परिभाषित गरेको देखिन्छ । कर चुहावट गर्ने व्यक्ति, संस्था तथा करदातालाई कारबाही गर्ने कार्यविधि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० मा व्यवस्था समेत गरेको छ । तापनि उल्लेखित ऐन तथा नियमावलीका प्रावधानहरुको कार्यान्वयन फितलो रहेको छ । अनुसन्धान गर्ने निकायले राजस्व चुहावटको आधार र मापदण्ड निर्धारण गर्न सकेको देखिदैन । सरकारले राजस्व नीतिमा स्थायित्व कायम

राख्न नसकेको अवस्था समेत विद्यमान छ । हरेक पटक सरकार परिवर्तनको संगसंगै राजस्व नीति समेत परिवर्तन हुदै आएको छ । राजनैतिक अस्थिरताका कारण राष्ट्रमा अत्याधिक राजस्व चुहावट, आर्थिक अपराध र अनियमितताहरु फष्टाएको समेत देखिन्छ । राजस्व तिर्ने र उठाउने काम धनसँग सम्बन्धित हुनाले यो कार्यमा संलग्न निकाय तथा व्यक्तिहरु सदाचार र आचरणयुक्त हुनुपनि त्यतिकै जरुरी छ ।

आन्तरिक श्रोतको प्रमुख आधार राजस्व भएको हुँदा यसको समुचित परिचालनमा सरकारले विशेष ध्यान दिनुपर्ने हुन्छ । राजस्वको आधार फराकिलो नहुनु र सरकारले राजस्व उठाउन सक्ने क्षेत्र एवम् परिमाण भन्दा कम राजस्व संकलन भईरहनु, कर संचालनमा प्रत्यक्ष करको अनुपात कम रहनु र राजस्व प्रशासन सुदृढ र पारदर्शि नहुनुनै राजस्व प्रशासनमा देखिएको प्रमुख चुनौती हुन् । राजस्व र मूल रुपमा करको दायरा विस्तार गरी आन्तरिक श्रोतको अधिकतम परिचालन गर्न कर चुहावटको नियन्त्रण आवश्यक हुन्छ । तेह्रौं योजना २०७०।७१ देखि २०७२।७३ को समष्टिगत कार्यलक्ष्यको उद्देश्य राजस्व प्रशासनमा सुदृढता ल्याई कर चुहावट नियन्त्रण लगायत कर मैत्री प्रणालीको विकास गर्न, स्वैच्छिक कर सहभागिता बढाउन र कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरेको छ । तय भएका नीतिहरुको उद्देश्य आर्थिक अपराधमुक्त गरि कर चुहावट नियन्त्रण गर्नुनै हो । राजस्व चुहावट नियन्त्रण, विदेशी विनियम अपचलन र सम्पत्ति सुद्धिकरणको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन वैज्ञानिक सूचना प्रणालीमा आधारित अनुसन्धान प्रक्रियामा जोड दिने समेत कार्यनीतिमा उल्लेख छ । कर चुहावट नियन्त्रण गर्न आयकर ऐन २०५८, आयकर नियमावली, २०५९, भंसार ऐन, २०६४, अन्तशुल्क ऐन, २०५८, लगायत मूल्य अभिवृद्धिकर ऐन, २०५२ र मूल्य अभिवृद्धिकर नियमावली, २०५३ सम्बन्धित छन् । तथापी चाहे अनुसार नियन्त्रण गर्न नसकेको अवस्था विद्यमान छ । राजस्व चुहावट ऐन, २०५२ मा भएको व्यवस्थाले समेत करको न्यायोचित असुलीमा प्रभावकारीता ल्याउन सकेको छैन । कर कानूनको न्यायोचित कार्यान्वयन र दायरा विस्तार गर्न, न्यूनतम लागतमा अधिकतम राजस्व संकलन गर्न समग्र रुपमा कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारितामा वृद्धि गर्नुपर्ने हुन्छ । अन्यथा राजस्व संकलनमा हुने आर्थिक अपराध एवं कर चुहावट निरन्तर रही रहने र कर कानूनको न्यायोचित कार्यान्वयन हुन नसक्ने स्थिति रहन्छ । कर चुहावट असल मानिसमा लागेको एक दीर्घकालीन रोग हो सोको उपचार गर्न प्रयोगशाला, प्रविधि, जनशक्ति, सहकार्य, कार्यकुशलता, कार्यसम्पादन पुरस्कार, नतिजाको सम्मान, प्रविधि र प्रणालीको माध्यमबाट नियन्त्रण गर्न सकिन्छ । समग्र रुपमा अध्ययन गर्दा कर चुहावट हुने कारणहरुमा शास्त्रीय कारण र व्यवस्थापकीय कारण गरी दुई प्रकारमा हेर्न सकिन्छ ।

कर चुहावटको परम्परागत शास्त्रीय कारणलाई निम्नानुसार दर्शाउन सकिन्छ :

राजस्व चुहावटका कारणहरु	
(क) आर्थिक कारण • गरिवी र असमान आय • बढ्दो महंगी / मूल्य अस्थिरता • भौतिक विलासिता • करको दरमा बृद्धि	**(ख) राजनैतिक कारण** • राजनैतिक अस्थिरता • आर्थिक अपराध र तस्करीतन्त्र • दलगत स्वार्थ • राजनैतिक व्यक्तिको संरक्षण
(ग) व्यवस्थापकीय कारण • दोहारो प्रज्ञापनपत्र दर्ता गराएर, • प्रमाण वेगर सामान जाँचपास गरेर, • हचुवा किसिमले अभिलेख राखेर, • वर्गीकरण फरक पारेर, • सामानलाई समर्थन र प्रमाणित गर्ने कागजात समावेश नगरेर, • वहुमूल्य सामानलाई नीजि सामानमा गणना गरेर, • पासपोर्ट सुविधा उपयोग गराएर र • वस्तुको गुणस्तर र परिमाणमा मिलेमतो गरेर,	**(घ) भौगोलिक कारण** • खुला सिमाना, • भंसार छली आयात / निर्यात, • अवैध रुपमा गाडीको प्रयोग र • नियन्त्रण संयन्त्रको फितलोपना
(ङ) सामाजिक कारण • समाजमा धनीको सम्मान हुनाले कर चुहावट गरी बढी मुनाफा र लाभमा आकर्षित हुने सामाजिक मानसिकता, • बढी आय प्राप्त गर्ने, • नैतिकताको अवमूल्यन र • असीमित आवश्यकता	**च) कानूनी कारण** • कानूनको उल्लंघनमा दण्डहीनता रहिरहनु, • कानून कार्यान्वयनको फितलोपना हुनु, • कर कानूनहरुको समय सापेक्ष संशोधन र परिमार्जन नहुनु, • कानूनमा रहेका प्रावधानबीच असमानजस्यता हुनु, • स्वार्थ अनुकुल कानूनको व्याख्या हुनु ।

वर्तमान अवस्थामा राजस्व चुहावट हुने प्रमुख व्यवस्थापकीय कारणहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

⇒ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार दर्ता भएको व्यक्तिले कर लाग्ने करोवारसँग सम्बन्धित वस्तु वा सेवामा तिरेको कर आफूले तिर्नुपर्ने करबाट कट्टी गर्न पाउने व्यवस्था छ । तर करदाताले प्रत्येक वर्ष विक्री न्यून देखाई खरिदमा तिरेको तिरेको मूल्य अभिवृद्धि कर भन्दा विक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि कर कम हुने, डेविट विवरण हिसावमा आउन नसकेको करदाताको छानविन नहुने, खरिद बढी गरी प्रत्येक वर्ष मौज्दातको थुप्रो लगाई मूल्य अभिवृद्धिकर क्रेडिटमा देखाउने, करदाताको डेविट मूल्य

अभिवृद्धिकर रकमको ६ गुणा भन्दा बढी भएको अवस्थामा समेत मौज्दात निरीक्षण गर्ने व्यवस्था प्रभावकारी नहुनु, नक्कली विल तथा अवास्तविक मौज्दात समेतको आधारमा नपाउने क्रेडिट दावी हुनु, वर्षौंसम्म करदाताले क्रेडिट विवरण बुझाई रहेकोमा सोको ठोस अनुगमन नहुनु, आयात गर्दा तिरेको वा तिर्नुपर्ने करबाट आफूले उठाएको करमा मिलान गरी बढी भएको कर दाखिला नहुनु, लामो समयसम्म डेविट तथा क्रेडिटमा रहेका करदाताको तथ्याङ्क सम्बन्धमा अनुसन्धानात्मक परीक्षण एवं छानविनमा संकूचन जस्ता कारणले राजस्व चुहावट हुने गरेको छ ।

⇒ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ अनुसार करदाताको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरेर राजस्व वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था छ । वक्यौता असुलीको कार्यान्वयन पक्ष प्रभावकारी नहुँदा राजस्व असुली चुनौतीपूर्ण बन्दै गएको छ । राजस्वको वक्यौता असुलीमा करदाताको बैंक खाता रोक्का नगरिनु, अन्य चलअचल सम्पत्तिमाथि नियन्त्रण कायम राख्न नसक्नु, लिलामीको अग्राधिकारमा असुली प्राप्ती "को" रहने भन्ने प्रश्नमा स्पष्ट मापदण्ड तयार नहुनु, अदालती निर्णयको ढिलाईको कारण असुलीमा न्यूनता आउनु, कारोबार छाडी अदृश्य रहनु, करदाताबीच सम्पर्क कायम राख्न नसकिनु, कारोबारस्थल परिवर्तन गर्नु, करदातालाई सहुलियत स्वरुप आर्थिक ऐनले दिएको स्किमकै आधारमा राजस्व असुल हुन सक्नेमा सो समेत असुल हुन नसकी कर छुट हुनु, करदाताहरुले करोडौको कारोवार गरेतापनि आय विवरण नबुझाउनु र करदायित्व पर सार्नु जस्ता कारणबाट राजस्व चुहावट हुने गरेको छ ।

⇒ आयकर नियमावली, २०५९ को नियम २३ वमोजिम दर्ता भई कारोबार गर्ने करदातालाई आर्थिक ऐनले दिएको स्किममा करदाताको वास्तविक खरिद भन्दा कम खरिद देखाई आय कम देखाएकोमा राजस्व छुट भएको देखिन्छ । त्यस्तै आयकर ऐन, २०५८ को दफा ७.२ अनुसार सेवा शुल्कको आम्दानीलाई करयोग्य आयमा समावेश गर्नुपर्ने हुन्छ । नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० अनुसार निकासी कर्तालाई २ देखि ४ प्रतिशतसम्म नगद प्रोत्साहन रकम राष्ट्रबैंक मार्फत सम्बन्धित करदातालाई भुक्तानी दिदै आएकोमा प्राप्त गरेको नगद प्रोत्साहन रकम करदाताले आयमा समावेश नगरेको कारण सोको लाग्ने कर छुट हुन गई कर चुहावट भएको स्थिति समेत विद्यमान छ । त्यस्तै आयकर ऐन, २०५८ को दफा १३ को सामान्य कट्टी अन्तर्गत व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले व्यवसाय संचालनमा लिएको स्थानको घरबहाल खर्च भुक्तानी गर्दा १० प्रतिशत कर कट्टी गर्नुपर्ने हुन्छ । यस्तो घरवहाल खर्च प्रचलित बजार मूल्यको तुलनामा अस्वाभाविक रुपले न्यून दावी गरेको स्थितिले पनि कर चुहावट हुने गरेको छ । कतिपय करतादाताले घर भाडा तिरेको रकम भन्दा पनि व्यवसायको विक्री रकम कम उल्लेख गरी आय विवरण पेश गर्ने स्थिति र रु. १० लाख भन्दा बढी घरभाडा तिर्ने कतिपय सेवाको कारोवार गर्ने करदाता मूल्य अभिवृद्धिकरमा दर्ता समेत भएका छैनन् । विक्री लुकाई कम कर तिरेको स्थितिबाट कर चुहावट समेत हुने गरेको स्थिति छ ।

⇒ आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रले करदाताको करोबारको कर निर्धारण गर्दा व्यवसायले प्राप्त गरेको सापटीको श्रोतको वास्तविकता हेर्नुपर्ने उल्लेख छ । व्यवसायमा ठूलो र

कम संचालकबाट निव्यार्जी सापटी देखाउने र सोको टिप्पणी नगर्ने तथा बैंक मार्फत सापटीको कारोबार नगर्ने स्थितिले कर दायित्वमा पर्ने असरबाट कर संकलनमा हुने चुहावट स्पष्ट रुपले खुलासा गर्न सकिन्छ। श्रोतको वैद्यानिक आधार यकिन नगर्ने बानीले समेत कर चुहावट हुने गरेको छ। त्यस्तै शेयर पूँजीको आधारमा मापदण्डको व्यवस्था नहुँदा व्यवसायमा लिएको ऋणको व्याज कट्टी गर्न पाउने हुँदा यसबाट कर दायित्व घट्न गई कर चुहावट समेत हुने गरेको अवस्था छ। त्यस्तै, कर दाताको वर्गीकरण गरी उच्च जोखिमका करदाताको कर दायित्व निर्धारणमा ढिलाई भएको कारण पनि कर चुहावट हुने गरेको अवस्था समेत देखिएको छ।

⇒ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा कर विवरण पेश गरेको समयले ४ वर्षभित्र संसोधित कर निर्धारण गर्नुपर्ने व्यवस्था छ। तर संसोधित कर निर्धारण गर्ने निकायमा भएको जनशक्ति तथा कार्ययोजनामा पुनरावलोकन नगर्दा ४ वर्षभित्र कर निर्धारण नहुने र स्वयंकर दायित्व निर्धारणलाई मात्र कर संकलन हुने हुँदा कर चुहावट हुने गरेको छ।

⇒ आयकर ऐन, २०५८ को दफा ७ अनुसार करदाताको व्यवसायिक प्रयोजनसँग सम्बन्धित सम्पूर्ण आम्दानी आय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था छ। करदाताहरुले पेश गर्ने वित्तीय विवरणमा आय रकम घटी देखाई कर दायित्वमा कमी ल्याउने, अग्रिम कर कट्टी गरेको परिमाणात्मक विवरणको आधारमा हुने विक्री रकम आयमा समावेश नगर्ने, प्रत्यक्ष खर्च समेत नउठ्ने गरी आम्दानी देखाउने, अन्तिम मौज्दातको लागत गणना गर्दा लागत मूल्य वा वजार मूल्यमध्ये जुन घटी हुन्छ सो आधारमा मूल्यांकन गरी आय कायम गर्नुपर्नेमा मूल्यांकन फरक पारी घटी आय लेखांकन गर्नुले पनि कर राजस्व चुहावट हुने गरेको छ। आयकर ऐन, २०५८ को दफा १९ अनुसार ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च कट्टी पाउने व्यवस्था छ। नोक्सानी अवधिमा पाउने ह्रास खर्च दावी नगरी पछिल्ला वर्षहरुमा नाफामा आएपछि खर्च लेख्नेगरी कर नियोजन गर्ने, व्यवसायिक सम्पत्ति प्रोप्राइटर्सबाट प्राइभेट लिमिटेडमा हस्तान्तरण गरेको अवस्थामा अनुपातिक खर्च दावी नगरी पुरै दावी गर्ने, उत्पादनमूलक उद्योग नभएको अवस्थामा विशेष उद्योगको सुविधा लिई थप एक तिहाई ह्रास दावी गर्नु जस्ता कारणले पनि करको मात्रामा चुहावट हुने गरेको देखिन्छ।

⇒ उद्योग विभागले विभिन्न वस्तुको उत्पादन गर्दा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थबाट निस्कने नतिजाको नर्मस अनुसार कच्चापदार्थ खपत एवं उत्पादन देखाउनुपर्नेमा फरक फरक ढंगले कच्चा पदार्थ खपत देखाउँदा घटी कर दायित्व कायम हुन गई कर चुहावट हुने गरेको छ। जर्ति बढी दावी गर्ने, कच्चा पदार्थमा तिरेको अन्तशुल्क भन्दा बढी कट्टी लिने, प्रतिलब्धी दर भन्दा कम उत्पादन गर्ने, गणनामा त्रुटी गर्ने आदि कारणबाट पनि कर राजस्वमा न्यूनता आएको स्थिति छ।

⇒ भंसार ऐन, २०६४ को दफा १३ अनुसार कारोबार मूल्य कायम गर्दा विक्रेतालाई तिरेको वास्तविक रकम र पैठारी गर्दा लागेको वा लाग्न सक्ने भाडा वीमा तथा अन्य सम्पूर्ण खर्च जोडी हुने रकममा भंसार महसुल असुली नभई घटी असुल हुने गरेको, भंसार दरवन्दिमा उल्लेखित संकेत नम्बर अनुसार मालवस्तुको यथार्थ संकेत निश्चित गरी जाँचपास गर्नुपर्ने व्यवस्था भएकोमा प्रज्ञापनपत्र परीक्षणमा फरक संकेत तथा

दरवन्दी लगाई राजस्व असुल गर्ने, दरवन्दीको व्याख्या फरक फरक लगाई कम राजस्व भुक्तानी गर्ने जस्ता कारणहरुबाट पनि राजस्व चुहावट हुने गरेको छ ।

⇒ अन्तशुल्क ऐन, २०५८ ले गरेको व्यवस्था अनुरुप अन्तशुल्क राजस्वले आशातित प्रगति समेत गर्न नसकेको अवस्था छ। उत्पादन र निकासी विवरण फरक पारी कम अन्तशुल्क तिर्ने, स्टिकरको अवैधानिक प्रयोग गरी निकासी तथा विक्रीमा कमी ल्याई कम अन्तशुल्क तिर्ने, प्रतिलब्धीदर अनुरुप उत्पादन नगर्दा अन्तशुल्क, मूल्य अभिवृद्धिकर र आयकरमा चुहावट हुने गरेको छ। मौज्दातको स्तरिय अनुगमन नहुनु, मदिराको गुणस्तर यू.पी. (Under Proff) शक्तिमा परिवर्तन गरिनु, अभिलेख व्यवस्थापन कमजोर रहनु, विद्युतीय उत्पादनको विद्युतीय गणना गर्ने प्रभावकारी माध्यम फ्लो मिटर प्रयोगमा नल्याउनु आदि जस्ता कारणहरुबाट पनि उठ्ने राजस्वको मात्रामा घटी हुन गई चुहावट हुने गरेको छ।

कर कानूनको न्यायोचित कार्यान्वयनलाई सुनिश्चित गरी कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गर्न कर सम्बन्धी कानूनहरुको कार्य प्रक्रियालाई सकेसम्म अन्तरमिलान गरिनु पर्दछ। स्वैच्छिक कर तिर्ने वातावरणको सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा पनि राख्नुपर्ने हुन्छ । प्रविधि संजाल, कर प्रणालीको जानकारीमूलक विषय, विद्युतीय शासन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, शिप तथा क्षमतामा वृद्धि, जनशक्ति विकास योजना, संगठनात्मक संरचनाको क्षमतायुक्त रुपान्तरण, दक्षतामा आधारित तालिम, जोखिमका क्षेत्रमा सुरक्षा परिचालन आदिद्धारा कर चुहावटमा नियन्त्रण गर्न सकिन्छ।

कर चुहावट नियन्त्रण गर्ने उपाय : कर चुहावट नियन्त्रण गर्ने प्रमुख उपायहरुलाई निम्नानुसार दर्शाउन सकिन्छ :-

१) नीतिगत उपाय (Policies Measures)

- करकानूनमा समयानुकूल सुधार एवं परिमार्जन,
- अन्तर्राष्ट्रिय मापदण्ड वमोजिम कर कानून तथा कार्य प्रक्रियाहरुको अन्तर्मिलान,
- राजस्व प्रक्षेपण प्रणालीको कार्यान्वयन,
- कर सूचना संजालको विकास,
- कर सम्बन्धी कानूनहरुको प्रभावकारी र निश्पक्षतापूर्वक कार्यान्वयन,
- राजस्व परिचालनमा निजी क्षेत्रसँगको सहकार्य अभिवृद्धि,
- स्वैच्छिक कर तिर्ने वातावरणको सिर्जना गर्न व्यवसायिक लागत कम गर्ने नीतिको सिर्जना,
- स्थायी लेखा नम्बर वेगर पेशा व्यवसाय गर्न रोक,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग अग्रकार्यगत सम्बन्ध,
- लगानी प्रोत्साहन हने मुलुकसँग दोहोरो करमुक्ती सम्झौता र
- आर्थिक अपराधमुक्त आर्थिक कृयाकलापको विकासमा जोड ।

२) संगठनात्मक संरचनामा सुधारको उपाय (Organizational Measures)

- मानव संसाधन प्रणालीको विकास,

- पूर्णतया विद्युतीय शासन प्रणालीको कार्यान्वयन,
- उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको गठन,
- उच्च जोखिमका क्षेत्रमा सुरक्षा परिचालन,
- एक्सिलेन्स रेसपोन्स तालिम,
- संगठन प्रणालीको प्रविधियुक्त प्रयोग र
- राजस्व समूहको पुनरावलोकन ।

३) **प्रवर्द्धनात्मक उपाय (Promotional Measures)**

- सामाजिक जागरण र नैतिक शिक्षामा जोड,
- कडा सजाय र सोको सार्वजनिक प्रचार,
- बढी राजस्व बुझाउनेलाई सम्मानको व्यवस्था र
- करदाता शिक्षा प्रणाली ।

४) **निरोधात्मक उपाय (Preventive Measures)**

- आकस्मिक निरीक्षण प्रणाली र निगरानी व्यवस्था,
- सूचना प्रविधिको प्रयोग,
- कर प्रणालीमा सरलीकरण,
- अन्तरसम्बन्ध र समन्वय ।

५) **उपचारात्मक उपाय (Curative Measures)**

- आयकर, अन्तशुल्क र मूल्य अभिवृद्धिकरमा भएका तजविजी जरिवाना गर्ने आधिकारहरु तथा जरिवानाको दरमा नियन्त्रण गर्न सम्बन्धित ऐनहरुमा संसोधन गरेर,
- कर्मचारीहरुको निर्णयका आधारमा बढी भार बोकाइएको न्यायिक निकायबाट ठहर भएमा त्यस्ता कर्मचारीहरु जवाफदेही हुनुपर्ने कानूनी व्यवस्था मिलाएर,
- सरकारले लिने र करदाताले पाउने दुवैको व्याजदर समान बनाएर,
- कुनैपनि कानूनमा करको नाममा करको रकमभन्दा बढी हुनेगरी जरिवाना लगाउने व्यवस्था हटाउने, दाखिला भईसकेको कर रकममा पनि जरिवाना हुने परीपाटी पूर्णतया हटाएर,
- पुनरावेदन सुन्ने न्यायिक निकाय स्वतन्त्र हुनुपर्ने व्यवस्था मिलाएर,
- राजस्व न्यायाधिकरणले समेत आफ्नो फैसलाको कार्यान्वयन पक्षलाई सवल बनाई फैसला भएको बढीमा ६० दिनभित्र फैसला कार्यान्वयन गर्न वाध्य गराएर,
- करदातालाई सम्मानित गर्ने कानूनी व्यवस्था मिलाएर र
- स्वैच्छिक घोषणाको दायरा फराकिलो बनाएर ।

सरकारले प्रत्येक वर्ष तयार गर्ने राजस्व र व्यय अनुमानको स्थितिमा सन्तुलन कायम राख्न राजस्व अंश मूख्य मानिन्छ । राजस्वको मात्रामा हुने वृद्धिले सार्वजनिक खर्चको तुलनात्मक

स्थिति सन्तुलित हुन पुगी देशले एउटा दिशायुक्त गन्तव्य प्राप्त गर्न सक्दछ । कानूनी व्यवस्थाको परिपालना र सार्वजनिक श्रोत साधनको सदुपयोग गरी कम लागतमा राजस्व असूलीको स्थितिमा सुधार ल्याउन आवश्यक छ । राजस्व चुहावट नियन्त्रणका लागि विभिन्न कार्यविधि निर्देशिका बनाई कार्यान्वयनमा ल्याइएतापनि राजस्वको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन । राजस्व चुहावटलाई नियन्त्रण गर्न माथि उल्लेखित उपायहरुलाई अधिकतम रुपले ध्यान दिई संगठनात्मक संरचना, कानूनी व्यवस्था, क्षमता र पद्धती विकास गरी राजस्वको अनुसन्धान र कर परीक्षणलाई सुदृढ बनाईनु पर्दछ । राजस्व असुलीका पद्धति र प्रणाली कतिपय विषयमा असान्दर्भिक भई सुधार गर्न नसकिने स्थितिमा रहेकोमा सोमा पुनरावलोकन गर्ने एवं राजस्व प्रशासन सबल तथा विश्वसनीय बनाउन संस्थागत जवाफदेहितालाई समेत जिम्मेवार बनाउन आवश्यक देखिन्छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापीक्षण हुँदा औल्याइएका राजस्व सम्बन्धी नीतिगत र लगतगत बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले फछ्यौंट गरी सम्परीक्षण गराउनु पर्ने र म्यादभित्र बेरुजू सम्परीक्षण तथा फछ्यौंट गराउन नसक्ने भएमा म्याद थप माग गरी थप म्यादभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणले समेत राजस्वका क्षेत्रमा भए गरेका गल्ती तथा कमजोरी, त्रुटी एवं चुहावटका विभिन्न प्रतिनिधित्वमूलक व्यहोराहरु उल्लेख गर्दै आएको पनि छ । उक्त व्यवस्था अनुरुप नीतिगत रुपमा सुधार नभएको र बेरुजू फछ्यौंट गर्ने नगरेकोले बेरुजूको परिमाण वर्षेनी बढ्दै गएको अवस्था छ । अतः कानूनले तोकेको म्यादभित्र राजस्व परिचालन सम्बन्धी देखिएका व्यहोरा फछ्यौंट गर्नेगराउने तर्फ राजस्व प्रशासनले सवल भूमिका समेत निर्वाह गर्न सके राजस्व चुहावट नियन्त्रणमा समेत सघाउ पुग्दछ । त्यस्तै, कर राजस्व चुहावट रोक्न निर्धारण तथा अनुसन्धान गर्ने पद्धतीमा सुधार गरी उच्च जोखिम रहेका, मध्यम जोखिम रहेका र न्यून जोखिम रहेका कर, भंसार, मूल्य अभिवृद्धिकर, अन्तशुल्क लगायत सेवा तथा शुल्कको कारोबारलाई जोखिमको आधार मा पद्धतिमूलक बनाई व्यवस्थित समेत गरी लैजानुपर्ने देखिएको छ । राजस्वलाई कुशलतापूर्वक कम लागतमा अधिकतम रुपमा परिचालन गरी संकलनमा क्रमवद्ध वृद्धिको दीगोपना कायम राख्न मापदण्डमा सुदृढीकरण, कर निर्धारण तथा अनुसन्धानको गुणस्तरमा सुधार, राजस्व प्रशासनमा संलग्न कर्मचारीको पेशागत क्षमतामा अभिवृद्धि, संगठनात्मक दक्षता विकास गरी राजस्व चुहावटमा कमी ल्याउने लक्ष्यका साथ त्रियाकलापलाई कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ । राजस्व असुलीको सवलतालाई दीगो कायम राखी वृद्धिक्रम धनात्मक गरियो भने सार्वजनिक खर्चमा सन्तुलन कायम भई आन्तरिक र वाह्य ऋणको भारमा कमी आउने हुन्छ । अतः राजस्व प्रशासनमा हुने चुहावटलाई रोकी राजस्वलाई कुशलतापूर्वक परिचालन गरी आमूल रुपले वृद्धि गर्न निजी तथा सरकारी दुवै क्षेत्रको समूहगत प्रयासको खाँचो पर्दछ ।

नेपाल सार्वजनिक क्षेत्र लेखामान

एक परिचय

✍ हुमनाथ सुबेदी
निर्देशक

सार्वजनिक क्षेत्रको वित्तीय व्यवस्थापन आजको महत्तम विषयवस्तु बनेको छ। सार्वजनिक स्रोत साधन मितव्ययीताकासाथ, दक्षतापूर्वक र प्रभावकारी रुपमा परिचालन गर्ने र सोको सम्बन्धमा पारदर्शिता र जवाफदेहिता हुनुपर्ने कुराले विश्वव्यापी मान्यता प्राप्त गरेको छ। सार्वजनिक स्रोत साधनको प्राप्तिको ठूलो हिस्सा जनताको करबाट प्राप्त हुनेहुँदा सोको परिचालन तथा खर्चको बारेमा जानकारी पाउनु जनताको नैसर्गिक अधिकारको रुपमा लिइएको छ। यसैगरी विकासका साझेदारहरु (Development Partners) ले समेत आफूले प्रदान गरेको सहायताका सम्बन्धमा त्यसको बाँडफाँड, परिचालन, उपयोग, उपलब्धि र असर प्रभावको विश्वसनीय जानकारी प्राप्त होस भन्ने ध्येय राख्ने गर्दछन्। जसको लागि विश्वसनीय, एकरुपता भएको, सर्वस्वीकार्य रुपमा स्रोतको परिचालन र सोको लेखांकन एंव प्रतिवेदनको विषयलाई महत्व दिदै आएका छन्। सार्वजनिक स्रोतको कुशलतापूर्वक परिचालन, सोको लेखांकन र लेखापरीक्षण लगायतका पक्षमा विश्वव्यापी रुपमा एकरुपता कायम गर्न विभिन्न मानदण्डहरु, मार्गदर्शनहरुको विकास गरिएको छ। त्यस्तै मानदण्डहरुमध्ये एक महत्वपूर्ण मानदण्डको रुपमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards -NPSAS) लाई लिन सकिन्छ।

International Federation of Accountats (IFAC) को मानदण्ड तयार गर्ने एक स्वतन्त्र अंग International Public Sector Accounting Standards Board ले International Public Sector Accounting Standards (IPSAS) तयार गर्दछ। सरकारी निकायहरुको वित्तीय प्रतिवेदनको लागि बोर्डले तयार गर्ने IPSAS दुई प्रकारका छन् :-

(क)IPSAS-Accrual Basis र (ख)IPSAS-Cash Basis .

नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित रहेको छ।

नेपाल लेखामान बोर्डले नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान तयार गरेको छ। लेखामानलाई मन्त्रिपरिषद्ले २०६६।५।३० मा स्वीकृत गरेको हो। यद्यपी यसको प्रयोग भने स्वीकृत मिति भन्दा निकै पछि मात्र शुरुवात भएको छ। लेखामानमा मुख्यत: दुई भागहरु रहेका छन् :-

क) भाग १ - यो भागलाई अनिवार्य (Mandatory) गरिएको छ। नगदमा आधारित NPSAS तयार गर्न आवश्यक पर्ने र सबै निकायलाई लागू हुने विषयहरु यसमा समाविष्ट रहेका छन्। वित्तीय विवरण तयार गर्ने सम्बन्धमा नगदमा आधारित कारोबारहरु जस्तै नगद तथा बैंक मौज्दात, राजस्व, खर्च, नगद प्राप्ती तथा भुक्तानीका पक्षहरुलाई समेटेको छ। यसमा नगद र नगदजन्य कारोबारहरुको परिभाषा, व्याख्या, निकायबाट नगदमा गरिने नियन्त्रण, वित्तीय प्रतिवेदन प्रस्तुतीकरण तथा खुलासाका लागि आवश्यक शर्तहरु (Requirements), General consideration, Correction of Error, Consolidation of Financial Statement, Foreign Currency को लेखांकन, लागू हुने मिति, बजेटीय सूचनाहरुको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ।

ख) भाग २ - यसलाई हाल अनिवार्य गरिएको छैन । आवश्यक पर्ने लेखा नीतिहरु तथा खुलासाहरु (Disclosures) हरुको पहिचान र तयार गर्ने विषयहरु यसमा समाविष्ट गरिएको छ । यसबाट निकायको सम्पत्ति, दायित्व, भुक्तानी दिनुपर्ने, प्राप्त गर्नुपर्ने तथा कमिटमेण्टहरुलाई यकिन गरी प्रतिवेदन गर्ने पक्षमा जोड दिएको छ । यसका सूचनाहरुले भविष्यमा Accural Basis NPSAS तयार गर्नलाई मार्ग प्रसस्त गर्दछ। हाल सरकारी निकायहरुले NPSAS तयार गर्दा भाग १ केन्द्रीत भई तयार गरेका छन्। हाम्रो अन्तिम गन्तव्य भाग २ समेत समेटिएको वित्तीय विवरण नै हो।

हालको प्रतिवेदन प्रणालीका समस्याहरु

नेपालमा ५० वर्ष भन्दा पुरानो नयाँ श्रेष्ता प्रणालीमा आधारित लेखांकन र प्रतिवेदनको व्यवस्था छ । उक्त लेखा प्रणालीलाई समय सापेक्ष रुपमा परिमार्जन गर्ने कार्य केही हदसम्म भएतापनि त्यसले समग्रमा सम्पूर्ण कारोबारहरुलाई समेट्न सकेको छैन भने प्रतिवेदन मार्फत आवश्यक सूचनाहरु प्रदान गर्न सकेको छैन। हाल सरकारी लेखा तथा प्रतिवेदन प्रणालीका समस्याहरु निम्नानुसार छन् :-

- कारोबारको पहिचान र मापनको लागि स्पष्ट नीति रहेको छैन। हालको लेखा एवं प्रतिवेदन प्रणालीले तेश्रो पक्ष कारोबार, प्राविधिक सहायता तथा विदेशी विनिमय दरमा हुने उतारचढावबाट परेको असरलाई प्रस्तुत गर्न सकेको छैन।
- लेखाङ्कनलाई बढी महत्व दिइएको छ। विविध प्रकारका फारामहरु तयार गरिएको

भएतापनि समष्टिगत रुपमा एकमुष्ट सूचना दिने फारामहरु छैनन् । फारामबीच एकरुपता नभएको,दोहोरोपना रहेको अवस्था छ भने कतिपय फाराम नीति निर्माण वा निर्णयलाई सहयोग पुग्ने फारामहरु रहेका छैनन् ।

- बजेटका सूचना मात्र लेखाङ्कन गर्ने गर्दछ । विश्लेषणात्मक सूचनाहरु प्रदान गर्दैन ।
- गल्तीलाई सच्याउने प्रावधान पर्याप्त छैन
- वित्तीय विवरण प्रमाणित गर्ने प्रचलन छैन
- कमिटमेण्ट गरिएका प्राप्ती तथा भुक्तानीहरुलाई प्रस्तुत गर्ने वा खुलासा गर्ने फारामहरु रहेका छैनन् ।
- निकायहरुबाट भएको कारोबारहरुको दोहोरो लेखांकन भई वित्तीय विवरणमा शुद्धता समेत हुन नसकेको स्थिति छ ।
- सर्वमान्य हुनेगरी लेखा मानदण्ड अपनाइएको छैन ।
- कारोबारको शुद्धता परीक्षणको लागि सन्तुलन परीक्षण तयार गर्ने प्रणाली रहेको छैन ।
- सूचनाको लागि डाटा वेस रहेको छैन ।
- जिन्सी सामानको लेखाङ्कन ऐतिहासिक मूल्यमा गरिएको छ । ह्रास कट्टी गर्ने प्रचलन छैन । जसले गर्दा सम्पत्तिले सही र समूचित चित्रण नगरेको अवस्था छ ।
- सरकारी सम्पत्तिको मूल्यांकन गरी अभिलेख राख्ने प्रचलन छैन । राज्यको दायित्व समेत यकिन रुपमा खुल्दैन ।
- बजेट प्राप्ती, खर्च, उपलव्धी सम्बन्धमा तुलनात्मक विवरणहरु प्रस्तुत गर्ने प्रचलन रहेको छैन ।

उल्लेखित समस्याहरुले गर्दा विकास साझेदारहरुले पटक पटक सर्वस्वीकार्य मानदण्ड लागू गर्न सुझाएका छन् । सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गतको सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिताको प्रतिवेदनमा समेत लेखाप्रणालीमा सुधारको पक्षलाई जोड दिइएको छ । जसको प्रतिफल स्वरुप केही वर्षभित्र NPSAS सवै निकायमा लागू गर्नेगरी कार्य भइरहेको छ ।

NPSAS **नै किन** ?

- General Purpose Financial Statement तयार हुने साथै समग्र देशको आर्थिक अवस्था प्रस्तुत हुने,
- पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धन हुने,
- सम्बन्धित निकाय वा प्रतिवेदक निकायको नगदको अवस्था स्पष्ट देखिने,
- तयार हुने समग्र वित्तीय विवरण अन्य राष्ट्रसँग तुलना गर्न सकिने,
- मानदण्डमा आधारित भई लेखांकन र प्रतिवेदन तयार गर्दा शुद्धता कायम रहने,
- सबै कारोबारलाई समेट्ने (तेश्रोपक्ष कारोबार - कमिट्मेण्ट्स, प्राविधिक सहायता इत्यादि)
- वित्तीय विवरणमा एकरुपता हुने हुँदा अन्तर्राष्ट्रिय जगतले स्वीकार गर्ने,
- वित्तीय नियन्त्रणलाई सघाउ पुग्ने,
- सम्बन्धित निकायहरु (महालेखा नियन्त्रक कार्यालय, महालेखापरीक्षकको कार्यालय) बाट स्वीकृत तथा प्रमाणित हुने हुँदा सबैको जवाफदेहिता समेत रहने,
- डाटावेस तयार गर्न सघाउ पुग्ने र
- कर्मचारीको क्षमता विकासको लागि अवसर प्रदान हुने ।

उद्देश्यहरु (Objectives)

- यथार्थपरक, विश्वसनीय, वित्तीय प्रतिवेदन तयार गर्नु,
- राष्ट्रको सही र यथार्थ वित्तीय अवस्था प्रस्तुत गर्नु,
- अन्तर्राष्ट्रिय मानदण्डहरुसँग एकरुपता कायम गर्नु,
- सार्वजनिक खर्चको सम्वन्धमा पारदर्शिता र जवाफदेहिता वृद्धि गर्नु,
- प्रस्तुत हुने सूचनाको आधारमा सार्वजनिक नीति निर्माण र निर्णय प्रक्रियामा सघाउ पुऱ्याउनु,
- सरोकारवाला पक्षहरु जस्तै :- निर्णयकर्ता, विकास साझेदारहरु, योजनाकर्ताहरु लाई आवश्यक सूचना उपलव्ध गराउनु,
- आर्थिक सुधारलाई सघाउ पुऱ्याउनु र

- स्रोत साधनको समुचित उपयोग गर्न दिसानिर्देश गर्नु ।

हालसम्मको अवस्था

◊ लेखामान लागू गर्न मन्त्रिपरिषदले २०६६।५।३० मा स्वीकृती प्रदान गरेको छ । यसको कार्यान्वयनको लागि फोकल निकायको रुपमा महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ । जस अन्तर्गत एक स्टेरिङ्ग कमिटी गठन गरी समितिले यसको कार्यान्वयनमा भूमिका खेलको छ ।

◊ लेखामान को मोडल तयारी तथा यसको लागू गर्न आवश्यक पर्ने पक्षहरुमा सुझाव दिने गरी एक परामर्शदाताको नियुक्त गरिएको छ । परामर्शदाताको समेत संलग्नतामा तयार गरेको मोडल वित्तीय विवरणमा आधारित रही आर्थिक वर्ष २०७०।७१ मा आर्थिक वर्ष २०६८।६९ र २०६९।७० को र आर्थिक वर्ष २०७१।७२ मा आर्थिक वर्ष २०७०।७१ मा भएको कारोबारको भएको कारोबारको मा भौतिक पूर्वाधार तथा यातायात र महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको नमूनाको रुपमा लेखामानमा आधारित वित्तीय विवरण तयार गरिएको थियो ।

◊ आर्थिक वर्ष २०७२।७३ को वार्षिक नीति तथा कार्यक्रममा "सरकारी वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन नेपाल सार्वजनिक क्षेत्र लेखामान केन्द्रीय स्तरका निकायहरुमा क्रमशः कार्यान्वयन गरिनेछ" भन्ने उल्लेख भए अनुसार आ.व.२०७१।७२ को मन्त्रालय र संवैधानिक निकाय गरी १६ वटा निकायहरुको लेखामानमा आधारित वित्तीय विवरण तयार गर्ने कार्यक्रम रहेकोमा १५ वटा निकायले वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेश गरेका छन् ।

◊ प्रस्तुत वित्तीय विवरण उपर महालेखापरीक्षकको कार्यालयले राय व्यक्त गरेको छ । महालेखा परीक्षकको कार्यालयले १५ निकाय मध्ये एक निकायको कैफियत रहित र बाँकी १४ वटा निकायको कैफियत सहितको राय व्यक्त गरेको छ । जसको व्यहोरा महालेखापरीक्षकको ५३ औं वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरिएको छ ।

◊ लेखमान लागू गर्ने सन्दर्भमा महालेखा नियन्त्रक कार्यालयले महालेखापरीक्षकको कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल चार्टड एकाउन्टेण्ट संस्था तथा विभिन्न विभागहरुसँगको समन्वय र सहकार्यमा कार्यहरु गरिरहेको छ । जसको लागि विभिन्न अन्तरक्रिया, गोष्ठी, सेमिनार तथा तालिम कार्यक्रम सञ्चालन भई रहेका छन् ।

◊ २०७० आषाढमा नेपाल सार्वजनिक क्षेत्र लेखामानलाई नेपाली अनुवाद गरी प्रकाशन गरिएको छ । जसले

गर्दा प्रयोगकर्तालाई सरलता प्रदान गरेको छ ।

◊ लेखामानमा आधारित वित्तीय विवरण तयार गर्न सजिलो होस भन्ने हेतुले सफ्टवेयर र म्यानुअल तयार गर्ने कार्य महालेखा नियन्त्रक कार्यालयले गरिरहेको छ ।

फाईदाहरु (Benefits)

लेखामान अनुसार वित्तीय विवरण तयार गर्दा हुने फाइदाहरु निम्नानुसार छन् :

- **निकायलाई**
  - सबै निकायबीच वित्तीय विवरणमा एकरुपता हुने,
  - Standardization कायम हुने,
  - वित्तीय सूचनाहरुमा पारदर्शिता कायम हुने,
  - नीति निर्माण र निर्णयमा सहयोग पुग्ने,
  - पारदर्शिता र जवाफदेहिता बहन भई सार्वजनिक निकायप्रति जनविश्वास बृद्धि हुने ।
- **जनतालाई**
  - सार्वजनिक स्रोत परिचालन र उपलब्धिको बारेमा बुझ्न र जान्न सहज हुने,
  - सूचना प्राप्त हुने,
  - कमी कमजोरी सुधार गर्न पृष्ठपोषण दिनसक्ने ।
- **कर्मचारीहरुलाई**
  - समयानुकुल ज्ञानको विकास हुने,
  - International Exposure हुनसक्ने,
  - वृत्ति विकासमा ज्ञानको प्रयोग गर्न सकिने,
  - विभिन्न सरोकारवालाबाट माग हुने सूचना तुरुन्त प्रदान गर्न सकिने ।
- **दाताहरुलाई**
  - विश्वसनीयतामा बढोत्तरी हुने,
  - सर्वस्वीकार्य हुने,
  - जवाफदेहितामा वृद्धि हुने,

- सहयोगका क्षेत्र निर्धारणमा सघाउ पुग्ने ।

कार्य प्रवाह :

नेपाल सर्वाजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरण तयार गर्ने कार्यको प्रारम्भ विन्दुमा हामी रहेका छौ । विश्वव्यापी रुपमा एकरुपता कायम गर्न तथा लेखामान अनुसार वित्तीय विवरण तयार गर्न सजिलो होस् भन्ने हेतुले यसको तयारीको कार्य प्रवाहलाई समेत व्यवस्थित गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :



- सर्वप्रथम वित्तीय विवरण तयार गरी प्रस्तुत गर्ने निकायको पहिचान गर्नुपर्दछ । यसको लागि सो निकाय अन्तर्गत रहेका निकाय वा कार्यालयहरुको पहिचान हुनुपर्दछ ।
- प्रतिवेदन तयार गर्ने निकाय अन्तर्गत रहेका सम्पूर्ण निकायहरुको पहिचान पश्चात तिनीहरुलाई आम्दानी प्राप्ति तथा खर्च लगायतका कारोबारको प्रकृति अनुसार नक्सांकन (Mapping) गर्नुपर्दछ । यसमा Budgetory Entity, Extra Budgetary Entity र Government Business entity मा समूहीकृत गर्नुपर्दछ ।

- निकायहरुको वर्गीकरण पश्चात सन्तुलन परीक्षण (Trial Balance) तयार गर्नुपर्दछ । हाल निकाय वा कार्यालयहरुले विनियोजनतर्फ उपशीर्षक अनुसार आर्थिक विवरण तयार गर्दछन् भने राजस्वको राजस्व शीर्षक अनुसार र धरौटीको आर्थिक विवरण तयार गरिन्छ । राजस्व, विनियोजन (चालु, पूँजीगत र वित्तीय व्यवस्था) हरुको प्रविष्टी एवं लेखांकनको लागि १११११ देखि ३२२२१ सम्म शीर्षकहरु कायम गरिएको छ । लेखामानको सन्तुलन परीक्षण (Trial Balance) तयार गर्दा सर्वप्रथम विनियोजन तर्फका विभिन्न बजेट उपशीर्षक भित्रका एउटै खर्च शीर्षकलाई एकिकृत गर्नुपर्दछ । सबै निकायबाट सन्तुलन परीक्षण लिई प्रतिवेदक निकायले एकीकृत सन्तुलन परीक्षण तयार गर्दछ । यसबाट प्रविष्टीमा वा लेखांकनमा त्रुटी भए पत्ता लाग्दछ ।
- सन्तुलन परीक्षणमा प्रविष्ट गरेपश्चात स्वतः Linkage कायम गरी नगद प्राप्ती तथा भुक्तानी विवरणमा प्रविष्ट हुने व्यवस्था मिलाइएको छ । नगद प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरणका दुई वटा फारामहरु र नगद प्राप्ति तथा भुक्तानीको संयुक्त वित्तीय विवरणका दुई फारामहरु गरी चार वटा फारामहरु तयार गर्नुपर्ने हुन्छ । नगद प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरणको प्रथम फाराममा यस वर्ष र गत आर्थिक वर्षको निकायद्वारा नियन्त्रित नगद प्राप्ति र तेस्रो पक्षबाट गरिएको प्राप्तिलाई प्रस्तुत गरिन्छ । यसले कर प्राप्ति, दाखिला, विनियोजनको निकासा, अर्थवजेटबाट प्राप्त निकासा, अन्तर्राष्टिय अनुदान, ऋण वा कर्जा, लगानी फिर्ता वा असुली, स्वयं आर्जित आम्दानी , धरौटी आम्दानीलाई प्रस्तुत गरी वर्षभरिको नगद कारोबारलाई दर्शाउँदछ । यसैगरी दोस्रो फारामले चालु, पूँजीगत, वित्तीय विवरण, राजस्व तथा धरौटी लगायतका कारोबारमा भएको खर्चको अवस्था प्रस्तुत गर्दछ । प्राप्ति मध्ये कति उपयोग भई सञ्चित कोषमा दाखिला भयो र कति नगद मौज्दात बाँकी छ भन्ने व्यहोरा यस विवरणबाट देखिन्छ ।

यसैगरी नगद प्राप्ति तथा भुक्तानीको संयुक्त वित्तीय विवरणको पहिलो फारामले लेखामानले वर्गीकरण गरे अनुसारका मातहत निकायहरुको वजेटरी निकाय, गैर वजेटरी निकाय र सरकारी संस्थानहरुको भन्नाभिन्नै र एकीकृत विवरण देखिने गरी नगद वा नगद जन्य प्राप्ति कारोबारलाई प्रस्तुत गर्दछ । यसमा अन्तर सरकारी निकाय कारोबार मिलान गर्न मिल्ने गरी डिजाइन गरिएको छ । दोस्रो फाराममा मातहत निकायहरुको वजेटरी निकाय, गैर वजेटरी निकाय र सरकारी संस्थानहरुको भिन्नाभिन्नै र एकीकृत विवरण देखिने गरी चालु, पूँजीगत, वित्तीय विवरण, राजस्व तथा धरौटी लगायतका कारोबारमा भएको खर्चको अवस्था प्रस्तुत गर्दछ । यसरी तयार गरिएका चारवटा फाराममा सम्वन्धित निकायको लेखाप्रमुख, लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकको कार्यालयबाट तोकिएको पदाधिकारीबाट दस्तखत गरी प्रमाणित गरि राख्नु

पर्दछ ।

- नगद प्राप्ती र भुक्तानी विवरण तयार गरेपछि बजेट तुलना विवरण तयार गरिन्छ । यसमा शुरु बजेट, बजेट समायोजन, अन्तिम बजेट, निकासा, खर्च तथा अन्तिम बजेट र वास्तविक खर्चको तुलना अवस्था खर्च शिर्षकको मुख्य शिर्षक अनुसार प्रस्तुत गरिन्छ। यसबाट सन्चितकोषबाट भएको खर्च र सन्चित कोषमा भएको दाखिलाको अवस्था समेत खुल्दछ ।
- तत्पश्चात लेखा टिप्पणीहरु (Notes to Accounts) तयार गरिन्छ । लेखा टिप्पणीहरुबाट नै वित्तीय विवरणको बारेमा खुलासा गरिएको हुन्छ । वित्तीय विवरणको प्रयोगकर्ता वा अध्ययनकर्तालाई वित्तीय विवरणबारे खुलस्त पार्न, बुझ्न सजिलो बनाउन तथा कारोबारहरुको प्रविष्टी अंकबीच तादाम्यता कायम गर्न लेखा टिप्पणीहरुले सघाउ पुऱ्याउँदछन् । हाल लेखामान अन्तर्गत विभिन्न ३१ बुँदामा लेखा टिप्पणीहरु उल्लेख गरिएको छ । जसमा कर आम्दानी, गैरकर आम्दानी, बजेटको स्रोत, बैदेशिक वा वाह्य अनुदान प्राप्ति,ऋण तथा सापटी, तेस्रो पक्ष भुक्तानी, जिन्सी व्यवस्थापन, वजेट तथा वास्तविक खर्चको तुलना, अग्रिम भुक्तानीहरु, चालु दायित्व, नगद र नगद जन्य कारोबार, मार्गस्थ नगद, नगद मौज्दात सरकारी नियन्त्रण, चालु, पूँजीगत, राजस्व र धरौटी, त्रुटीको सुधार, संक्रमणकालीन व्यवस्था, अन्तर निकाय लगानी, आकस्मिक कोषबाट भुक्तानी लगायतका वुँदाहरुको व्यवस्था गरेको छ । जसमा प्रयोगकर्तालाई बुझ्न सजिलो हुने गरी कानूनको समेत ध्यान दिई तिनीहरुलाई वर्गीकरण र व्याख्या गरिएको छ ।
- लेखा नीतिहरु अर्को महत्वपूर्ण पक्ष हो । यसमा प्रतिवेदक निकायको परिचय, निकायको प्रकृति, निकाय अन्तर्गत रहेका कार्यालय वा निकायहरुको वर्गीकरण र व्याख्या, वित्तीय विवरण एकीकरणको आधार, प्रतिवेदन अवधि, प्रतिवेदनको मुद्रा, राजस्व, खर्च, लगानी, बैदेशिक मुद्रा, कर्मचारी सुविधा लगायतका विषयहरुलाई स्पष्ट र बोधगम्य तवरले उल्लेख गर्नुपर्दछ । छोटकरीमा भन्दा कारोबारको वित्तीय विवरण लेखांकन र प्रतिवेदन विधिको बारेमा उल्लेख गर्एिको हुन्छ । यसरी उल्लेख गरिने लेखा नीतिहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

लेखामानमा निकायहरुको वर्गीकरण

नगदमा आधारित लेखामान अनुसारको वित्तीय विवरण तयार गर्दा कुनै प्रतिवेदक निकायभित्र रहेका कार्यालयहरुलाई निम्नानुसार वर्गीकरण गरिएको छ :-

(क) **बजेटरी निकाय (Bugetary Entity)**

सञ्चित कोषबाट बजेट विनियोजन हुने निकायहरु जसको कारोबारको बारेमा तालुक वा तोकिएको निकायलाई प्रतिवेदन समेत पेश गर्नुपर्दछ, त्यस्ता निकायलाई बजेटरी निकाय भनिन्छ । सामान्य अर्थमा भन्दा सरकारी विनियोजन अनुसार खर्च गर्ने र लेखांकन गर्ने निकायहरु यसमा पर्दछन् ।

(ख) **गैर बजेटरी निकाय (Extra Budgetary Entity)**

आफ्नै छुट्टै कोष भएको साथै सरकारी अनुदान समेत प्राप्त गर्ने स्वायत्त प्रकृतिका निकायहरु यस अन्तर्गत पर्दछन् । यस्ता निकायले आफूले प्राप्त गरेको अनुदानको मात्र प्रतिवेदन गर्ने गर्दछन् । आफै पनि आम्दानी गर्ने र सोको बाँडफाँड गरी खर्च समेत गर्ने निकायहरु यस प्रकृतिका हुन्छन् ।

(ग) **सरकारी संस्थान (Government Business Entities)**

छुट्टै कानूनी व्यवस्थाद्वारा स्थापित नाफामुलक निकायहरु यस वर्गमा पर्दछन् । नेपाल सरकारको पूर्ण वा अधिकांस स्वामित्व रहेको त्यस्ता निकायहरुलाई सरकारी संस्थान भनिन्छ ।

चुनौतीहरु

१. **निकायहरुको पहिचान र नक्सांकन** : - सर्वप्रथम त कुन मन्त्रालय अन्तर्गत कुन कुन निकाय पर्दछन्, तिनीहरुको कारोबारको प्रकृति कस्तो छ, लेखांकन र प्रतिवेदन प्रणाली कस्तो छ सोको पहिचान गर्ने कार्य चुनौतीपूर्ण छ । सोको आधारमा निकायहरुलाई Economic Entity, Controlling entity, Controled entity साथै Budegetary, Extra budegetary र GBEs मा Mapping गर्ने कार्य चुनौतीपूर्ण छ । सरकारी संस्थानलाई मन्त्रालय अन्तर्गत राख्ने वा नराख्ने छलफलको विषय बनेको छ । अन्यत्र देशको प्रावधान र प्रचलनलाई समेत मध्यनजर गरी केही आधार तयार गरिएको छ । यद्यपी वास्तविक रुपमा कार्य गर्दा कठिनाई विद्यमान रहेका छन् ।

२. **प्राविधिक सक्षमता** : - नगदमा आधारित NPSAS हुँदै प्रोदभावी NPSAS अनुसारको वित्तीय विवरण हाम्रो गन्तव्य हो । हाल नगदमा आधारित NPSAS तयार गर्न समेत सूचना प्रविधिको आवश्यकता पर्दछ । कर्मचारीको सक्षमता विना तयार गर्न कठिन हुन्छ । Database को विकास, म्यानुअल निर्माण, सफ्टवेयर निर्माण लगायतका पक्षहरुमा तत्काल ध्यान दिनुपर्दछ ।

३. **कानूनी लगायतका पक्ष** :- लेखामान अनुसारको वित्तीय विवरणले रेकडिङ्गमा भन्दा रिपोटिङ्गलाई बढी जोड दिएको छ । यसर्थ हालको रिपोटिङ्ग ढाँचामा र समयमा परिवर्तन गर्न तथा अन्य कानूनी पक्षलाई संशोधन गर्न हालको आर्थिक कार्यविधि ऐन, नियमावलीमा संशोधन आवश्यक छ । यसैगरी वित्तीय विवरण

तयार गर्दा आवश्यक पर्ने तथ्यांक तथा सूचना लिन हालका म.ले.प.फा.नं.बाट मात्र सम्भव नहुने हुँदा केही फारामहरु थप गर्नुपर्ने त केहीमा संशोधन गर्नुपर्दछ ।

४. **सम्बन्धित निकाय वा मन्त्रालयको स्वामित्वः** -आफू अन्तर्गत पर्ने निकायको पहिचानदेखि वित्तीय विवरण तयारीसम्मका सम्पूर्ण पक्षहरुमा सम्बन्धित निकायले चासो लिने, स्वामित्व ग्रहण गर्ने कार्य भएमात्र यथार्थपरक र विश्वसनीय वित्तीय विवरण तयार हुन्छ। अधिकांश निकायको बुझाईमा वित्तीय विवरण तयार गर्ने कार्य आर्थिक प्रशासनको मात्र हो भन्ने रहेको छ, जुन सर्वथा गलत छ । यसमा कार्यालयका यावत पक्षहरुलाई समेटिने र वित्तीय विवरणले निकायको मुहार व्यक्त गर्ने हुँदा सबै पक्षको यसमा योगदान रहन्छ। अन्यथा यसको सफलतामा चुनौती सदैव रहिरहन्छ ।

५. **सरोकारवालाहरुको सचेतना** :- यसलाई पूर्ण रुपमा कार्यान्वयन गरी प्रोदभावी आधारमा जान सम्बन्धित सबै पक्षहरु अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखापरीक्षकको कार्यालय, महा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालयहरुको सहयोग, समन्वय र समझदारी हुनुपर्दछ । यसको आवश्यकता र गाम्भीर्यतामा सबै पक्ष सचेत हुनु जरुरी छ । हाल तयार गरिएको वित्तीय विवरण लाई समय सापेक्ष रुपमा परिमार्जन गरी सबैतिर लागू गर्न सबै सरोकारवालाको ऐक्यवद्धता हुनु आवश्यक छ ।

६. **परिवर्तन व्यवस्थापन** :- कर्मचारीहरु सदैव गरिरहेको काममा नै रमाउने प्रवृत्ति हुन्छ । तसर्थ परिवत र्नको लागि तत्पर बनाउन उनीहरुमा ज्ञान सीप र धारणामा परिवर्तन ल्याउन आवश्यक हुन्छ । जसको लागि तालिम, गोष्ठी, सेमिनार अन्तरक्रिया लगायतका उत्प्रेरणात्मक विषयहरुमा पर्याप्त मात्रामा ध्यान दिनुपर्दछ । शुरुमा उत्प्रेरणाका लागि मौद्रिक पक्षहरुमा पनि जोड दिन सकिन्छ ।

७. **कारोबार एवं लेखांकनसँग सम्बन्धित** : - NPSAS लाई पूर्णता दिन सम्पूर्ण कारोबारहरुलाई समाविष्ट गर्ने र सम्पूर्ण कारोबारलाई सही तवरले लेखांकन गर्नू जरुरी छ । सर्वप्रथम सम्पत्ति यकिन गर्न निकायको जिन्सीको अभिलेख र मूल्यांकन गरी सोही अनुसार लेखांकन गर्नुपर्दछ । यसैगरी तेस्रो पक्ष कारोबारहरु (Third Parties Transactions) हरुको पहिचान तथा लेखांकन, प्राविधिक सहायताहरु (Technical Assistances) पहिचान र लेखांकन हुनु जरुरी छ । धेरै वर्षदेखि भन्दै आएको सम्पूर्ण वैदेशिक सहायता बजेटमा समेटिनु पर्छ भन्ने कुरा व्यवहारमा लागू भएको छैन । यही अवस्था रहेमा वित्तीय विवरणले सही र समूचित चित्रण नगर्ने अवस्था रहिरहन्छ ।

अवसरहरु

- Treasury Single Account (TSA), Computerised Government Accounting System (CGAS), Revenue Management Information System (RMIS) प्रयोगमा आइसकेको र जसबाट Real Time Data प्राप्त हुनेहुँदा NPSAS तयार गर्न सघाउ पुग्दछ ।
- NPSAS लाई सार्वजनिक वित्तीय व्यवस्थापनको एक अंगको रुपमा लिई बहुदाता कोष ट्रष्ट फण्डबाट सहयोग प्राप्त भइरहेको हुँदा हालको अवस्थाबाट अगाडि बढ्न सघाउ पुग्ने देखिन्छ ।
- Aid Management Plateform (AMP) तयार गरी वैदेशिक सहायता नीतिको व्यवस्था अनुरुप सवै वैदेशिक सहायता बजेटमा समावेश हुने व्यवस्था मिलाई रहेको हुँदा हाल Third Party Transaction र Techinical Assistance को पहिचान र लेखांकन समस्या हट्न सक्ने देखिन्छ ।
- तालिम कार्यक्रमहरु सञ्चालन भइरहेको हुँदा परिवर्तन व्यवस्थापनमा सघाउ पुग्ने देखिन्छ ।
- महालेखापरीक्षकको कार्यालयले लेखामानमा आधारित वित्तीय विवरणलाई आधार मानी लेखापरीक्षण गर्न र सोको आधारमा लेखापरीक्षण राय दिन शुरु गरिसकेको हुँदा यस प्रणाली स्थापित भइसकेको छ ।

आगामी कार्यदिशा

- यसको महत्व, आवश्यकता सम्बन्धमा सवै सरोकारवाला पक्षहरुलाई जानकारी गराउनु पर्दछ ।
- निर्माणसँग प्रत्यक्ष सम्बन्धित कर्मचारीहरुलाई पर्याप्त मात्रामा स्वदेशी तथा विदेशी तालिम, अध्ययन भ्रमण संचालन गर्नुपर्दछ ।
- निकायहरुको पहिचान, व्याख्या र नक्सांकन कार्य अविलम्ब टुंग्याउनु पर्दछ ।
- सम्पत्ति मूल्यांकनको लागि निश्चित मार्गदर्शनहरु तयार गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि ऐन, नियमहरुलाई लेखामान सापेक्ष रुपमा संशोधन गर्नुपर्दछ ।
- सफ्टवेयर र म्यानुअल तयार गरी निकायहरुलाई प्रदान गर्नुपर्दछ ।
- तालिमको लागि परामर्शदाताको भर पर्नुपर्ने अवस्थाबाट अगाडि बढ्न शुरुमा एक टोलीलाई पर्याप्त प्रशिक्षण दिने तत्पश्चात Roll out गर्दै लैजानुपर्दछ ।
- देखिएको समस्याहरु तत्काल सुधार गर्दै जानुपर्दछ ।
- लेखापालनमा सूचना प्रविधिको प्रयोग गर्नु पर्दछ । जसले गर्दा डाटावेस तयार हुने तथा प्राप्त सूचनाबाट रिपोटिङ गर्न समेत सघाउ पुग्दछ ।

- म.ले.प.फा.नं. हरु मध्ये केही फारामहरुमा संसोधन गर्नुपर्दछ । लेखाका वार्षिकरुपमा तयार गरिने प्रतिवेदन फारामहरुमा तत्काल सुधार गर्नुपर्ने देखिन्छ। फारामहरुमा पर्याप्त मात्रामा सूचनाहरु खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ ।
- लेखामानको लागि आवश्यक डाटाहरु TSA, RMIS बाट लिने र CGAS लाई NPSAS सापेक्ष हुने गरी तयार गर्नुपर्दछ ।

निष्कर्ष:

स्रोतसाधनको न्यायोचित वितरण, उपयोगमा दक्षता र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नु शासन सञ्चालनको आधारभूत पक्ष हो । राज्यद्वारा सञ्चालित क्रियाकलाप एवं सेवा प्रवाह पारदर्शी, कुशल तथा सक्षम हुनका साथै वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न सके मात्र राज्यका संयन्त्रप्रति जनविश्वासमा वृद्धि हुन्छ । यसै सन्दर्भमा नेपाल सार्वजनिक क्षेत्र लेखामानलाई समेत एक उपकरण *(Tools)* को रुपमा लिन सकिन्छ । सार्वजनिक स्रोत साधनको परिचालनदेखि लेखापरीक्षणसम्मका क्रियाकलापलाई समेटी राज्यको समग्र अवस्थालाई विम्वित गर्ने एक ऐनाको रुपमा लेखामान रहेको छ। परिवर्तित समय सन्दर्भमा यसको आवश्यकता र औचित्य अझ वृद्धि भएको छ । नागरिक तथा विकास साझेदारलाई विश्वस्त पार्न यसले भूमिका निर्वाह गर्दछ । यसको पूर्ण कार्यान्वयनका लागि चुनौती भएतापनि सवै पक्षको सुझबुझ पूर्ण कार्य र समन्वयको आवश्यकता पर्दछ । यसर्थ यसको कार्यान्वयनमा सवैपक्ष ऐक्यवद्ध भई अगाडि बढ्नु पर्दछ । सुशासनको पर्खालमा एक इट्टाको रुपमा नेपाल सार्वजनिक क्षेत्र लेखामान रहेको तथ्यलाई मनन गर्नुपर्दछ ।

सन्दर्भ सामाग्री

- महालेखा नियन्त्रक कार्यालयबाट विभिन्न तालिम कार्यक्रममा प्रदान गरिएका कार्यपत्रहरु
- www.fcgo.gov.np
- www.oagnep.gov.np
- www.ifac.org

सार्वजनिक खरिद ऐन र नियमावलीमा रकम उल्लेख भएका प्रावधानहरु



✍ **जनकराज गौतम**

पूर्व उप-महालेखा परीक्षक

पृष्ठभूमि

सरकारी निकायहरुबाट आर्थिक कार्यविधि ऐन, २०५५ र सो अन्तर्गत बनेको नियमावली बमोजिम खरिद कार्य हुँदै आएको थियो । सार्वजनिक खरिद प्रक्रियामा सहभागीहुने सबैलाई समान अवसर प्रदान गरी सुशासनको प्रत्याभुति गर्नका लागि सार्वजनिक खरिद कार्यलाई अलग कानूनद्वारा व्यवस्थित गरियो । नेपालको सार्वजनिक खरिद ऐन संयुक्त राष्ट्रसंघीय व्यापार सम्बन्धी कानुनमा आधारित भएको कुरा बिज्ञहरुले उल्लेख गरेका छन् । साथै, आर्थिक कार्यबिधि ऐन तथा नियम मात्र पालना गरेर नपुग्ने र सार्वजनिक खरिदमा सुशासनका खम्बा (Pillar) को प्रतिबिम्बित हुनुपर्ने आवश्यकता र दायित्व बोधको महशुस भई सुशासन कायम गर्न सार्वजनिक खरिद सम्बन्धी ऐन नियम ल्याइएको उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ र सार्वजनिक खरिद नियमावली, २०६४ बीच विभिन्न पक्षमा समन्वयात्मक हिसावले कार्यान्वयन भएमा आर्थिक कारोवारको नियमन पक्ष मजबुत हुने देखिन्छ ।

लेखापरीक्षकको ध्यान

यस प्रस्तुतीमा खासगरी सार्वजनिक खरिद ऐन नियमका योजना तयारी देखि खरिद गर्ने निर्णय, खरिद कार्यमा सार्वजनिक आह्वान, करार सम्झौता, कार्यको अनुगमन, अभिलेख, प्रतिवेदन, भुक्तानी र खरिदको समापन सम्मका रकम उल्लेख भएका प्रावधानहरुका सम्बन्धमा लेख्ने प्रयास भएको छ । यसबाट जिम्मेवार अधिकृत, अधिकार प्राप्त अधिकारी, लेखा प्रमुख लगायत लेखामा कार्यरत कर्मचारी, प्रविधिक कर्मचारी, खरिद इकाईमा संलग्न पदाधिकारी, लेखापरीक्षक, अनुगमनकर्ता, अनुसन्धानमा कार्यरत

लगायतका अन्य प्रयोगकर्तालाई के कस्ता कारोवार वा कार्यमा के कति रकमको सीमा तोकिएको रहेछ भनेर थाहा पाउन सजिलो हुने देखिएकोले यो लेख तयार भएको छ । लेखापरीक्षणको योजना तर्जुमा चरण, कार्यान्वयन चरण, सूपरीवेक्षकबाट हुने निरीक्षण, माथिको तहबाट हुने स्थलगत अनुगमन पूनरावलोकन कर्ता र प्रतिवदेन तयारीमा यस किसिमको लेखले केही हद सम्म सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । त्यस्तै यस्ले चेकलिष्टको काम पनि गर्नेछ ता की कम से कम रकम उल्लेख भएका पक्षको विषयमा ध्यान दिएर परीक्षण गर्दा पनि वित्तीय लेखापरीक्षणमा आवश्यक पर्ने धेरै पक्ष परीक्षणको दायरामा समेटिएको हुनेछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ मा रकम उल्लेखित भएका विभिन्न प्रावधानलाई यस लेखमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

१. **खरिदको तयारी–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारीगर्दा साठी लाख रुपैयाँसम्मको निर्माण कार्यको खरिद भन्दा बाहेकको अन्य खरिदमा बोलपत्र योग्यता वा पूर्व-योग्यताको कारबाही अगाडि बढाउनु पर्ने वा नपर्ने विषयमा यकिन गर्नु पर्नेछ । ऐन बमोजिम साठी लाख रुपैयाँ भन्दा कम लागत अनुमान भएको निर्माण कार्य गराउँदा निर्माण व्यबसायीको योग्यता निर्धारण संबन्धमा आवश्यक पर्ने छैन ।

२. **पूर्वयोग्यताको कागजात –** नियमावलीको नियम **३४** मा सार्वजनिक निकायले पूर्वयोग्यता सम्बन्धी कागजात तयार गर्न लागेको खर्चको आधारमा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट एक हजार देखि पन्ध्र हजार रुपैयाँ सम्म दस्तुर लिई पूर्वयोग्यता सम्बन्धी कागजात उपलव्ध गराउनु पर्नेछ ।

३. **संक्षिप्त सूचीको तयारी :–** नियम **७०** अनुसार –

(१) सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न नियमानसार सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्नेछ ।

(२) सामान्यतया तीन करोड रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्नेछ ।

४. **खरिदको गुरु योजना–**नियम **७** मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्नेछ ।

५. **वार्षिक खरिद योजना–**नियम **८** मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षका लागि अनुमानित वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ ।

६. **लागत अनुमानको स्वीकृति–** नियम **४९** मा सार्वजनिक निकायले कुनै पनि खरिद, निर्माण कार्य वा सेवा संबन्धी क्रियाकलापको .साठीलाख रुपैयाँ सम्मको बोलपत्र आह्वानको सूचनामा लागत अनुमान रकम खुलाउनु पर्नेछ। त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ । तर पच्चीस हजार रुपैयाँ सम्मको खरिद गर्न लागत अनुमान गर्नुपर्ने छैन । साथै, नियम १२ बमोजिम तयार भएको लागत अनुमान निम्न रकमगत सीमा (ceiling) को विचारगरी सार्वजनिक निकायका प्रमुख वा जिम्मेवार व्यक्ति वा अधिकार प्राप्त अधिकारीले स्वीकृत गर्नुपर्छ :-

स्वीकृत गर्ने कार्यालय प्रमुख	**मालसामान, निर्माण कार्य अन्य सेवा तर्फ लागत अनुमान** नियम १०, ११ र १३ बमोजिम	**परामर्श सेवातर्फ लागत अनुमान** नियम १२ बमोजिम	**बोलपत्रस्वीकृत गर्ने** नियम ६७(१) बमोजिम
राजपत्राङ्कित तृतीय श्रेणी	रु. २५ हजार देखि रु.५० लाख सम्मको	रु. १ लाख सम्मको	रु. १ करोड सम्मको
राजपत्राङ्कित द्वितीय श्रेणी	रु. १ करोड सम्मको	रु.५ लाख सम्मको	रु.३ करोड सम्मको
राजपत्राङ्कित प्रथम श्रेणी	रु.३ करोड सम्मको	रु.१० लाख सम्मको	रु.७ करोड सम्मको
विभागीय प्रमुख	रु.३ करोड माथि जनिसुकै पनि	रु.१० लाख भन्दा माथि	रु ७ करोड भन्दा माथि

७. **मूल्य अभिवृद्धि कर –** नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछ :-

(क) पाँच हजार रुपैयाँ भन्दा कम रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा,

(ख) मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान खरिद गर्दा,

(ग) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एक लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा लिनु पर्दा,

(घ) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एक लाख रुपैयाँभन्दा कम रकमको सेवा करारमा लिनु पर्दा,

(ङ) एक आर्थिक वर्षमा एक प्राकृतिक व्यक्ति वा फर्मबाट एक लाख रुपैयाँभन्दा कम भाडा तिर्ने गरी सवारी साधन, उपकरण वा मालसामान भाडामा लिनु पर्दा,

(च) एक आर्थिक वर्षमा एक प्राकृतिक व्यक्ति वा फर्मबाट एक लाख रुपैयाँभन्दा कम ज्याला तिर्ने गरी मालसामान मर्मत सम्भार गराउनु पर्दा,

(छ) घर भाडामा लिनु पर्दा,

(ज) उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनु पर्दा ।

८. **दुर्गम क्षेत्र**–नेपाल सरकारले दुर्गम क्षेत्र भनी तोकेको जिल्लामा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कुनै पनि फर्म वा बिक्रेताले मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएको रहेनछ भने सो जिल्लाको लागि देहाय बमोजिमको समितिले तयार पारेको जिल्लामा उपलब्ध आपूर्तिकर्ताको सूचीमा रहेका आपूर्तिकर्ताबाट दश लाख रुपैयाँसम्मको खरिद सम्बन्धी आर्थिक कारोवार गर्न सकिनेछ :-

(क) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय	-अध्यक्ष
(ख) प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय	-सदस्य
(ग) अध्यक्षले तोकेको जिल्ला प्राविधिक कार्यालयको प्राविधिक	-सदस्य
(घ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ	-सदस्य
(ङ) अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी	-सदस्य-सचिव

(४)समितिको सचिवालयको काम कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

९. **निर्माण व्यवसायीको योग्यताका आधार** :–नियम २६ मा सार्वजनिक निकायले साठी लाख रुपैयाँभन्दा माथिको निर्माण कार्य सम्बन्धी खरिद कारबाहीमा भाग लिने बोलपत्रदाताको वा पूर्वयोग्यताको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा देहायका कुरा मध्ये आवश्यकतानुसार कुनै वा सबै आधारहरु हेरिनेछ :–

(क) बोलपत्रदाताको मुख्य सम्झौताकर्ता (प्राईम कन्ट्रयाक्टर) भई एकलौटी रूपमा काम गरेको अनुभव ।

(ख) संयुक्त उपक्रमको साझेदारको हैसियतले काम गरेको, तर राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान भएको अवस्थामा दश वर्षको कारोवार मध्येको कुनै तीन वर्षको अधिकतम सरदर वार्षिक कारोवारलाई आधार को रुपमा लिइनेछ ।

(ग) एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा सब-कन्ट्राक्टरको रूपमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको न्यूनतम रकम बराबरको निर्माण कार्य गरेको ।

(घ) खरिद सम्झौता बमोजिमको निर्माण कार्य शुरु गर्नको लागि आवश्यक रकम भुक्तानी नपाउने वा पाउन ढिलाई हुने अवस्थामा पनि रकमको अभावमा काम नरोकिनका लागि व्यबसायीलाई कर्जा सुविधा र अन्य वित्तीय स्रोत उपलब्ध भएको, तर यसमा व्यबसायीले कुनै खरिद सम्झौता अन्तर्गतको अग्रीम पेश्की रकम समावेश गर्न पाउने छैन ।

१०. **खरिद कारबाहीको अभिलेख**–नियम १४९ मा अभिलेख राख्दा कार्यालय वा योजनामा रहेका कुनै सम्पतिको मूल्य पचास लाख रुपैयाँभन्दा बढी रहेछ भने सो सम्पतिको लागत मूल्य, ह्रासकट्टी र मर्मत सम्भार खर्च सहितको विवरण खुलाउनु पर्नेछ ।

११. माल**सामानको मर्मत सम्भार**:–नियम ९६ बमोजिम उपकरण वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराइ प्रति एकाई मूल्य पाँच हजार रुपैयाँ भन्दा बढी पर्ने उपकरण वा पाटपूर्जाको अभिलेख राख्नु पर्नेछ र त्यस्ता पाटपूर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्नेछ ।

१२. **कागजातको दस्तुर**: (१) बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्बन्धी कागजात सो निकाय वा सो निकायले तोकेको दुई वा दुईभन्दा बढी अन्य निकायबाट देहाय बमोजिमको दस्तुर तिरी लिनु पर्नेछ :-

(क) दश लाख भन्दा माथि साठी लाख रुपैयाँसम्मको लागि	एक हजार रुपैयाँ
(ख) साठी लाखभन्दा माथि छ करोड रुपैयाँसम्मका लागि	तीन हजार रुपैयाँ
(ग) छ करोडभन्दा माथि दश करोड रुपैयाँसम्मको लागि	पाँच हजार रुपैयाँ
(घ) दश करोड रुपैयाँभन्दा माथि पच्चीस करोडसम्मको लागि	छ हजार रुपैयाँ
(ङ) पच्चीस करोड रुपैयाँभन्दा माथि जतिसुकै रकमको लागि	दश हजार रुपैयाँ

१३. **बोलपत्रको अवधि**:–नियम ५४ मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजातमा बोलपत्र वा परामर्श सेवाको प्रस्तावको मान्य हुने अवधि उल्लेख गर्दा देहाय बमोजिमको अवधि उल्लेख गर्नु पर्नेछ:-

(क) दश करोड रुपैयाँसम्म लागत अनुमान भएको बोलपत्र वा परामर्श सेवाको प्रस्तावको लागि — नब्बे दिन

(ख) दश करोड रुपैयाँ भन्दा जति सुकै बढी लागत अनुमानको बोलपत्र वा परामर्श सेवाको लागि — एक सय बीस दिन

१४. **परामर्श सेवा** :–नियम ७२ मा उल्लेख भए अनुसार–

(१) सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा तयार गरिएको मौजुदा सूचीमा रहेका सूचिकृत परामर्शदाताबाट लिखित रूपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ ।

(२) प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तीमा तीन वटा परामर्शदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा-छुट्टै खाममा माग गर्नु पर्नेछ ।

(३) प्रस्ताव मूल्याङ्कन विधि भने गुणस्तर र लागत विधि अनुसार छनौट गर्नु पर्नेछ ।

१५. **सोझैवार्ता** :–नियम **८२** मा सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालीम, गोष्ठी, कार्यशाला र सेमिनार जस्ता विषयमा सेवा लिन परेमा एक लाख रुपैयाँसम्मको सार्वजनिक निकायको प्रमुख आफैंले र सो भन्दा माथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई सोझै वार्ताबाट खरिद गर्न सकिने छ ।

१६. **सोझै खरिद**–नियम **८५** मा एकलाख पचासहजार रुपैयाँसम्मको खर्च भैजाने वा पूँजीगत मालसामान वा परामर्श वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सकिनेछ ।एकलाख रुपैयाँसम्म सेवा शुल्क लाग्ने सेवा सार्वजनिक निकायले वार्ता गरी खरिद गर्न सक्नेछ । सो रकम भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा काठमाडौ उपत्यकामा रहेका सार्वजनिक निकाय तथा केन्द्रीयस्तरका सार्वजनिक निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय समाचारपत्रमा र क्षेत्रीय वा जिल्लास्तरका सार्वजनिक निकायले पन्ध्र दिनको अवधिको स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशन गरी र सो निकाय र देहायका कार्यालयको सूचना पाटीमा सूचना टाँस गर्नुपर्नेछ ।

१७. **उपभोक्ता समिति**–नियम **९७** मा साठी लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिनेछ ।

१८. **अमानतबाट निर्माण कार्यः** – नियम **९८** (१) मा खरिद कार्यमा अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिएर एकलाख रुपैयाँमा नबढाई खण्ड-खण्ड गरी वार्तावाट गराउन वा निर्माण सम्बन्धी काममा आवश्यक सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिनेछ ।

१९. **रकमको हद**–नियम **१०१** मा तीन करोड रुपैयाँ भन्दा कम रकमको खरिद कारबाहीको सम्बन्धमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने छैन ।

२०. **बीमा गर्ने**–नियम **११२** (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्नेछ ।

२१.**मालसामानको निरीक्षण**–नियम **११५** मा पच्चीसहजार रुपैयाँ सम्मको मालसामान सार्वजनिक निकायको भण्डार शाखाको प्रमुखले आवश्यक निरीक्षण वा परीक्षण गरी बुझिलिन सक्नेछ ।

२२. **बिल वा विजकको भुक्तानीः**–नियम **१२३** मा उल्लेखित प्रावधान बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्नेछ ।

२३. **विवाद समाधान सम्बन्धी संयन्त्रः**–नियम १२९.मा सार्वजनिक निकाय र निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताबीच खरिद सम्झौता कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा सो विवाद समाधान गर्ने संयन्त्र सम्झौतामा उल्लेख गर्दा दश करोड रुपैयाँ सम्म सम्झौता मूल्य भएको खरिद सम्झौताको विवादको समाधान निर्णयकर्ता (एडजुडिकेटर) द्वारा र सो भन्दा बढी सम्झौता मूल्य भएको खरिद सम्झौताको विवादको समाधान तीन सदस्यीय विवाद समाधान समितिद्वारा गर्नुपर्ने उल्लेख छ ।

२४. **विशेष परिस्थितिमा खरिद**–नियम **१४५** बमोजिम सार्वजनिक निकायले दशलाख रुपैयाँ भन्दा बढी रकमको खरिद गरेकोमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्नेछ ।

२५.**कार्य सम्पन्न प्रतिवेदन**–नियम **१२५** अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नियमानुसार पेश भएको कार्य सम्पन्न प्रतिवेदनमा दश लाख रुपैयाँसम्मको निर्माण कार्यको हकमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख प्राविधिक भए निज आफैले जाँचगरी र प्राविधिक नभए अन्य प्राविधिक कर्मचारीबाट

जचाउन सक्नेछ। त्यसरी जाँच गर्दा वा गराउँदा त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भएको पाइएमा निजले कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ र कार्य सम्पन्न भएको जानकारी कार्यालय प्रमुखभन्दा एक तह माथिको अधिकारीलाई दिनु पर्नेछ।

निष्कर्ष

सार्वजनिक खरिद ऐन नियम बमोजिम काम, कर्तव्य, जिम्मेवारी र अधिकार पाएका कर्मचारीहरुले यी माथिका पक्षलाई ध्यान दिएमा खरिद कारोवारसंग सम्बन्धित रकमको सीमा र उल्लेखित नियमको पालना हुन सक्ने हुन्छ। पदाधिकारीहरुले कार्यप्रति उत्साहित भई आर्थिक अनुशासन कायमगरी पुँजिगत खर्च बढाउन प्रेरित हुनुपर्छ। कार्यक्रम संचालनगर्दा वितीय कारोवारमा नियमन ल्याउन आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार बजेट रकम, सम्पत्ति तथा जिन्सी सामग्री र जनशक्तिको सही रुपमा परिचालन गर्न र कार्यक्रम संचालनमा दोहोरोपना हटाउनका लागि मन्त्रालय, विभाग, कार्यालय तथा योजनास्तर मा सर्वाजनिक खरिद ऐन नियम प्रकिया र रकम समेतको विचार गरी कार्यान्वयन गर्नुपर्छ। पूर्वाधार निर्माणमा जोड दिएमा आर्थिक विकासको गतिविधि बढेर जनताको जीवनस्तर सुधार्ने, बजार विस्तार गर्न पाइने, गुणस्तरीय कार्यबाट उत्पादन लागत घटाइ उत्पादकत्व बढाउन सकिने तथा स्थानीय जनताको आर्थिक ,सामाजिक र मनोवैज्ञानिकस्तर माथि उठाउनका लागि भौतिक तथा पूर्वाधार निर्माणलाई नियमित, समान अवसर, कार्यदक्षता, मितव्ययिता र प्रतिफलको उपादेयतामा बदल्नु पर्छ। यस कार्यका लागि सरकारी लेखापरीक्षकले पनि लेखपरीक्षणको माध्यमबाट नयाँ उपायहरुको अबलम्बन गरी योगदान पुऱ्याउनु आवश्यक छ।

नेपालको सार्वजनिक संस्थानको सुधारको मार्ग चित्र

भुमिराज आचार्य

लेखापरीक्षण अधिकारी

१. **विषय प्रवेश –** व्यावसायिक मान्यता एवं सिद्धान्त बमोजिम सरकार तथा जनता समेत को सहभागितामा वस्तु तथा सेवाको उत्पादन विक्री वितरण गरी सो मार्फत आर्थिक वृद्धि हासिल गर्दै मुलुकलाई आत्म निर्भर एवं सम्पन्न तुल्याउन सार्वजनिक सस्थानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विश्वमा सन् १९३० को आर्थिक मन्दीबाट पार पाउन सार्वजनिक निकायहरु को स्थापना र संचालन हुन थालेको र नेपालमा सर्वप्रथम वि.सं १९९३ मा नेपाल बैक लिमिटेड को स्थापना भए पश्चात सार्वजनिक सस्थानको उदय भएको पाइन्छ। वि.सं २०४९ साल सम्ममा ६९ वटा संस्थान रहेकोमा समय समयमा गठन, विघटन, खारेजी एकिकरण हुदै हाल ३७ वटा सार्वजनिक संस्थानमा सिमित रहेको छन्। ती ३७ सार्वजनिक सस्थानहरु मध्ये कम्पनी ऐन अनुसार २३ ,संस्थान ऐन अनुसार २ ,विषेश ऐन अनुसार ७ , संचार संस्थान ऐन अनुसार २ र बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन अनुसार ३ वटा समेत ६ वर्गमा वर्गीकरण गरिएको पाइन्छ।

२. **सार्वजनिक संस्थानको वर्तमान झलक –** सार्वजनिक संस्थानले नेपालको अर्थतन्त्र र सेवा प्रवाहमा महत्वपूर्ण योगदान दिएको पाईन्छ । बैकिङ्ग वित्तीय मौद्रिकीकरण तथा सेवा प्रवाह गर्न एवं उद्यमशीलता विकास गरी श्रोत परिचालन तथा औद्योगिकरणमा विशेष सहयोग पुर्‍याएको पाईन्छ। वि. सं.२०५० साल भन्दा अघिसम्म निजी क्षेत्रको विकास भई नसकेको अवस्थामा नेपालमा सार्वजनिक संस्थानले वस्तु र सेवाको खरिद बिक्रीमा महत्वपूर्ण योगदान पुर्‍याएको पाईन्छ । अत्यावश्यक वस्तुको वितरण र बजारमा हुन सक्ने कार्टेलिङ्ग, सिण्डीकेट र कालो बजारीलाई नियन्त्रण गर्नुका साथै राजस्वमा ठुलो योगदान गरेको दर्जनौ उदाहरणहरु ताजै र स्मरणीय रहेको पाईन्छ। **वि.सं** २०७२/१/१२ र २०७२/१/२९ को विनाशकारी भुकम्प र त्यस पछिका पराकम्पन गएको समयमा नेपाल आयल निगम र नेपाल विधुत प्राधिकरणले अविचलित र अविरल पुर्‍याएको

सेवा प्रशंसनीय तथा उदाहरणीय छन् । त्यस्तै नेपाल टेलिभिजन, नेपाल टेलिकम, काठमाडौ उपत्यका खानेपानी व्सवस्थापन लिमिटेड, सरकारी स्वामित्वको बैकहरु र नेपाल खाद्य संस्थान एवम दुग्ध विकास सस्थान जस्ता सस्थानहरुले उपर्युक्त विषम परिस्थितीमा समेत आफनो कारोबार लाई निरन्तरता दिई सेवा प्रवाहमा कमी हुन दिएनन् ।

उपरोक्त सकारात्मक अवस्थामा हुँदा हुँदै पनि समग्रमा भन्नु पर्दा नेपालको सार्वजनिक सस्थानको स्थिति मजबुत नभएको पाईन्छ । २०७२।०७३ को आर्थिक सर्वेक्षण अनुसार कुल ३७ सार्वजनिक संस्थान मध्ये २० नाफामा ,१४ घाटामा र ३ वन्द अवस्थामा रहेको देखिन्छ । त्यस्तै गरी ऋण तथा शेयर लगानीतर्फ २०७२ आषाढ मसान्तमा कुल रु २ खर्ब ५६ अर्ब १२ करोड पुगेको तर २०७२ आषाढ मसान्तसम्म रु ६ अरब ४५ करोड मात्र लाभांश प्राप्त भएको छ । भाखा नाघेको सांवा र व्याज समयमा प्राप्त हुने गरेको छैन । संस्थानहरुको नाफा समग्रमा आ. व. २० ७२ अषाढ सम्म रु ३३ अर्ब ९२ रहेको पाईन्छ । सार्वजनिक संस्थानहरुमा कोषमा व्यवस्था नगरिएको दायित्व २०७२ अषाढसम्म रु २५ अर्ब ८० करोड पुगेको छ ।

३. नेपालको सार्वजनिक सस्थानको समस्या

- साधन , श्रोत र क्षमता उपयोग नभएको,
- सञ्चालन खर्चमा वृद्धि हुदै गएको,
- निजी क्षेत्रसंगको कमजोर प्रतिस्पर्धा,
- वस्तु तथा सेवाको गुणस्तर सुधार गर्न नसेकेको
- परम्परागत प्रविधिको प्रयोग ,
- व्यवसायिक सिप र ज्ञानको अभाव ,
- समन्वय गर्ने नेतृत्वदायी स्थायी संस्थागत संरचनाको अभाव रहेको,
- संस्थागत सुशासन कमजोर रहेको,
- अनुगमन तथा मुल्याङ्कन प्रणाली प्रभावकारी नहुनु ,
- निरन्तर ढडगले अनुगमन तथा मुल्याङ्कन गर्ने पद्धतिको विकास नगरिएको,

- कार्य सम्पादनको आधारमा पुरस्कृत र दण्डित गर्ने संस्कृतिको विकास नगरिएको,
- आम्दानी र क्षमता भन्दा बढी सुविधा उपभोग,
- दलगत ट्रेड युनियनको कारण समस्या श्रृजना भएको,
- संस्थान गठन व्यवस्थापन र सञ्चालन सम्बन्धमा छाता ऐन कानुन नभएको साथै एकल जिम्मेवार र अधिकार सम्पन्न संयन्त्रको अभाव देखिएको,
- पेशाविद र व्यवसायिक गुण भएका उच्च व्यवस्थापक को कमी , व्यवसायिक स्वायत्तता नर हेको, स्वायत्तता दिएकोमा पनि व्यावसायिक निर्णय हुन नसकेको,
- संस्थान संचालनको व्यावसायिक संस्कृतिको विकास हुने आधारभूत तत्वको अभाव एवम नितीगत स्पष्टता नभएको ।

४. सार्वजनिक सस्थान सुधारको लागि हाल सम्म सरकारी तबरबाट गरीएको प्रयासहरु

४.१ संरचनागत,नीतिगत **तथा सस्थागत सुधार –** २०४२ सालवाट सार्वजनिक सस्थानहरुमा सरकार ले गरेको लगानीमा पुनर्विचार गरीनु पर्ने वहस शुरु भएको र अन्तर्राष्टिय मुद्रा कोषको सहयोग मा सस्थागत सुधार कार्यक्रमको माध्यमबाट निजीकरणको थालनी, आवधिक योजना, प्रशासन सुधार आयोग र सार्वजनिक खर्च पुनरावलोकन आयोगले गरेको प्रयास तथा निजीकरण कार्यक्रम साथै

सार्वजनिक सस्थानको सञ्चालन अनुगमन मुल्याङ्कनको लागि सार्वजनिक सस्थान निर्देशन बोर्ड स्थापना, सम्बन्धित मन्त्रालयहरुमा संस्थान हेर्ने शाखा, महाशाखाको स्थापना, विश्व बैकको सहयोगमा वित्तीय क्षेत्र सुधार कार्यक्रम र एशियाली विकास बैकको सहयोगमा कृषि विकास बैकको पुनरसंरचना र सस्थागत सुधार कार्यक्रम संचालन गर्दै प्रत्येक वर्षको बजेट वक्तव्य मार्फत बार्षिक बजेटमा सस्थान सुधारको विषयले प्राथमिकता पाएको देखिन्छ। कृषि विकास बैक र नेपाल टेलिकममा रणनीतिक साझेदार भित्राउने गृहकार्य भईरहेको छ । साथै २०७३।०७४ को बार्षिक बजेटमा ४ संस्थान गाभेर राष्टिय आपूर्ति कम्पनी निर्माण गरीने उल्लेख छ ।

४.२ आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको प्रयास – सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी खरीद प्रणालीमा एकरुपता कायम गरिएको, सुशासन ऐन ,

२०६४ र नियमावली, २०६५ बमोजिम सुशासन कायम गर्ने नीति लिएको, सूचनाको हक सम्बन्धि ऐन २०६४ को पूर्ण पालना गर्ने व्यवस्था गरिएको, खर्च गर्दा मितव्ययिता, पारदर्शिता मार्फत क्षमता , प्रभावकारीता र उत्पादकत्व वृद्धि गर्ने प्रयास गर्दै नेपाल लेखामान र लेखा परीक्षणमानको मानदण्ड अवलम्बन गर्नुपर्ने व्यवस्था गरी लेखा प्रणलीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने प्रयास गरिएको छ। साथै आन्तरिक नियन्त्रण प्रणालीलाई सवल बनाउने प्रयास गरी अन्तिम लेखापरीक्षण बाट देखिएको व्यहोराहरुको फछ्यौंट र सम्परीक्षणको काममा संचालक एवम व्यवस्थापनलाई जिम्मेवार बनाईएको र आर्थिक क्रियाकलापहरुको पारदर्शिता र सेवाग्राहीको पहुचमा पुर्‍याउन अनिवार्य रुपमा सार्वजनिकरण गर्ने व्यवस्था गरिएको छ।

४.३ **विनिवेश निजीकरण, एकीकरण र खारेजीको प्रयास –** सस्थानहरुमा रहेको नेपाल सरकारको अंश विनिवेश गरी निजी क्षेत्रलाई लगानीको लागि प्रोत्साहित तथा व्यावसायिक तवरले संचालन हुन नसक्ने केही सस्थानलाई खारेजी गरीएको र एकै प्रकृतिको कार्य गर्नलाई गाभ्ने निर्णय गरिएको छ।

४.४ **उदारीकरण नीति बमोजिम सार्वजनिक सस्थानहरुलाई स्वायत्तता प्रदान गरीने प्रयास –**वस्तु तथा सेवा उत्पादन, मूल्य निर्धारण र बजार प्रवर्द्धन जस्ता व्यवसायिक निर्णयमा स्वायत्तता प्रदान गरिनुका साथै नयाँ प्रविधिको उपयोग र सेवा प्रवाहमा विस्तार गरिएको छ।

४.५ **जनशक्ति व्यवस्थापनमा सुधार –** नयां दरबन्दी श्रृजना र संरचनागत परिवर्तन गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको, स्वेच्छिक अवकाश योजना लागु गरी अनावश्यक कर्मचारी कटौती गरिएको, वर्तमान नेपालको संविधान २०७२ मा विश्व विधालय र शिक्षक सेवा आयोगबाट पदपूर्ति हुने बाहेक सम्पूर्ण ५१ प्रतिशत भन्दा बढी शेयर भएको सस्थान, समिति, बार्ड, केन्द्र र त्यस्तै प्रकारको अन्य सस्थामा कर्मचारी भर्ना गर्दा लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट गरिने व्यवस्था गरिएको छ।

४.६ **व्यवसायिक क्षमतामा वृद्धि –** ऋण र शेयर लगानीको माध्यमले सरकारबाट पूजी परि चालनमा सहयोग पुर्‍याईएको, सरकार जमानत बसी विभिन्न वित्तीय सस्थाहरुबाट ऋण सुविधा उपलब्ध गराईएको, स्वेच्छिक तथा अनिवार्य अवकाश योजनाको लागि रकम उपलब्ध गराएको,

लामो समयसम्म खुद नोक्सानीमा संचालित संस्थाको नोक्सानी अपलेखन गर्न सरकारले स्वीकृति प्रदान गरेको दखिन्छ। साथै वोनस वितरण गर्नको लागि सम्भावित दायित्वको एकिन गरेर कोष खडा गरेको हुनुपर्ने,नेपाल सरकार वा नेपाल सरकार जमानत बसी लिएको ऋण भूत्तानी तालिका वमोजिम चुक्ता गरेको हुनुपर्ने व्यवस्था गरेको देखिन्छ।

माथि उल्लेख गरिएको सुधारका बावजुत पनि धेरै समस्याहरु रहेकोले सस्थान संचालनमा व्यापक सुधारको आवश्यकता देखिन्छ।

५. सार्वजनिक सस्थानको व्यवस्थापन गर्न भविष्यमा अवलम्बन गर्नु पर्ने सुधारको मार्ग चित्र

५.१ वर्तमान राष्ट्रिय, अन्तर्राष्टिय परिवेश तथा त्यसबाट श्रृजित आवश्यकता एवम सामाजिक आर्थिक स्थितिको विश्लेषणको आधारमा स्पस्ट सोच र नीति अवलम्बन गर्नुपर्ने – सरकार को संलग्नता आवश्यक पर्ने तथा नपर्ने क्षेत्रको स्पस्ट रेखाङ्कन गरी सरकारको भूमिका तोक्नु पर्ने। सरकार संलग्न रहने विधि तय गरी सो कार्यमा मात्र केन्द्रित हुने तथा सरकारको लगानीको मात्रा, क्षेत्र र समय निर्धारण गर्ने, समस्याग्रस्त प्रत्येक सस्थानको सम्पति, दायित्व बजारको सम्भावना आदि विषयमा अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय र सस्थानको टोली गठन गरी अलग अलग विस्तृत अध्ययन गराई पार्श्वचित्र तयार गर्ने, लगानी गर्दा बजार प्रवर्द्धन ,सेवा र वस्तुको विविधीकरण, क्षमता विस्तार एवम पूजी परिचालन हुने जस्ता क्षेत्रमा मात्र लगानी गर्ने दीर्घकालीन नीतिगत स्पष्टता र अडान हुनुपर्ने ,कार्यरत कर्मचारीहरुको सुविधा वृद्धि गर्दा स्पष्ट नीतिको आधार मा मात्र गर्ने। आर्थिक अवस्था कमजोर रहेको स्व – आर्जनको कुनै सम्भावना नरहेको तथा कोष बिनाको दायित्व लगायतको विषयमा नीतिगत स्पष्टता हुनुपर्ने र संस्थान स्थापना गर्दा नै सो को उद्धेश्य र प्रतिफलको सम्बन्धमा व्यापक विश्लेषण गरेर मात्र निर्णय लिनु पर्दछ।

५.२ सार्वजनिक सस्थान निर्देशन बोर्डलाई कानुनी , कार्यक्षेत्र,संरचनागत,प्रणालीगत र वोर्डबाट गरीने नियूक्तिमा सुधार–सार्वजनिक सस्थान निर्देशन बोर्डलाई कानुनी रुपमा सशक्त बनाउन ऐन जारी गर्ने, ऐन तत्काल जारी गर्न नसकिएमा कुनै ऐनमा आधारित भई वर्तमान गठन आदेशलाई प्रभावकारी वनाउने, पेशाविदहरु रहने स्थायी संयन्त्रको रुपमा विकास गरी संस्थान समन्वय अनुगमन र नियमनको प्रमुख जिम्मेवार निकायको रुपमा विकास गर्ने, होल्डीङ्ग कम्पनीको

अबधारणालाई मूर्तरुप दिन विज्ञ समुहबाट अध्ययन गराई अध्ययनबाट प्राप्त सुझावको आधार मा सुधारको थप उपायहरु अवलम्बन गर्नु वान्छनीय हुन्छ । अर्थ मन्त्रालयमा रहेको सस्थान समन्वय महाशाखाको सस्थागत क्षमता सुढृढीकरण गरी कार्यरत कर्मचारीहरुको स्थायित्वका लागि आवश्यक व्यवस्था मिलाउने र पेशागत व्यक्तिहरुलाई प्राथमिकता दिने र हरेक मन्त्रालयको सचिवहरुलाई मन्त्रालय मातहतको संस्थानहरुको कार्य सम्पादन, कार्य कुशलता र वित्तीय अनुशासन एवं जवाफदेहिता प्रति उत्तरदायी बनाउन कार्य सम्पादन करारमा यस विषयलाई समेत समावेश गरीनु पर्दछ ।

५.३ जनशक्ति व्यवस्थापनमा सुधार गरी दक्ष व्यवसायिक र उत्तरदायी बनाउने – संगठन र व्यबस्थापन सर्भे गरी कर्मचारीको संख्या ठिक्क आकारमा राख्ने, संस्थानको कार्य प्रतिफलको विश्लेषण गरी कर्मचारीको संख्यालाई उपयुक्त आकारमा राख्न अनिवार्य अवकाश र स्वेच्छीक अवकाश योजनालाई निरन्तरता दिने ।कर्मचारीहरुलाई आधुनिक प्रविधि प्रक्रिया र कार्य विधिसंग अभ्यस्त बनाई उत्पादकत्व र व्यवसायिक क्षमता वृद्धि गरी प्राविधिक र व्यवस्थापकिय तालिम संचालन गर्ने,मिल्दो जुल्दो प्रकृतिको संस्थानको कर्मचारीको सुविधामा एकरुपता ल्याउने एवम कर्मचारीले गरेको कामको आधारमा पुरस्कार एवम प्रोत्साहन उपलब्ध गराउन स्पष्ट कार्य सुचक र कार्य विवरण सहितको कार्य सम्पादन करार गराउने व्यवस्था हुनु पर्दछ । कर्मचारीको वृत्ति विकासलाई पुर्वानुमानयोग्य र निस्पक्ष बनाउन पारदर्शी सुचकको व्यवस्था गर्ने , आचार संहिता सहितको नीतिगत दीर्घकालीन व्यवस्था गर्ने, ट्रेड युनियनको कार्य क्षेत्र संचालन विधि व्यवस्थापन संगको सम्बन्ध पेशागत हक हितको उठान गर्ने प्रक्रिया र शैली, सामाजिक सम्वाद र सामुहिक सौदावाजी जस्ता विषयमा एकरुपता कायम गर्दै ट्रेड युनियनको भावना र आर्दश बमोजिम कर्मचारीको हक अधिकारको संरक्षण र संगठनको उदेश्य प्राप्तिमा सहयोग पुर्याउन निर्वाचनको निश्चित अवधि तोकी नियमित चुनावको गयारेन्टी गरीनु पर्दछ ।

५.४ सार्वजनिक हितको क्षेत्र तथा सेवा प्रवाहको अवस्थालाई ध्यान दिई सुधार– सार्वजनिक हितको क्षेत्र तथा सेवा प्रवाहको वैकल्पिक व्यवस्था रहे नरहेको एवम सहश्राब्दी विकास लक्ष्य र गरिबी निवारणमा पुर्याउने योगदान तथा क्षेत्रीय सन्तुलन र समावेशी वितरणमा पुरयाउने योगदान तथा

क्षेत्रीय सन्तुलन र समावेशी विकासको प्रवर्द्धन गर्दछ गर्दैन ध्यान दिने,सर्वसाधारणको दैनिक जिवनयापनमा पर्ने असर र प्रभावको सम्बन्धमा मानवीय सम्वेदना र मानव अधिकारको संरक्षणको विषय, बजारमा एकाधिकार, सिण्डीकेट र कार्टेलिङ्गलाई न्यूनीकरण गर्ने एवम राष्ट्रिय छवि प्रवर्द्धन गर्ने र राज्य प्रति जनविश्वास अधिवृद्धि गर्ने विषयमा ध्यान पुर्याउनु पर्दछ ।

५.५ संरचनागत सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी र मितव्ययी बनाउने –सरकारको स्वामित्वमा रहेको विभिन्न संचार माध्यमहरुलाई थप योगदान पुर्याउन सक्ने गरी एकिकृत रुपमा संचालन गर्ने उदाहरणको लागि नेपाल टेलिभिजन र रेडियो नेपालको एकिकरण गरी राष्ट्रिय प्रशारण प्राधिकरण बनाउने । नेपाल विधुत प्राधिकरणलाई उत्पादन, प्रशारण र वितरण गरी ३ वटा अलग अगल कम्पनीमा रुपान्तरण गर्ने,व्यवसायिक रणनीतिक साझेदारी मार्फत निजी क्षेत्रलाई प्रवेश तथा कृषिजन्य वस्तु उत्पादन, वितरणमा सहकारीकरणलाई जोड दिने,मिल्दो जुल्दो प्रकृतिको संस्थानहरु लाई एक आपसमा गाभ्ने (एन.आई.डि.सी र राष्टिय वाणिज्य बैक) तथा समान प्रकृतिको सेवा वितरण गर्ने सस्थानहरुलाई छाता संगठनको रुपमा एकिकरण गरी सञ्चालन गर्ने, सार्वजनिक सस्थान उपर सरकारी नियन्त्रण र स्वायत्तत्ताको स्पष्ट रेखा निर्धारण गर्ने, राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गर्ने, शेयर विनिवेश गर्दा जनता केन्द्रित गर्ने, सबै संस्थानहरुमा एकै प्रकारको नीति अवलम्बन नगरी विशिष्टिकरण ढंगले व्यवहार गरीने नीति लिइनु पर्दछ ।

५.६ वित्तीय व्यवस्थापनमा सुदृढीकरण ,आर्थिक अनुशासन र जवाफदेहिता कायम गर्नु पर्ने–

सम्पूर्ण सस्थानहरुको व्यावसायिक योजना तर्जुमा गरी बजेट र कार्यक्रमलाई वैज्ञानिक, सहभागितामुलक र पारदर्शी बनाउने, महत्वपूर्ण र ठुला कारोबार भएको संस्थानहरुमा नेपाल वित्तीय प्रतिवेदन प्रणाली प्रयोग गर्ने,आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन आन्तरिक लेखा परीक्षणबाट प्राप्त सुझावहरु र उठान भएको विषयहरुलाई व्यवस्थित गर्ने,उच्च व्यवस्थापन तह र लेखा प्रशासनमा संलग्न कर्मचारीहरुको आचार संहिता बनाई लागु गर्नेतर्फ ध्यान पुरयाउनु पर्दछ ।

५.७ निजीकरण सम्बन्धि नीतिमा समय सापेक्ष सुधार गरी संस्थान सुधारको मुख्य औजारको रुपमा प्रयोग गर्नुपर्ने – राजनितिक दलहरुको बिचमा साझा अबधारणा निर्माण गरी निजीकरण ऐन २०५० मा आवश्यक संसोधन गर्ने र निजीकरण समितिलाई पेशाविदहरुको संगठनको रुपमा परिणत गर्ने, निजीकरण अवरुद्ध कार्य सुचार ढंगले अगाडी बढाउने, सस्थानको छनौट सस्थानको सम्पति/ दायित्वको मुल्याङ्कन निजिकरणको विधि हस्तान्तरण प्रक्रिया निजिकरण पश्चातको सरकारको दायित्व एवम भूमिकाको बारेमा समिक्षा गरी पारदर्शी र जवाफदेहि पद्धतिको विकास गर्ने, निजी क्षेत्रको विकास गर्न सरकार प्रयत्नशील रहने,निजीकरणको सम्बन्धमा सर्म्पुण पक्षको अध्ययन गरी भविष्यमा अवलम्बन गरीनु पर्ने नीति कार्यक्रमहरुको रुपरेखा तयार गरीनु पर्दछ ।

५.८ कार्य प्रणाली र कार्य पद्धतिमा समय सापेक्ष सुधार गर्ने – संस्थानको काममा गुणस्तरीयता ल्याउन नया प्रविधि र प्रणालीको विकास गर्ने,प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्न तालिम अवलोकन भ्रमण र उत्प्रेरणाको औजार प्रयोग गर्ने,सस्थागत सुशासनको प्रवर्द्धन गरी राजनितिक हस्तक्षेपको अन्त्य गर्ने, सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहमा सुधार गर्ने,व्यावसायिक चिन्तनको विकास गर्ने, संस्थान खारेजी प्रक्रियामा सुधार गर्ने, बेरुजु व्यवस्थापन गर्न विषेश जोड दिन प्रभावकारी कर्मचारी व्यवस्थापनको नीति तय गर्ने, विकास समिति गठन नगरी वर्तमान सरकारी संरचनाबाटै कार्य सञ्चालन गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

५.९ अनुगमन/ मुल्याङ्कन प्रणालीको जिम्वेवार निकाय तोक्ने – नतिजामा आधिरित सुचकहरु तयार गरी अनुगमन शाखालाई श्रोत साधनले सम्पन्न बनाई अनुगमनलाई निरन्तरता दिने, सार्वजनिक संस्थानको सञ्चालन त्यहाबाट भैरहेको निर्णय जनतामा पुगेको सेवा वितरणको अवस्था, दीर्घकालीन दायित्व श्रृजना जस्ता विषयमा अनुगमन मुल्याङ्कन ,अनुगमनबाट प्राप्त पृष्ठपोषण लाई सुधारको मार्गदर्शनको रुपमा लिने, सुधारलाई निरन्तरता दिने, तेश्रोपक्ष लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षण,क्षमता उपयोग लेखापरीक्षण गरी जनताको जिवनयापन र जीवनस्तरमा पारेको प्रभावको आधारमा कार्य सञ्चालन गर्ने नीति बनाउनु पर्दछ ।

५.१० कार्यसम्पादन करारलाई अनिवार्य बनाउर्ने –कार्य सम्पादन करारका पक्षहरुले एक पटक सहमति

जनाई सकेपछि त्यसको कार्यान्वन, अनगमन, मूल्याङ्कन पुरस्कार र दण्ड सबै क्रियाकलापहरु सम्पन्न गर्नको लागि क्रमिक रुपमा चरणवद्ध तवरले कार्यान्वयन गर्दै जाने, संगठनको उद्धेश्य र कार्य मा सुस्पष्टता, पदाधिकारीको कार्य विबरण लागु, मुख्य नतिजाको क्षेत्रहरु पहिचान, मुख्य सम्पादन लक्ष्यको पहिचान गरी लक्ष्य निर्धारण गरी परिसुचकलाई निश्चित भार प्रदान गर्नुपर्ने, आवश्यक साधन श्रोत र अनुकुल कार्य वातावरणको सुनिश्चतता गरी कार्य सम्पादन प्रगतिको मापन र मूल्याङ्कन गर्नुपर्दछ। तत्पश्चात पुरस्कार र दण्ड प्रणालीको विकास गरीनु पर्दछ। साथै आफै धानिन सक्ने संस्थाको हकमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्नु पर्दछ।

६. निष्कर्ष

सुधार एकै पटक गर्न सकिने विषय नभएकोले निरन्तर ढंगले सुधारलाई जारी राख्नु पर्दछ। माथी उल्लेख गरिएको सुधारको खाका महत्वपुर्ण रहेको छन्। तसर्थ सार्वजनिक संस्थान सञ्चालनको स्पष्ट सोच र नीति बनाउने, निजीकरण ऐनमा समसामयिक संशोधन गर्ने, उच्च व्यवस्थापन तहमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट पदपूर्ति गर्ने, प्रत्येक संस्थाको अनुगमन र सुपरीवेक्षण गराउने, ट्रेड युनियनलाई सकारात्मक एवम मर्यादित भई संस्थाको गरीमा वृद्धि गरी कामदारको हितमा प्रस्तुत हुन आग्रह गर्ने , लेखा परीक्षणबाट प्राप्त सुझाबहरुलाई पालना गर्ने पक्षहरुमा ध्यान पुर्याउन सकेमा सार्वजनिक संस्थान सुधारको बाटो अगाडी बढ्नेछ।

सन्दर्भ सामग्री

- नेपालको संविधान २०७२
- आर्थिक सर्वेक्षण २०७२।०७३
- आर्थिक वर्ष २०७३।०७४ को बजेट वक्तव्य
- सार्वजनिक संस्थानको वार्षिक आर्थिक स्थिति समिक्षा २०७३
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७२
- अर्थ मन्त्रालयको वेभसाइट

नेपालमा वैदेशिक सहायताको महत्व –समस्या तथा सुझाब



✍ **गम्भीर बहादुर हाडा**
सह-प्राध्यापक,अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

परिचय

एक राष्ट्रले अर्को राष्ट्रलाई सहयोग स्वरूप प्रदान गरिने कुनै पनि वस्तु वा सेवालाई वैदेशिक सहायता भनिन्छ । तर आर्थिक परिभाषाअनुसार आर्थिक रूपले कम विकसित देशलाई सक्षम राष्ट्रहरूले आर्थिक तथा सामाजिक विकासको लागि दिइने आर्थिक तथा प्राविधिक सहयोग नै वैदेशिक सहायता हो । सहायता राष्ट्रभित्र एक देशबाट अर्को देशलाई दिईने व्यापारमा छुट सहुलियत व्याजको ऋण अनुदान, सामान, एक देशबाट अर्को देशमा गरिने लगानी प्राविधिक सहयोग लगायत एक देशबाट अर्को देशको भलाईको लागि गरिने सम्पूर्ण आर्थिक क्रियाकलापहरू अंगालेको हुन्छ । तर यहाँ सहायता अन्तर्गत अनुदानको रूपमा प्राप्त हुने वैदेशिक सहायता र ऋणको विषयमा चर्चा गरिने छ । कुनै पनि देशमा विकासका गतिविधिहरू सञ्चालन गर्न चाहिने स्रोत, साधन र जनशक्ति जुटाउने काममा सहयोग पुऱ्याउने कुरा नै वैदेशिक सहायता हो । देशको भौगोलिक घेराभन्दा बाहिर निर्मित पूँजी देशभित्र आयात गरिन्छ भने यस्तो पूँजीलाई (क) वैदेशिक सहायता (ख) वैदेशिक लगानी । वैदेशिक लगानी पनि दुई किसिमका छन् । (क) प्रत्यक्ष लगानी (ख) अप्रत्यक्ष लगानी । विदेशी सहयोगको क्रममा आउने अर्को परिभाषित पक्ष अनुदान र प्राविधिक सहयोग पनि हो । अनुदानमा विना सेवा वा ब्याज सहयोग प्रदान हुन्छ । धनी र सम्पन्न राष्ट्रले गरीब राष्ट्रलाई आर्थिक सहायता दिने चलन द्वितीय विश्वयुद्ध पछि श्री गणेश भएको मानिन्छ । विकासोन्मूख वा अविकसित राष्ट्रहरूको आर्थिक विकासको निमित्त सहायता उपलब्ध गराउन अर्न्तराष्ट्रिय संस्थाहरू खडा गरिए र तिनीहरूको माध्यमबाट समेत बैदेशिक सहायता प्रदान हुन्छ । उदाहरणको लागि

संयुक्त राष्ट्रसंघसंग सम्बन्धीत विश्व बैंक, आई.एम.एफ. ईत्यादि हुन् । अर्को प्रकारको राष्ट्र विशेषले प्रदान गर्ने आर्थिक सहायता जस्तै मित्र राष्ट्र भारत, अमेरिका, चीन, बेलायत आदिबाट नेपाललाई उपलब्ध गराइएका आर्थिक सहायता इत्यादि ।

आर्थिक विकासको लहर आएको बेलादेखि नै विदेशी सहायताको प्रादुर्भाव भएको देखिन्छ । तर नेपालको आर्थिक विकासमा विदेशी सहायताको भूमिका पञ्चवर्षीय योजना पूर्व देखिएन । योजना (२०१३-२०१७) देखि मात्र नेपालको आर्थिक विकासमा विदेशी सहायताको भूमिका सुरु हुन्छ । वैदेशिक ऋणको उपयोग गरिएका आयोजनाहरूको अध्ययन गर्दा अर्थव्यवस्थाका विभिन्न पक्षहरूमा प्रभाव पार्ने खालका देखिन्छन् । उपयोगको ढाँचालाई हेर्दा सबभन्दा बढी रकम यातायात, विद्युत र सञ्चारमा खर्च भएको देखिन्छ भने सिंचाई, कृषि र खानेपानी आयोजनामा पनि उल्लेखनीय ऋण रकम खर्च भएको मान्नुपर्दछ । विदेशी सहायता विभिन्न प्रकारका हुन्छन् । अनुदान, ऋण, प्राविधिक परामर्श, वैज्ञानिक उपकरण, प्राविधिक उपकरण, प्राविधिक प्रशिक्षण आदि विदेशी सहायताका विभिन्न रूप हुन् । यिनमध्ये जुनसुकै प्रकारको भएपनि नेपालको आर्थिक विकासको निमित्त विदेशी सहायता अत्यन्त महत्वपूर्ण भएको छ ।

वैदेशिक सहायता सम्वन्धि अवधारणाहरु	
यथार्थवादी (realist)	• वैदेशिक सहायता वास्तवमा व्यवहारिक कूटनीतिको औजार संयन्त्र हो । • दाता राष्ट्रहरुको बद्दो सुरक्षा र साम्यवाद तथा आतकंवादको प्रलोभन हटाउने माध्यम वैदेशिक सहायता हो । • राजनीतिक शक्तिको औजारको रुपमा वैदेशिक सहायता रहेको छ र रहिरहने छ (-हान्स मोर्गेन थाउं)
मार्क्सवादी (marxist)	• धनी राष्ट्रहरुले गरीब राष्ट्रहरुमाथि प्रभाव जमाउने औजार वैदेशिक सहायता हो । • पूँजीवादको विस्तार गर्ने भरपर्दो साधन वैदेशिक सहायता हो ।
उदारवादी (liberalist)	• अन्तर निर्भरता र विश्वव्यापीकरणका समस्याहरुलाई सम्बोधन गर्न सहयोग गर्ने औजार माध्यम वैदेशिक सहायता हो ।
सुधारवादी (constructive)	• धनी राष्ट्रले गरीब राष्ट्रका जनताको जीवनस्तर सुधार गर्न मद्दत गर्नका लागि वैदेशिक सहायता उपलब्ध गराउनुपर्दछ ।

आन्तरिक साधनको राम्रोसँग परिचालन नभएसम्म कुनै पनि देशको आर्थिक विकासको लागि विदेशी सहायता आवश्यकता पर्छ । यिनै देश स्वावलम्बी नबनेसम्म विदेशी सहायताको उपयोग आवश्यकता पर्छ । तर सँधै विदेशी सहायताको मात्र भर परिरहेमा राम्रो हुँदैन । बाह्य लगानीलाई बढी आकर्षित गर्न हामीले

आफ्नो साधन र क्षमता पनि बढाउँदै लैजानु परेको छ । हामी पूरा वैदेशिक सहयोग मै निर्भर गर्नेतर्फ लाग्यो र आन्तरिक साधनको परिचालन गर्ने दिशामा सन्तोषजनक प्रयास भएको दाता मुलुकहरूले अनुभव गर्न सकेनन् भने वाह्य सहयोग बढ्दै जानुको साटो घट्दै जाने बढी सम्भावना हुन्छ । वैदेशिक सहयोगको महत्व तथा यसको सफल प्रयोग त्यसबेला हुन जान्छ जब यसबाट आन्तरिक साधनको बढी परिचालन गर्ने आर्थिक क्रियाकलाप मुलुक मै बढ्न जान्छन् । जसले गर्दा वाह्य सहयोगको परिमाण क्रमशः कम हुन जान्छ । तर आजसम्म विदेशी सहायताबाट खास गरेर पूर्वाधारहरूको विकास गर्ने आयोजनाहरूमा नै बढी प्रयोग गरिएको पाइन्छ । जसको प्रभावहरू यति थोरै समयमा निर्धारित गर्न सकिन्न र जसको असर ठोस रूपमा तुरुन्त भन्न सकिन्न ।

वैदेशिक सहायता सम्बन्धी शिद्धान्तहरु	
सिद्धान्त	**आशय**
परिपूर्ति सिद्धान्त (supplementary thory)	• बचत र लगानी बीचको खाडल पूर्ति गर्न, निर्यात आयातबीचको खाडल पूर्ति गर्न, प्रविधिकको खाडल पूर्ति गर्न आदिका लागि सहयोग परिचालन गरिन्छ भन्ने सिद्धान्त ।
विस्थापन सिद्धान्त (displacement theory)	• Local initiative समाप्त पार्न, aid addiction बढाउन, dependency syndrome बढाउन, substitution effect सिर्जन गर्न सहयोग परिचालन हुन्छ भन्ने सिद्धान्त ।
क्षतिपूर्तिसिद्धान्त (compensation theory)	• विकासोन्मुख मुलकबाट braindrain गराए वापत त्यसको क्षती पूर्ति गर्नका लागि सहयोग परिचालन हुन्छ भन्ने सिद्धान्त
परनिर्भरतासिद्धान्त (dependency theory)	• सहयोग दिने राष्ट्रप्रती परनिर्भरता बढाउन सहयोग दिइन्छ भन्ने सिद्धान्त ।

आर्थिक विकासमा वैदेशिक सहायताको आवश्यकता तथा महत्वः

आजको विश्वमा सबैभन्दा विकसित मुलुक संयुक्त राज्य अमेरिकाले पनि प्रायः सबै युरोपेली मुलुकहरूबाट बाह्य स्रोत प्राप्त गरेका छन् । जलस्रोत, प्राविधिक ज्ञान र वित्तीय साधन बोकेर लाखौं लाख युरोपबाट अमेरिकामा प्रवास गएका जनता कै प्रयत्नबाट मुख्य रूपले संयुक्त राज्य अमेरिकाको विकास भएको हो । विश्वमा औद्योगिक क्रान्तिको सुरुवात गरी विश्वमा आर्थिक विकास र औद्योगीकरणको मुल फुटाउने बेलायत (संयुक्त अधिराज्य) ले पनि एशिया, अफ्रिका, अष्ट्रेलिया र अमेरिकाबाट वित्तीय र भौतिक साधन भित्र्याउन पाएकोले नै औद्योगीकरणको प्रणेताको रूपमा त्यसको अभ्यूदय भएको हो । इतिहासको पाना पल्टाउने हो भने सोभियत संघले पनि १० औं शताब्दीमा युरोपबाट आएका दक्ष श्रम र पूँजीको भरमा नै आर्थिक विकासका पूर्वाधारहरू खडा गरेर विकास गर्न सक्षम भएको कुरा उल्लेख भएको हामी पाउँछौं । तसर्थ विदेशी सहायता लिनु देशको आर्थिक कमजोरी सिद्ध गर्नु हो र यसले देशलाई विदेशीको दास बनाउँछ

भन्ने आलोचना तर्कपूर्ण देखिदैन । आर्थिक विकासको दरलाई अगाडि बढाउन पूँजीको मात्रामा पनि वृद्धि गर्नुपर्छ । नेपालको आर्थिक विकासमा साधनको संकलन, परिचालन र विभिन्न प्रकारका आधुनिक प्रविधिको लागि पूँजीको आवश्यकता पर्दछ जुन विदेशी पारिवत्यै मुद्राबाट प्राप्त गर्न सकिन्छ । साथै नेपालको व्यापार र भुक्तानीमा सन्तुलन नहुनाले आवश्यकतालाई पूरा गर्न वैदेशिक सहायता अपरिहार्य छ । चीनले पनि क्रान्ति पछि वैदेशिक सहायता लिएको हो । बीचमा गएर आत्म निर्भरताको नीति अवलम्बन गरेको छ । द्वितीय विश्वयुद्धमा ध्वस्त भएको युरोपेली पुनर्निर्माणमा संयुक्त राज्य अमेरिकाको आर्थिक सहायताको पनि कम देन छैन ।

नेपालमा प्रचुर मात्रामा जल विद्युत शक्ति र प्राकृतिक साधनहरू छन् । तर पूजीको अभावले गर्दा पर्याप्त मात्रामा उपयोग गर्न सकिएको छैन । यसको लागि पनि विदेशी पूँजी या सहायताको आवश्यकता पर्दछ । यातायात, सञ्चार, शक्ति, उद्योग, कृषि, स्वास्थ्य, शिक्षा, खानी, वनजंगल आदि क्षेत्रमा आर्थिक विकास गर्न नेपालमा विदेशी पूँजी कै जरुरत पर्दछ । नेपालमा आर्थिक विकासको सन्दर्भमा प्रचलित विषम चक्रलाई हटाउन आवश्यक छ । न्यून प्रतिव्यक्ति आय देखि न्यून बचत दरको स्थिति विदेशी पूँजी आवश्यक हुन्छ । विदेशी पूँजीबाट आर्थिक विकासको गति तीब्र हुन्छ र देशको पूँजीगत साधन र उत्पादन शक्तिमा वृद्धि हुन जान्छ, जसबाट विदेशी पूँजीको मुल धन र ब्याज चुकाउन सकिन्छ । नेपालको औद्योगिक विकास गर्न मेशीन, कच्चामाल र अरू पूँजीगत सामान किन्नको लागि विदेशी मुद्राको आवश्यकता पर्दछ । तर त्यसको आयातको लागि हामीसँग निर्यात गर्ने साधनहरू कम भएकोले विदेशी मुद्राको पनि कमी हुन गएको छ ।

विदेशी पूँजीबाट देशको स्थायी सम्पत्ती बढ्छ, जस्तो सिंचाईको साधन, यातायात, उद्योगहरू आदि । यसको निर्माणबाट राष्ट्रिय आयमा वृद्धि भएर देशको औद्योगीकरणमा सहायता मिल्छ । विदेशी पूँजीबाट उत्पादनको नयाँ तरिका र प्रविधिको जानकारी पनि देशलाई प्राप्त हुन्छ र देश यस क्षेत्रमा अरू देशसँग प्रतिस्पर्धा गर्न सक्छ । नेपालजस्तो विकासोन्मुख देशका लागि खासगरेर वैदेशिक सहायताद्वारा प्राप्त हुने लाभ तथा महत्वहरू छोटकरीमा निम्नलिखित रूपबाट विवेचना गर्ने कोसिस गरिएको छ । जस्तो :-

(१) **लगानी र बचतको दर बढाउनु:** आर्थिक विकासको लागि सर्वप्रथम लगानी र बचतको दर वृद्धि गर्नुपर्छ । वैदेशिक सहायताले स्वदेशी बचतको कमीलाई परिपूर्ति गरेर लगानी दरलाई बढाई देशको आर्थिक विकास गर्दछ । विदेशी सहायताको अभावमा स्वदेशी बचतद्वारा लगानी कम भई देशको आर्थिक विकास

हुन सक्दैन ।

(२) **शोधनान्तर स्थिति हटाउन:** देशमा भिकाउनु पर्ने उपकरणहरू बढ्दै गएको छ भने अर्कोतिर हाम्रो निर्यात र निर्यात योग्य वस्तुहरू कम हुँदै गएकोले विदेशी विनिमय र शोधनान्तर स्थितिको समस्या उत्पन्न भएको छ । विदेशी आर्थिक सहायताले यो समस्यालाई निराकरण गर्दछ ।

(३) **प्राविधिक सहायता:-** वैदेशिक आर्थिक सहायता अन्तर्गत मित्र राष्ट्रहरूबाट विभिन्न आधुनिक औजार र उपकरणहरूका अतिरिक्त प्रशिक्षण एवं अनुसन्धानको व्यवस्था विशेषज्ञहरूको सेवा सल्लाहकार आदिमा सहयोग पनि प्राप्त गरेको छ । यसले नेपालको आर्थिक विकासमा निकै ठूलो टेवा हुन लागेको छ । सहायता, दक्ष सेवाहरूको व्यवस्था, शिक्षण तथा प्रशिक्षण संस्थाहरूको स्थापना, यान्त्रिक ज्ञान बढाउनको साथै व्यावहारिक तालिम दिनु आदि क्षेत्रमा वैदेशिक सहायताको भूमिका अद्वितीय मानिन्छ ।

(४) **प्राकृतिक साधनहरूको शोषण:-** पूँजीको अभावले गर्दा नेपालमा प्रचुर मात्रामा प्राकृतिक साधनहरूको उपयोग गर्न सकेको छैन । विदेशी पूजीको सहायताबाट प्राकृतिक साधनहरूको समुचित उपयोग गरेको आर्थिक विकासको प्रकृया हालै तीव्र गर्न सकिन्छ ।

(५) **रोजगारमा र जीवनस्तरमा सुधार:-** विदेशी पूँजीको आगमनबाट नयाँ नयाँ उद्योगहरूको स्थापना हुन्छ, जसबाट रोजगार, उत्पादन र आयमा वृद्धि हुन्छ । राष्ट्रिय आय र प्रतिव्यक्ति आयमा वृद्धि भएमा मानिसहरूको रहन सहन पनि उन्नति हुन जान्छ ।

(६) **मुद्रा स्फीतिमा रोक:-** पर्याप्त मात्रामा विदेशी पूँजी र सहायता उपलब्ध भएमा राष्ट्रको आर्थिक विकास हेतु मुद्रा प्रसारको सहायता लिनु पर्दैन ।

(७) **आर्थिक स्थिरताको प्रोत्साहन:** विदेशी पूँजीको उपलब्ध भएमा आर्थिक विकासको गति तीव्र हुन जान्छ जसबाट अर्थव्यवस्था सुदृढ हुन जान्छ ।

(८) **विदेशी उपनिवेसकर्ताहरूलाई लाभ:-** आफ्नो पूँजीलाई नेपाल जस्तो विकासोन्मुख देशमा निर्यात गरेर विदेशी उपनिवेसकर्ताहरूलाई पनि लाभ प्राप्त हुन्छ । एक त यसले उत्पादक उद्योगहरूमा उपनिवेश गरेर लाभार्जन गर्दछ । दोस्रो कच्चा मालको नेपाल जस्तो विकासोन्मुख देशमा अधिकता हुन्छ । तर विकसित देशमा कमी हुन्छ । पूँजीको बदला कच्चा मालको निर्यात गरेर विकसित राष्ट्र आफ्नो उद्योगहरूलाई विकास गरि नै रहन्छ । यस प्रकार, उपरोक्त सबै वर्णनहरूबाट स्पष्ट हुन जान्छ कि नेपालको आर्थिक विकासमा वैदेशिक सहायताको निकै आवश्यकता र महत्व छ भन्ने कुरामा कसैको दुईमत हुँदैन होला ।

(९) **विविध** : न्यून आन्तरिक बचतको पूर्तिमा सहयोग पुऱ्यायी आन्तरिक बचतमा अभिबृद्धि गर्न । वित्तिय साधनको परिचालनद्धारा विकासको गति तीब्र पार्न, । प्रथामिकता क्षेत्र निर्धारण गरी साधनको परिचालनद्धारा आर्थिक बृद्धिदर सुधार गर्न, । विकास गतिविधिमा चुस्तता प्रदान गर्न एवं प्रथामिकता प्राप्त क्षेत्रको पहिचान गरी तीक्षेत्रहरुमा सहायता रकम लगानी गर्न । प्रतक्ष्य बैदेशिक लगानी मार्फत पुँजीको अन्तराष्ट्रियकरण गर्न एव निजीक्षेत्रको लगानीका लागि उपयुक्त वातावरण निर्माण गरी नीजि क्षेत्रलाई विकासको मूल प्रवाहमा समाहित गर्न । समष्ठिगत आर्थिक नीतिको पुनरावलोकन गरी आवश्यकता अनुसार आर्थिक नीति सुधार गर्न । प्रविधिको पहिचान, आत्मसाथ एव अबलम्बन मार्फत् राष्ट्रिय उत्पादकत्व अभिबृद्धिगरी गरिबी निवारणको लागि आधार तय गर्न, । उपलब्ध स्रोत र साधनको महत्तम परिचालन गरी क्षमतामा अभिबृद्धि गर्न, । प्रत्यक्ष रोजगारी मार्फत् गरिबी निवारणमा सहयोग पुऱ्याउन, । संरचनात्मक सुधारका लागि आवश्यक दिशाबोध गर्न, । सहस्राब्दी विकास लक्ष्य हासिल गरी गरिबी र असमानता कम गर्न ।

बैदेशिक सहायता लिने कारण

राज्यले बैदेशिक सहयोग लिने गर्दछ यसका कारणहरु देहायमा उल्लेख गरिएको छ ।

१ बचतको सीमितता

राज्यले जनताको हितकोलागि गर्नुपर्ने असिमीत कार्यसम्पादन गर्न अर्थतन्त्रसंग पर्याप्त बचत हुदैन । अत बचत र लगानी वीचको खाडल पुरागर्न बैदेशिक सहायता लिनु पर्दछ ।

२ बैदेशिक मुद्रा ब्यापारको सीमितता

राज्यले निर्यातको तुलनामा आयात बढी गरेमा बैदेशिक मुद्रा सीमित हुदै जान्छ । बैदेशिक मुद्राआर्जन र खर्चबीचको खाडल पुरा गर्न बैदेशिक सहायता लिनुपर्ने हुन्छ ।

३ विश्व भाइचारा वाध्यात्मक सम्झौताहरु

विश्वमा आर्थिक, सामाजिक, राजनैतिक सम्बन्ध बढाउन र विश्वव्यापीकरण संगैसिर्जना भएका अवसरलाई उपयोग गर्न एव चुनौतिलाई सामाना गर्न थप कार्य गर्नुपर्ने भएकोले त्यसका लागि पनि सहयोग लिनु पर्दछ ।

अर्थशास्त्री क्यारोल लेन्चेष्टरको विचारमा वैदेशिक सहायताका उद्देश्यहरु	
कूटनीतिक उद्देश्य	अर्न्तराष्ट्रिय सुरक्षा, अर्न्तराष्ट्रिय राजनीति लक्ष्य, सरकार-सरकार वीचको सम्वन्धको व्यवस्थापन गर्ने
विकासमूलक उद्देश्य	आर्थिक एवम् सामाजिक विकास गरी गरिवी घटाउने
मानवीय उद्देश्य	मानवको दैनिक आवश्यकता पूरा गर्ने र द्वन्द्व दैवी प्रकोप, भोक मरी आदिमा सहयोग एवम् सामाजिक गतिविधि सञ्चालन गर्ने
व्यापारिक उद्देश्य	देशको व्यापारिक क्षेमता बढाउनेः- व्यापार, निर्यात, उत्पादन आदि ।
सामाजिक एवम् सांस्कृतिक उद्देश्य	दुई देशबीच सामाजिक सांस्कृतिक मूल्य मान्यता, ज्ञान, सीप, कार्य संस्कृति साटासाट गर्ने, explosure visit, छात्रवृत्ति, ऐतिहासिक सांस्कृतिक उत्थान अन्वेषण गर्ने आदि ।

बैदेशिक सहायताका प्रकारहरु

बैदेशिक सहायताका प्रकारलाई मुख्यतया ऋण सहायता, अनुदान सहायता, वस्तुगत सहायता, प्राविधिक सहायता, द्विपक्षीय सहयोग र बहुपक्षीय सहयोग गरी विभिन्न प्रकारमा बर्गिकरण गरेतापनि सहयोग को प्रकृति, प्राप्त गर्ने आधार आदिका दृष्टिकोणले सहयोगको विभिन्न प्रकारमा बर्गिकरण गर्न सकिन्छ ।

क) आयोजना सहयोगः-आयोजना सहयोग कुनै निश्चित आयोजनाका लागि दिइन्छ ।

ख) कार्यक्रम सहयोगः- कुनै निश्चित क्षेत्रका लागि दिइने सहयोग ।

ग) बजेटका लागि सहयोगः- सहयोग प्राप्त गर्ने देशको आर्थिक प्रणालीमा आबद्ध भई आउने एक प्रकार को कार्यक्रम सहयोग ।

घ) स्वतन्त्र सहयोगः- स्वतन्त्र सहयोग प्राप्त गर्ने राष्ट्रको छनौट अनुसार खर्च गर्नदिने सहयोग ।

ङ) खाद्य सहयोगः- खाद्य संकटको व्यवस्थापन गर्न यस्तो सहयोग आउने गर्दछ ।

बैदेशिक सहायताको प्रभावकारी व्यवस्थापन र अपेक्षित प्रतिफल प्राप्तीका लागि मूलत पेरिस घोषणाको प्रतिबद्धता पछि दातृ निकाय तथा नेपाल सरकारवाट केही प्रयास भएका छन् । ती प्रयासहरु, निम्नानुसार छन् ।

१. आर्थिक कार्यविधिहरु संसोधन गरिएका छन् ।
२. अर्न्तराष्ट्रिय स्तर र मापदण्ड अनुरुपको सार्वजनिक खरिद ऐन, २०६३ र ऐनको नियमावली, २०६४ जारी भएका छन् ।

३. सार्वजनिक वित्तिय व्यवस्थापनमा सुधार भएको छ। विश्व बैंक, नेपाल सरकार, डी एफ आई डी का बीचमा नियमित अर्न्तक्रिया हुने गरेको छ। (NPPR को व्यवस्था)

४. नेपाल विकास मञ्च र दाता र सरकारका प्रतिनिधि बीच संयुक्त छलफल र समझदारी भएका छन्।

५. प्रधानमन्त्री कार्यालय अर्न्तगत सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना गरिएको छ। भने E– Bidding system लागू गरिएको छ।

६. लेखा परिक्षण तथा प्रणालीमा सुधार गरिएको छ।

७. बजेट प्रणालीमा सुधार तथा योजना र बजेटबीच तालमेल मिलाउने परिपाटीको विकास भएको छ।

८. निजामति कार्यपद्धतिको जवाफदेही बनाइएको छ। निजामती सेवा ऐनमा सामसामयिक संशोधन गरिएको छ। सुशासन ऐन २०६४ जारी भएको छ। सम्पति सुद्धिकरण ऐन २०६४ लागु भएको छ। नेपाल राष्ट्रबैकले यस सम्बन्धमा नियमन गर्ने कानुनी प्रबन्ध मिलाएको छ। अख्तियार दुरुप्रयोग अनुसन्धान आयोगको भूमिकालाई अझबढी क्रियाशिल बनाउने नीति अख्तियार गरिएको छ।

